www.janasawal.com
# जनसवाल
JANASAWAL NATIONAL DAILY
राष्ट्रिय दैनिक




वर्ष २०, अंक ४३, २०८३ असोज २३ गते शुक्रबार (नेपाल संवत ११४६) (Friday 9 October, 2026) मूल्य रू. ५/- पृष्ठ ८

# लम्बियो कांग्रेस महाधिवेशन
## मतदान आज बिहानदेखि शुरु हुने

काठमाडौं (जस)-नेपाली कांग्रेसको १५औं महाधिवेशन एक दिन लम्बिएको छ । नयाँ केन्द्रीय कार्यसमिति चयनका लागि बिहीबार हुने तय भएको मतदान मतपत्र छपाइमा भएको ढिलाइ र आवश्यक प्राविधिक तयारी पूरा नभएपछि शुक्रबारका लागि सारिएको हो । निर्वाचन समितिका संयोजक वरिष्ठ अधिवक्ता प्रेमबहादुर खड्काका अनुसार अब शुक्रबार बिहान ७ बजेदेखि मतदान सुरु हुनेछ । मतदानका लागि ज्येष्ठ मतदाताबाट प्रक्रिया सुरु गरी अपराह्न ३ बजेसम्म मतदान सञ्चालन गर्ने नयाँ तालिका तय गरिएको छ ।




निर्धारित समयअनुसार बिहीबार मतदान सुरु हुन नसकेपछि दिनभर महाधिवेशन प्रतिनिधिहरू मतदानको प्रतीक्षामा रहेका थिए । बिहानदेखि नै मतदानस्थलमा चहलपहल बढेको थियो । उम्मेदवार र उनीहरूका समर्थकले प्रतिनिधिसँग मत मागिरहेका थिए भने निर्वाचन समितिले मतदानको तयारी अघि बढाइरहेको थियो । तर मतपत्र छपाइ र अन्य प्राविधिक तयारी पूरा हुन नसकेपछि पटक-पटक मतदानको समय सारिएको थियो ।

निर्वाचन समितिका अनुसार २ ९७ पदका लागि ८५० जना उम्मेदवार प्रतिस्पर्धामा छन् । मतदानका लागि २३ डिजाइनका करिब २ लाख मतपत्र छापिएको छ । विभिन्न क्लस्टरका लागि छुट्टाछुट्टै मतपत्र आवश्यक पर्ने भएकाले मतपत्रको संख्या र डिजाइन धेरै भएको निर्वाचन समितिका सदस्य सचिव राजु कटुवालले बताएका छन् । मतदानका लागि खुलामञ्च, राष्ट्रिय सभागृह र नेपाल प्रज्ञा-प्रतिष्ठान गरी तीन स्थानमा व्यवस्था गरिएको छ । राष्ट्रिय सभागृहमा बागमती प्रदेशका महाधिवेशन प्रतिनिधिका लागि मतदान केन्द्र रहनेछ भने अन्य प्रदेशका प्रतिनिधिका लागि खुलामञ्चमा छुट्टाछुट्टै बुथ बनाइएको छ । निर्वाचन समितिका संयोजक खड्काका अनुसार एकपटकमा १५० देखि २०० जनासम्मले मतदान गर्न सक्ने व्यवस्था मिलाइएको छ । यसबाट लामो समयसम्म मतदान केन्द्रमा भीड नहुने र मतदान प्रक्रिया व्यवस्थित रूपमा अघि बढाउने समितिको तयारी छ । महाधिवेशन प्रतिनिधिको संख्या पनि पछिल्लो समय थपिएको छ । सुरुमा ७ हजार २५५ जना प्रतिनिधि रहेकोमा थप १२२ जनाको नाम समावेश भएपछि प्रतिनिधिको संख्या ७ हजार ३७७ पुगेको निर्वाचन समितिका सदस्य सचिव कटुवालले जानकारी दिएका छन् । कांग्रेसको १४औं महाधिवेशनमा ४ हजार ७४३ जना मतदाता थिए ।

कांग्रेसको नयाँ नेतृत्व चयनका लागि सभापतिमा गगन थापा र श्यामकृष्ण खड्गीबीच प्रतिस्पर्धा हुँदैछ । पदाधिकारी तथा केन्द्रीय सदस्यका लागि पनि ठूलो संख्यामा उम्मेदवार मैदानमा छन् । निर्वाचन समितिले बुधबार साँझ उम्मेदवारको अन्तिम नामावली सार्वजनिक गरिसकेको थियो । मतदानको समय सार्नुको कारणबारे निर्वाचन समितिले मतपत्र छपाइमा भएको ढिलाइसँगै रातिको समयमा मतदान गराउनु उपयुक्त नहुने सुझाव र सम्भावित प्रतिकूल मौसमलाई पनि आधार मानेको जनाएको छ । समितिका अनुसार मतपत्र छपाइ भई आइसकेको, जनशक्ति तथा स्वयंसेवक तयार रहेको र सुरक्षा व्यवस्थासमेत मिलाइसकिएको भए पनि निर्धारित समयमा मतदान सुरु गर्न सकिएन ।

महाधिवेशन एक दिन लम्बिएपछि प्रतिनिधिको थप एक दिनको काठमाडौं बसाइँ र खानपिन खर्च पनि पार्टीले व्यहोर्ने भएको छ । कांग्रेस कोषाध्यक्ष उमेश श्रेष्ठले प्रतिनिधिको थप एक दिनको आवास तथा खानपिन खर्च पार्टीले व्यहोर्ने जानकारी दिएका छन् । यसैबीच महाधिवेशनस्थलमा निर्वाचन आचार ▸▸ बाँकी पृष्ठ २ मा

# एमालेको राष्ट्रिय भेला मंसिर पहिलो हप्तामा हुने
## मंसिर २६ मा वडा र पुस ४ मा पालिका अधिवेशन गर्ने

काठमाडौं (जस)-नेकपा एमालेले मंसिर पहिलो हप्तामा राष्ट्रिय भेला आयोजना गर्ने निर्णय गरेको छ । बिहीबार बसेको स्थायी कमिटी बैठकको निर्णय सुनाउँदै उपमहासचिव लेखराज भट्टले मंसिरको पहिलो साता राष्ट्रिय भेला गर्ने निर्णय भएको जानकारी दिए ।

उनका अनुसार राष्ट्रिय भेलामा पार्टीका प्रदेश तथा जिल्ला पदाधिकारी, पालिका अध्यक्ष तथा उपाध्यक्षसहित संघ, प्रदेश र पालिकाका जनप्रतिनिधिहरू सहभागी हुनेछन् । उनले भने, 'अब मङ्सिर २६ मा वडा अधिवेशन, आगामी पुस ४ मा पालिका अधिवेशन गर्ने निर्णय भएको छ । मङ्सिरको पहिलो हप्ता राष्ट्रिय भेला गर्ने, पार्टीका प्रदेश पदाधिकारी, जिल्ला पदाधिकारी, पालिकाका अध्यक्ष, उपाध्यक्ष र सङ्घ, प्रदेश तथा पालिकाका जनप्रतिनिधिहरूलाई सहभागी गराउने निर्णय भएको छ ।'




यसैगरी, मधेश प्रदेशमा समानुपातिकतर्फ रौतहटबाट प्रतिनिधित्व गर्ने जैनव खातुनको निधन भएपछि रिक्त स्थानमा नाजमा खातुनलाई पठाउने निर्णय भएको भट्टले जानकारी दिए । 'मधेश प्रदेशमा समानुपातिकतर्फ रौतहट जिल्लाबाट प्रतिनिधित्व गर्नुहुने जैनव खातुनको निधन भएको हुँदा त्यसको रिक्त स्थानको मापदण्ड अनुरूप क्रम सङ्ख्या ४२ तथा बन्दसूचीको क्रम सङ्ख्या ४० मा रहनुभएकी धनुषाको उम्मेदवार नाजमा खातुनलाई पठाउने निर्णय गरिएको छ,' उनले भने । भट्टका अनुसार एमाले स्थायी कमिटी बैठक शुक्रबारदिउँसो १ बजे पुनः बस्नेछ ।

**ओलीसमक्ष भण्डारीले लिइन् वरिष्ठ नेताको शपथ**

पूर्वराष्ट्रपतिविद्यादेवी भण्डारीले नेकपा एमालेको वरिष्ठ नेता पदको शपथ लिएकी छन् । बिहीबार पार्टी केन्द्रीय कार्यालय च्यासलमा पार्टी अध्यक्ष केपी शर्मा ओलीसमक्ष भण्डारीले शपथ लिएकी हुन् । भण्डारीले शपथ लिएपछि स्थायी कमिटीको बैठक सुरु भएको थियो ।

भण्डारीलाई हालै एमालेको केन्द्रीय कमिटी बैठकले वरिष्ठ उपाध्यक्षमा मनोनीत गरेको थियो । वरिष्ठ उपाध्यक्षको रूपमा उनी एमाले बैठकमा सहभागी भएको यो पहिलोपटक हो । भण्डारी राष्ट्रपति बन्नुअघि एमालेको उपाध्यक्ष थिइन् । राष्ट्रपति निर्वाचित भएपछि एमालेको सदस्यता त्यागेकी भण्डारी ११ वर्षपछि एमाले बैठकमा सहभागी भएकी हुन् ।

# सुकुम्बासीका छोरा डा. सुनिलकुमार शर्मा
## कांग्रेस रुपान्तरणको संकल्प



काठमाडौं (जस)-नेपाली कांग्रेसका नेता डा. सुनिलकुमार शर्माले पार्टीलाई सही मार्गचित्रमा अघि बढाउने संकल्प गरेका छन् । कांग्रेसको १५ औं महाधिवेशनमा महामन्त्री पदका उम्मेदवार डा. शर्माले महाधिवेशनमा छुटेका सबै नेता कार्यकर्तालाई समेटेर अघि बढ्ने प्रतिवद्धता व्यक्त गरेका हुन् । डा. शर्मा कांग्रेस रुपान्तरणको संकल्प र एजेन्डासहित प्रतिस्पर्धामा छन् । डा. शर्माले आफूलाई नेपाली कांग्रेसको इतिहासमा पहिलो पटक महामन्त्री बन्न लागेको सुकुमवासीको छोरोका रूपमा प्रस्तुत गरेका छन् । डा. शर्माले आफूले बोरा ओढेर जीविकोपार्जन गर्दाको पीडादेखि खुलामञ्चमा हाँस बेच्दासम्मका संघर्षका दिन स्मरण गरे ।

डा. शर्माले पूर्व प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको सानिध्यमा रहेर कांग्रेस पार्टीमा राजनीति सुरु गरेको प्रस्ट पारे । गिरिजाबाबुसँग काम गरें, १२ बुंदे सम्झौताको सूत्राधार हुँ । र १५-१६ हजार नागरिकलाई रोजगारी दिएको संस्था चलाएको व्यक्ति हुँ । महामन्त्री पदका लागि मभन्दा अनुभवी अरू कोही छैन । गिरिजाबाबुको ४८-५१ को आर्थिक नीतिको भाग-२ पूरा गर्ने दायित्व हाम्रै हो,' डा. शर्माले भने । डा. शर्माले नागरिकले काठमाडौंमा धाउने प्रथा अन्त्य गर्ने र ५० प्रतिशत समय मेचीदेखि महाकालीसम्मका बस्ती र गरिबका झुपडीमा हुने प्रस्ट पारे । उनले कुनै पनि कार्यकर्ताले आर्थिक अभावका कारण उपचार नपाएमा आफ्नै ▸▸ बाँकी पृष्ठ २ मा

# बूढानीलकण्ठबाट २१ किलो सुन बरामद



काठमाडौं(जस)-काठमाडौंको बूढानीलकण्ठबाट प्रहरीले ठूलो परिमाणमा सुन बरामद गरेको छ । उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको टोलीले बिहीबार साँझ बूढानीलकण्ठबाट २१ किलो सुन बरामद गरेको हो । प्रहरीले विशेष सूचनाको आधारमा सुन बरामद गरेको हो ।

बरामद सुनमध्ये ११ किलो तयारी अवस्थामा रहेको र १० केजी प्रशोधन गर्ने गरी राखिएको अवस्थामा भेटिएको बताइएको छ । प्रहरीले यसकाबारेमा शुक्रबार पत्रकार सम्मेलन गरेर जानकारी दिने बताएको छ ।

**अनलाइन सट्टेबाजी र क्रिप्टो कारोबार गर्ने युवक पक्राउ**

प्रहरीले ३ करोड ३८ लाख रुपैयाँभन्दा बढीको अनलाइन सट्टेबाजी तथा क्रिप्टोकरेन्सी कारोबारमा संलग्न ▸▸ बाँकी पृष्ठ २ मा

# कांग्रेस देउवा समूहले दशैंअघि क्षेत्रीय अधिवेशन सम्पन्न गर्ने

काठमाडौं (जस)-अलग्गै महाधिवेशनमा जुटेको नेपाली कांग्रेसको इतर समूहले दशैंअघिसम्म सबै क्षेत्रको अधिवेशन सक्ने जनाएको छ । पूर्वसभापति शेरबहादुर देउवा समूहले १५औं महाधिवेशनअन्तर्गतको वडा अधिवेशनको काम ८० प्रतिशत सकेको र क्षेत्रीय अधिवेशन दशैं अघिसम्म सक्ने नेता किरणराज पौडेलले जानकारी दिए ।

उनले भने,'हालसम्म वडाहरुको ८० प्रतिशत अधिवेशन सकेर, पालिकाहरुको भइरहेको छ । दशैंअघिसम्म सबै क्षेत्रको क्षेत्रीय अधिवेशन सम्पन्न हुनेछ ।' कांग्रेसको संस्थापन पक्षले १५औं महाधिवेशन सम्पन्न गर्नलाग्दा इतर समूहले अलग्गै महाधिवेशनको प्रक्रिया अगाडि बढाएको हो । विहीबार नै काठमाडौं महानगरको नगर अधिवेशन हुँदैछ ।



उक्त समूहले पनि १५औं महाधिवेशन आगामी २१-२३ मंसिरका लागि तोकेको छ । सोहीअनुसार नै यस समूहले यही २० असोजमा पालिका, २३ असोजमा प्रदेश सभा निर्वाचन क्षेत्रीय र ४ मंसिरमा प्रदेश अधिवेशन सम्पन्न गर्ने कार्यतालिका तय गरेर हो । '७७ वटै जिल्लामा केन्द्रीय निर्वाचन समितिका तर्फबाट निर्वाचन अधिकृतले काम गरिरहेका छन् । तोकिएको मितिमा महाधिवेशन गरेर पार्टीलाई सुदृढ ढंगले अगाडि बढाउँछौं,' अर्का नेता गुरुराज वरालले भने । नेता बरालले संस्थापन समूहको महाधिवशेनलाई 'क्लब' संज्ञा दिँदै भविष्यमा खुम्चिएर सानो आकार लिने दाबी समेत गरे । 'भग्रेल्ती पद थप्ने र विशेष महाधिवेशनका अगुवाहरुले आफू पराजित हुने डरले आफ्नो पद आफैं सिर्जना गरेर सुरक्षित रहने काम गरेका छन् । यस्तो काम लोकतान्त्रिक चरित्रको मान्न सकिदैन,' उनले भने । कांग्रेसको आधिकारिकतासम्बन्धी विवाद सर्वोच्च अदालतमा विचाराधीन रहेको अवस्थामा महाधिवेशनमा होमिएका दुवै समूहले आफ्नो हठ कायम राखेका छन् ।

# जनसम्पर्क समितिबाट कांग्रेस महाधिवेशनमा २ महिलासहित ७ केन्द्रीय सदस्यका लागि ३२ उम्मेदवार
## महिला ५ जना, युरोपबाट ९ जना, ओसेनिया-अमेरिकाबाट ५ जना
## मध्यपूर्वबाट ४ जना, एसिया-प्यासिफिकबाट ७ जना र भारतबाट २ जना उम्मेदवार

काठमाडौं(जस)-नेपाली कांग्रेसको १५औं महाधिवेशन अन्तर्गत नेपाली जनसम्पर्क समितिबाट केन्द्रीय कार्यसमितिमा प्रतिनिधित्व गर्ने ७ पदका लागि ३२ जनाले उम्मेदवारी दिएका छन् । कांग्रेसले यसपटक जनसम्पर्क समितिबाट २ महिलासहित ७ जना केन्द्रीय सदस्य निर्वाचित हुने व्यवस्था गरेपछि विभिन्न क्षेत्रबाट उम्मेदवारी परेको हो ।




कांग्रेसको नयाँ व्यवस्थाअनुसार जनसम्पर्क समितिबाट २ महिला र ५ क्षेत्रीय प्रतिनिधित्वसहित ७ जना केन्द्रीय सदस्य निर्वाचित हुनेछन् । महिला समूहबाट दुई तथा युरोप, ओसेनिया-अमेरिका, मध्यपूर्व, एसिया-प्यासिफिक र भारत क्षेत्रबाट एक-एक जना केन्द्रीय सदस्य निर्वाचित हुनेछन् ।

**कुन क्षेत्रबाट कति उम्मेदवार ?**

केन्द्रीय निर्वाचन समितिले सार्वजनिक गरेको नामावलीअनुसार महिला समूहका २ पदका लागि ५ जना, युरोप क्षेत्रको १ पदका लागि ९ जना, ओसेनिया-अमेरिका क्षेत्रको १ पदका लागि ५ जना, मध्यपूर्व क्षेत्रको १ पदका लागि ४ जना, एसिया-प्यासिफिक क्षेत्रको १ पदका लागि ७ जना र भारत क्षेत्रको १ पदका लागि २ जना उम्मेदवार छन् । यसरी जनसम्पर्क समितितर्फका ७ पदका लागि कुल ३२ जनाको उम्मेदवारी परेको छ ।

महिला समूहका दुई पदका लागि सीता सापकोटा घिमिरे, रविना थापा, चन्दा अधिकारी, नन्दिनी कुमारी न्यौपाने र निर्मला थापा मगर उम्मेदवार छन् । युरोप क्षेत्रको एक पदका लागि सबैभन्दा बढी ९ जना प्रतिस्पर्धामा छन् । पूर्ण तिमिल्सिना, विजय मोक्तान, जितेन्द्र विक्रम शाही, अंकित ओली, इन्द्रप्रसाद शर्मा, टंक लम्साल, पूर्णबहादुर हमाल, शशि भूषण शाह र शालिकराम गौतम युरोपबाट चुनावी मैदानमा रहेका छन् । ओसेनिया-अमेरिका क्षेत्रको एक पदका लागि ६ जना उम्मेदवार छन् । रामजिवी पन्थ, कृष्ण गिरी-जगन्नाथ, अमृत वस्ती, कञ्चन पोखरेल, विद्या भूषण कार्कीले उम्मेदवारी दिएका छन् । मध्यपूर्व क्षेत्रको एक पदका लागि विमल सुवेदी, खेमराज बस्नेत, पुरुषोत्तम खनाल, रितबहादुर कटुवाल प्रतिस्पर्धामा छन् । एसिया-प्यासिफिक क्षेत्रको एक पदका लागि ७ जना उम्मेदवार छन् । जसमा विनोदबहादुर थापा, नारायणप्रसाद सुवेदी, दण्डपाणी कँडेल(डिपि), डा. बलराम श्रेष्ठ, नवराज शिवाकोटी र सुरेश कोइरालाको उम्मेदवारी परेको छ । भारत क्षेत्रको एक पदमा भने बालकृष्ण पाण्डे रधर्मराज काफ्लेको उम्मेदवारी सार्वजनिक भएको छ ।

पाण्डे विगत ४ दशकदेखि कांग्रेसको राजनीतिमा खारिएका र जनसम्पर्क समितिको संस्थापक,दुई दशक भन्दा बढी भारतका जनसम्पर्क समितिको सभापति भैसकेका, पुर्व आमन्त्रित केन्द्रिय सदस्य भैसकेका ब्यक्ती भएकाले पल्लाभारी देखिन्छ । उनी निर्विरोध हुनेनी प्रवल संभावना रहेको छ । यसैगरी सबै उम्मेदवारसङ्ग जनसम्पर्कका नेताहरुले छलफल गरिरहेका छन् । यसपटक कांग्रेसले जनसम्पर्क समितिलाई केन्द्रीय कार्यसमितिमा स्थान दिएसँगै विदेशमा रहेका कांग्रेसका पुराना तथा सक्रिय कार्यकर्ताबीच केन्द्रीय नेतृत्वमा पुग्ने प्रतिस्पर्धा तीव्र बनेको छ । जनसम्पर्क समितिको प्रतिनिधित्वलाई पार्टीको केन्द्रीय संरचनासँग संस्थागत रूपमा जोड्ने यो व्यवस्थालाई प्रवासी नेपाली समुदायको राजनीतिक सहभागिताका दृष्टिले महत्वपूर्ण मानिएको छ । जनसम्पर्क समितिबाट निर्वाचित हुने सात केन्द्रीय सदस्यले विदेशमा रहेका नेपाली कांग्रेसका कार्यकर्ता तथा नेपाली समुदायका राजनीतिक, सामाजिक र आर्थिक सरोकारलाई पार्टीको केन्द्रीय नीति निर्माण तहसम्म पुऱ्याउने अपेक्षा गरिएको छ । वैदेशिक रोजगारी, प्रवासी नेपालीका अधिकार, नागरिकता, लगानी, सामाजिक सुरक्षा तथा विदेशस्थित कांग्रेस संगठनको संस्थागत सुदृढीकरणलगायत विषय जनसम्पर्क समितिका प्रतिनिधिका प्रमुख सरोकारका रूपमा रहनेछन् । ▸▸ बाँकी पृष्ठ २ मा



# सिक्री स्न्याचिङ र मोटरसाइकल चोरीमा संलग्न समूह पक्राउ

काठमाडौं(जस)-काठमाडौंका विभिन्न स्थानमा महिला तथा सर्वसाधारणलाई लक्षित गरी सिक्री लुटपाट, मोटरसाइकल चोरी तथा डकैतीमा संलग्न रहेको आरोपमा प्रहरीले तीन जनालाई पक्राउ गरेको छ। जिल्ला प्रहरी परिसर काठमाडौंका अनुसार पक्राउ पर्नेमा सिन्धुलीको मरिण गाउँपालिकाका २६ वर्षीय आयन माझी, मकवानपुर बकैया गाउँपालिका-७ घर भई हाल भक्तपुरको थिमी नगरपालिका-४ बस्ने ३६ वर्षीय मनोजकुमार मोक्तान र मकवानपुर बकैया गाउँपालिका-५ घर भई हाल थिमी नगरपालिका-४ बस्ने २४ वर्षीय राकेश थिङ छन्।

प्रहरीका अनुसार माझी समूहको मुख्य योजनाकार रहेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। उनले लुटपाटका लागि मोटरसाइकल, हतियार, नक्कली नम्बर प्लेट तथा अन्य आवश्यक सामग्रीको व्यवस्थापन गर्ने गरेको प्रहरीको दाबी छ। मोक्तानले मोटरसाइकल चालक र थिङले मोटरसाइकलको पछाडि बसेर लुटपाटमा सहयोग गर्ने गरेको प्रहरीले जनाएको छ।

प्रहरीले माझी समूहले विभिन्न स्थानबाट हालसम्म १५ भन्दा बढी मोटरसाइकल चोरी गरेको अनुसन्धानबाट खुलेको जनाएको छ। लुटपाटका क्रममा प्रयोग गरिएको पल्सर २२० मोटरसाइकल बालकुमारी पुलमुनिबाट लुटिएको समेत अनुसन्धानबाट खुलेको प्रहरीको भनाइ छ। प्रहरीका अनुसार समूहले लुटपाटका क्रममा नक्कली नम्बर प्लेट प्रयोग गर्ने र घटनापछि तत्काल नम्बर प्लेट परिवर्तन गर्ने गरेको थियो। पक्राउ परेकाहरूको साथबाट दुई थान मोटरसाइकल, विभिन्न नम्बर प्लेट, एक थान खुकुरी तथा घटनामा प्रयोग भएका कपडालगायतका सामग्री बरामद गरिएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार समूहले बिहानको समयमा मर्निङ वाकमा निस्किएका, तरकारी बिक्री गर्न जाने तथा एक्लै हिँडिरहेका महिला र वृद्धवृद्धालाई लक्षित गर्ने गरेको थियो। बाटो सोध्ने बहाना बनाएर नजिक पुग्ने र मौका पाउनेबित्तिकै सिक्री तानेर भाग्ने उनीहरूको एउटा शैली रहेको प्रहरीले जनाएको छ। त्यस्तै, इनड्राइभ तथा पठाओको बहाना बनाउँदै यात्रु खोजेजस्तो गर्ने र मोटरसाइकलमा बस्न खोज्ने व्यक्तिलाई लक्षित गरी सिक्री लुट्ने गरेको पनि अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार दुईवटा मोटरसाइकलमा तीन-तीन जना सवार भई एक्लै हिँडिरहेका व्यक्तिलाई घेरा हाल्ने, हतियार देखाउने तथा साथमा रहेका नगद तथा बहुमूल्य सामान लुट्ने गरेको पाइएको छ। प्रहरीका अनुसार आयन माझी विगतदेखि नै लुटपाट तथा डकैतीका घटनामा संलग्न रहँदै आएका व्यक्ति हुन्। काठमाडौंको बौद्ध, स्वयम्भूलगायत क्षेत्रमा भएका लुटपाटका घटनामा उनी र उनको समूह संलग्न रहेको प्रहरीको दाबी छ। माझीविरुद्ध काठमाडौं, भक्तपुर तथा काभ्रेलगायतका प्रहरी कार्यालयमा डाँकाचोरीसम्बन्धी २७ वटा मुद्दा दर्ता भएको प्रहरीको भनाइ छ। पक्राउ पर्दै छुट्दै र पुनः अपराधमा संलग्न हुँदै आएका माझीविरुद्ध भक्तपुर, थिमी, बनेपा तथा काठमाडौं परिसरबाट विभिन्न समयमा मुद्दा चलेको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार भदौ २४ गतेको जेन-जी आन्दोलनपछि एटीएम तथा बैंकमा भएका लुटपाटका घटनामा पनि माझी समूहको संलग्नता रहेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। यसबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# अनधिकृत रूपमा बढी भाडा लिएको पाइए कडा कारबाही गर्छौं : बुद्ध एयर

काठमाडौं(जस)-बुद्ध एयरले सामाजिक सञ्जाल तथा केही अनलाइन सञ्चारमाध्यममा फोटोशप र एआईको प्रयोग गरी तयार पारिएका भ्रामक स्क्रिनसट तथा सामग्रीमार्फत हवाई भाडादरबारे भ्रम फैलाइएको भन्दै ध्यानाकर्षण भएको जनाएको छ। बुद्ध एयरले बिहीबार जारी गरेको प्रेस विज्ञप्तिमार्फत धनगढीको एकतर्फी हवाई भाडा १० हजार ८ सय रुपैयाँमै उपलब्ध गराउँदै आएको स्पष्ट पारेको छ। न्यूनतम भाडादरमा टिकट उपलब्ध गराइरहेकाले अधिकांश दिनका उडानमा टिकट बिक्री भइसकेको कम्पनीले जनाएको छ।

रसुवा क्षेत्रमा आएको बाढी तथा पहिरोका कारण राजमार्गमा ठूलो क्षति पुगेपछि लामो समय सडक यातायात अवरुद्ध भएको अवस्थामा यात्रुलाई सहज र किफायती हवाई सेवा उपलब्ध गराउने उद्देश्यले न्यूनतम भाडादरमा टिकट उपलब्ध गराउने निर्णय गरिएको बुद्ध एयरले जनाएको छ। कम्पनीले बाटोघाटो सहज नहुन्जेल तथा दशैं-तिहारसम्म न्यूनतम भाडादरमा टिकट उपलब्ध गराउने घोषणा गरी सोहीअनुसार कार्यान्वयन गरिरहेको जनाएको छ।

बुद्ध एयरले आफ्नो आधिकारिक प्रणाली तथा बिक्री माध्यमबाट कायम गरिएको भाडादरभन्दा बढी मूल्यमा अनधिकृत रूपमा टिकट बिक्री गरेको पाइएमा कडा कदम चाल्ने चेतावनी दिएको छ। कम्पनीले भनेको छ, 'कुनै व्यक्ति, ट्राभल एजेन्सी वा अन्य माध्यमबाट अनधिकृत रूपमा बढी मूल्यमा टिकट बिक्री गरेको पाइएमा त्यस्ता कार्यप्रति कडा आपत्ति जनाउँदै प्रचलित कानुनबमोजिम आवश्यक कानुनी कारबाही अघि बढाइनेछ।' यात्रुहरूलाई सामाजिक सञ्जाल वा अन्य अनधिकृत माध्यमबाट प्रसारित भ्रामक सूचना तथा स्क्रिनसटको आधारमा हवाई भाडासम्बन्धी धारणा नबनाउन पनि बुद्ध एयरले आग्रह गरेको छ। बुद्ध एयरका अनुसार यात्रुले कम्पनीका आधिकारिक बिक्री माध्यम, वेबसाइट तथा मोबाइल एपबाट मात्रै भाडादर र टिकटसम्बन्धी जानकारी लिन सक्नेछन्। कम्पनीले काठमाडौं बाहिर जाने यात्रुको संख्या बढेको तर काठमाडौं भित्रिने यात्रुको संख्या तुलनात्मक रूपमा कम रहेको जनाएको छ। काठमाडौं आउने यात्रुका लागि बुद्ध एयरले न्यूनतम भाडादरमा प्रोमो कोडमार्फत अफरसमेत उपलब्ध गराएको जनाएको छ। उक्त प्रोमो कोड बुद्ध एयरको वेबसाइट तथा मोबाइल एपमार्फत सहजै लिन सकिने कम्पनीले जनाएको छ। बुद्ध एयरले विपद्को कठिन अवस्थामा यात्रु तथा आम नागरिकलाई सहज, सुरक्षित र किफायती हवाई सेवा उपलब्ध गराउने प्रतिबद्धता निरन्तर कायम राख्ने जनाएको छ।

# आन्दोलनरत चिकित्सकसँग शिक्षा मन्त्रालयको छलफल

काठमाडौं(जस)-वीरगन्जस्थित नेशनल मेडिकल कलेजका रेजिडेन्ट चिकित्सकहरूले आफूहरूले भोग्दै आएका समस्या समाधानका लागि सरकारसँग विशेष पहल गर्न आग्रह गरेका छन्। विगत २४ दिनदेखि आन्दोलनरत रेजिडेन्ट चिकित्सकहरूले मङ्गलबार सिंहदरबारस्थित शिक्षा तथा खेलकुद मन्त्रालय पुगेर आफ्ना गुनासा र माग प्रस्तुत गरेका हुन्। मन्त्रालयमा आयोजित छलफलमा पहिलो वर्षमा अध्ययनरत ४० भन्दाबढी रेजिडेन्ट चिकित्सकले कलेजमा अध्ययन तथा काम गर्ने क्रममा भोग्दै आएका समस्या मन्त्रालयका उच्च अधिकारीसमक्ष राखेका थिए। रेजिडेन्ट चिकित्सकले कलेज व्यवस्थापनबाट विद्यार्थीलाई अनावश्यक दबाब दिइएको र अध्ययनका लागि आवश्यक शैक्षिक वातावरण नरहेको आरोप लगाएका छन्। उनीहरूले कलेजमा शान्तिपूर्ण र मर्यादित वातावरण निर्माण गरी अध्ययनमा फर्कने अवस्था बनाउन सरकारसँग आग्रह गरेका छन्। छलफलमा शिक्षामन्त्रीका प्रमुख सल्लाहकार शैलेन्द्र झासहित मन्त्रालयका उच्च अधिकारी सहभागी थिए। रेजिडेन्ट चिकित्सकले आफूहरू सरकारप्रति आशावादी रहेकाले समस्या समाधानको पहलका लागि मन्त्रालयसम्म आएको बताएका छन्। "यो सरकारसँग आशा छ, त्यही भएर यहाँसम्म आएका हौँ," उनीहरूले भने। निजी मेडिकल कलेजमा 'फेक फाइल' र 'फेक फ्याकल्टी' रहेको दाबी गर्दै त्यसबारे छानबिन गर्न चिकित्सकले माग गरेका छन्। त्यस्ता गतिविधिमा संलग्न चिकित्सक तथा सम्बन्धित व्यक्तिमाथि आवश्यक कारबाही गर्नुपर्ने उनहरूको माग छ।

आन्दोलनरत चिकित्सकले कलेजमा तत्काल फर्किएर अध्ययन गर्ने वातावरण नरहेको बताएका छन्। समस्या सम्बोधन नभएसम्म आन्दोलन जारी रहने उनहरुको भनाइ छ। मन्त्रालयले रेजिडेन्ट चिकित्सकले उठाएका विषयमा आवश्यक पहल गर्ने प्रतिबद्धता जनाएको छ। शिक्षामन्त्रीका प्रमुख सल्लाहकार झाले रेजिडेन्ट चिकित्सकका वास्तविक समस्या जान्ने उद्देश्यले छलफल गरिएको बताए।

"यो विषयमा सरकार गम्भीर छ। शिक्षामन्त्रीले पनि गम्भीरताका साथ यसलाई हेर्नुभएको छ। हामी यथाशिघ्र यसलाई सम्बोधन गर्छौं,' उनले भने। कलेजमा देखिएका समस्या समाधानका लागि सम्बन्धित पक्षसँग समन्वय गरी आवश्यक कदम चाल्ने विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ। रेजिडेन्ट चिकित्सकले भने सरकारको पहलबाट आफूहरूको समस्या समाधान हुने र कलेजमा पुनः शान्तिपूर्ण रूपमा अध्ययन गर्ने वातावरण बन्ने अपेक्षा गरेका छन्। त्यस्तै, चिकित्सा शिक्षा आयोगका उपसचिव रामचन्द्र शर्माले विद्यार्थीको समस्यालाई लिएर आयोग गम्भीर रहेको र यसको समाधानका लागि आवश्यक पहल गर्ने बताएका छन्।

# डिजिटल माध्यमबाट विद्युत महसुल तिर्न अपिल

काठमाडौं(जस)-ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले डिजिटल माध्यमबाट विद्युत महसुल तिर्न अपिल गरेका छन्। अहिलेको डिजिटल युगमा अझै पनि ७३ प्रतिशत नागरिकले भौतिक रुपमा काउन्टरमा गएर महसुस तिर्ने गरेको तथ्यांक प्रस्तुत गर्दै मन्त्री श्रेष्ठले यो अवस्थालाई सबै मिलेर परिवर्तन गर्नुपर्नेमा जोड दिए।

यसका लागि सचेत नागरिकको सहयोगको खाँचो रहेको उनले बताए। डिजिटल भुक्तानीले नागरिकको समय र आवतजावतको खर्च बचत हुने, नगद कारोबार घट्दा वित्तीय पारदर्शिता र सुरक्षा बढ्ने मन्त्री श्रेष्ठको भनाइ छ। साथै, काउन्टर सञ्चालनमा लाग्ने स्रोत र जनशक्तिलाई अन्य आवश्यक ग्राहक सेवामा सदुपयोग गर्न सकिने धारणा मन्त्री श्रेष्ठको छ।

**काउन्टर सञ्चालनमै ५९ करोड ७९ लाख खर्च**

मन्त्री श्रेष्ठकाअनुसार विद्युत महसुल तिर्ने करिब ७३ प्रतिशत नागरिक भौतिक रूपमा काउन्टरमै पुग्छन्। भौतिकरुपमा आउने नागरिकका लागि सञ्चालित महसुल संकलन काउन्टरको खर्चमात्रै वार्षिक करिब ५९ करोड ७९ लाख रुपैयाँ छ। मन्त्री श्रेष्ठले डिजिटल भुक्तानीबाट यो खर्च बचत हुने र उक्त जनशक्तिलाई अन्य काममा लगाउन सकिने धारणा पनि राखे। 'नेपाल विद्युत प्राधिकरणका १२९ वितरण केन्द्रहरु अन्तर्गतका प्रशाखामा हाल ६५५ वटा महसुल संकलन काउन्टर सञ्चालनमा छन्। यी काउन्टर सञ्चालनमा मात्र वार्षिक करिब ५९ करोड ७९ लाख रुपैयाँ खर्च हुन्छ, अर्थात् मासिक करिब ५ करोड रुपैयाँ,' उनले फेसबुकमार्फत भने,।

## लम्बियो...

संहिता उल्लङ्घन भएको विषय पनि उठेको छ। निर्वाचन समितिले महाधिवेशनस्थल तथा आसपासमा फ्लेक्स, ब्यानर, पोस्टर, पम्प्लेटलगायतका मुद्रित प्रचार सामग्री राख्न, टाँस्न वा वितरण गर्न रोक लगाएको थियो। तर बिहीबार महाधिवेशनस्थल परिसरका पोल तथा भुइँमा समेत प्रचार सामग्री भेटिएका थिए।

निर्वाचन समितिका संयोजक खड्काले आचारसंहिता उल्लङ्घन भएको स्वीकार गर्दै छरपस्ट रहेका पोस्टर स्वयंसेवक परिचालन गरेर हटाइने बताएका छन्। समितिले डिजिटल माध्यमबाट मात्रै प्रचारप्रसार गर्ने व्यवस्था गरेको भए पनि त्यसविपरीत भौतिक प्रचार सामग्री प्रयोग भएको पाइएको जनाएको छ। अब शुक्रबार बिहान ७ बजेदेखि सुरु हुने मतदानबाट कांग्रेसको नयाँ केन्द्रीय नेतृत्व चयन हुनेछ। कांग्रेसको सभापतिमा गगन थापा र श्यामकृष्ण महर्जनको उम्मेदवारी छ।

## सुकुम्बासीका...

मेकानिजमबाट निःशुल्क उपचार गराउने प्रतिवद्धता व्यक्त गरे। डा. शर्माले देशभरबाट आएका प्रतिनिधि र नेताहरूको अत्यन्त उत्साहजनक प्रतिक्रिया रहेको बताए। '९० प्रतिशतभन्दा बढी विवेकशील प्रतिनिधिले मत दिने विश्वास लिएको छु, कांग्रेसको इतिहासमा पहिलो पटक सुकुमवासीको छोरो महामन्त्री बन्दै छ,' डा. शर्माले भने।

संघर्षपछिको सफलता

कांग्रेस महामन्त्री पदका उम्मेदवार डा. सुनिलकुमार शर्मा झापामा जन्मिएका हुन्। डा. शर्मा मोरङको बेलबारीका स्थायी बासिन्दा हुन्। उनी चिकित्सक हुन्। उनी नोबेल मेडिकल कलेज र काठमाडौं मेडिकल कलेजमार्फत आर्थिक रूपमा कमजोर र विपन्न नागरिकलाई सहुलियत तथा निःशुल्क उपचार सेवा उपलब्ध गराउँदै आएका समाजसेवीका रूपमा पनि परिचित छन्।

२०५४ सालदेखि राजनीतिमा सक्रिय डा. शर्मा १३औं महाधिवेशनदेखि महासमिति सदस्यको जिम्मेवारीमा छन्। मोरङ-३ बाट २०७९ को प्रतिनिधिसभा निर्वाचनमा विजयी भएका उनी २०७४ र २०८२ को निर्वाचनमा पराजित भए। डा. शर्मासँग लोकतन्त्र पुनःस्थापनाका लागि नेपाल, भारत र अमेरिकासम्म राजनीतिक गतिविधि तथा लबिङ गरेको अनुभव छ। डा. शर्माले स्वास्थ्य सेवामार्फत नागरिकसँग बनाएको प्रत्यक्ष सम्बन्ध र व्यक्तिगत लोकप्रियतालाई राजनीतिक संगठनमा रूपान्तरण गरेर रुपान्तरणको अभियान आरम्भ गरिरहेका छन्। कांग्रेस महामन्त्री पदमा डा. सुनिलकुमार शर्मा, महामन्त्रीद्वय गुरुराज घिमिरे र प्रदीप पौडेलसहितका नेता प्रतिस्पर्धा गर्दैछन्।

## जनसम्पर्क...

विशेषगरी युरोप, ओसेनिया-अमेरिका, मध्यपूर्व र एसिया-प्यासिफिक क्षेत्रमा लामो समयदेखि कांग्रेसको संगठन निर्माणमा सक्रिय रहेका नेताहरूबीच प्रतिस्पर्धा भएकाले जनसम्पर्क समितितर्फको निर्वाचनलाई महाधिवेशनको महत्वपूर्ण प्रतिस्पर्धाका रूपमा हेरिएको छ। महिला समूहमा समेत ७ जनाको उम्मेदवारी परेकाले दुई पदका लागि प्रतिस्पर्धा थप रोचक बनेको छ। केन्द्रीय निर्वाचन समितिले सार्वजनिक गरेको प्रथम नामावलीमाथि दाबी-विरोध तथा आवश्यक जाँचको प्रक्रिया पूरा गरेपछि अन्तिम उम्मेदवारको नामावली सार्वजनिक गर्नेछ। त्यसपछि जनसम्पर्क समितितर्फका सात केन्द्रीय सदस्यका लागि निर्वाचन प्रक्रिया अघि बढ्नेछ।

## बुढानीलकण्ठबाट...

रहेको आरोपमा एक युवकलाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा सर्लाहीको चन्द्रनगर गाउँपालिका-३ घर भई हाल काठमाडौं महानगरपालिका-३२ बस्ने २२ वर्षीय बिक्की कुमार महतो रहेका छन्। जिल्ला प्रहरी परिसर काठमाडौंका अनुसार असोज २१ गते साँझ माइतीघर स्थित सडकखण्डमा शंकास्पद अवस्थामा हिँडिरहेको भेटिएपछि प्रहरीले महतोलाई नियन्त्रणमा लिएर सोधपुछ तथा जाँच गरेको थियो। अनुसन्धानका क्रममा उनले वानएक्स बेट एपमार्फत अनलाइन सट्टे गर्ने तथा गराउने गरेको खुलेको प्रहरीले जनाएको छ। साथै, उनले क्रिप्टोकरेन्सीको कारोबारसमेत गर्दै आएको पाइएको छ।

प्रहरीका अनुसार महतोले हालसम्म ३ करोड ३८ लाख ८ हजार ३ सय ५० रुपैयाँ ९१ पैसाभन्दा बढीको कारोबार गरेको देखिएको छ। उनको साथबाट एक थान मोबाइल बरामद गरिएको छ। अभौतिक मुद्रा र सट्टेबाजीसम्बन्धी कसुरमा अनुसन्धान गर्न काठमाडौं जिल्ला अदालतबाट पाँच दिनको म्याद थप अनुमति लिएर अनुसन्धान भइरहेको जिल्ला प्रहरी परिसर काठमाडौंले जनाएको छ।

# नेपाल-अस्ट्रेलिया आर्थिक साझेदारी

## थप १५ मिलियन अस्ट्रेलियन डलर सहयोगको घोषणा

काठमाडौं(जस)-नेपाल र अस्ट्रेलियाले द्विपक्षीय आर्थिक साझेदारीलाई थप विस्तार गर्ने सहमति गरेका छन्। मेलबर्नमा बिहीबार भएको भेटवार्तामा परराष्ट्रमन्त्री शिशिर खनाल र अस्ट्रेलियाकी विदेशमन्त्री सिनेटर पेनी वङबीच व्यापार, लगानी, प्रविधि हस्तान्तरण, नवीकरणीय ऊर्जा, दिगो कृषि, पर्यटन तथा श्रम गतिशीलतालगायतका क्षेत्रमा सहकार्य विस्तार गर्ने विषयमा छलफल भएको हो। भेटवार्तामा दुवै मन्त्रीले नेपाल-अस्ट्रेलियाबीच लामो समयदेखि कायम रहेको मैत्रीपूर्ण सम्बन्धलाई थप सुदृढ बनाउँदै पारस्परिक हितका क्षेत्रमा सहकार्य विस्तार गर्ने प्रतिबद्धता व्यक्त गरे। सो अवसरमा अस्ट्रेलियाकी विदेशमन्त्री वङले नेपालमा हालै आएको विनाशकारीबाढीबाट प्रभावित परिवार तथा समुदायप्रति दुःख व्यक्त गर्दै विपद्पछिको उद्धार, प्रारम्भिक पुनर्लाभ तथा पुनर्निर्माणमा अस्ट्रेलिया नेपालको साथमा रहेको बताइन्। वङले बाढी तथा विपद् प्रभावित नेपालका लागि थप १५ मिलियन अस्ट्रेलियन डलर सहयोग घोषणा गरिन्। यसअघि अस्ट्रेलियाले आपत्कालीन प्रतिकार्यका लागि प्रतिबद्ध गरेको ११ मिलियन अस्ट्रेलियन डलर सहयोगमा उक्त रकम थप हुनेछ। नयाँ सहयोग राहत तथा प्रारम्भिक पुनर्लाभका कार्यमा केन्द्रित रहने जनाइएको छ। मन्त्री खनालले विपद्का समयमा अस्ट्रेलिया सरकार र अस्ट्रेलियाली जनताबाट प्राप्त मानवीय सहयोगप्रति आभार व्यक्त गरे। उनले संकटका समयमा प्राप्त सहयोगले नेपाल-अस्ट्रेलियाबीचको दीर्घकालीन मैत्रीपूर्ण सम्बन्धलाई थप प्रतिबिम्बित गरेको बताए। भेटवार्तामा जलवायु परिवर्तनबाट नेपाल तथा प्रशान्त क्षेत्रका मुलुकमा परेको साझा जोखिमबारे पनि छलफल भएको थियो। खनालले विशेषगरी आगामी कोप-३१ को सन्दर्भमा हिमाली पारिस्थितिक प्रणालीमा जलवायु परिवर्तनले पारिरहेको असमान र गम्भीर प्रभावलाई अन्तर ाष्ट्रियस्तरमा प्रभावकारी रूपमा उठाउन अस्ट्रेलियालाई आग्रह गरे। त्यस्तै, जलवायु अनुकूलन, पूर्वसूचना प्रणाली, विपद् जोखिम न्यूनीकरण तथा जलवायु-उत्थानशील पूर्वाधार निर्माणका क्षेत्रमा सहकार्य विस्तार गर्ने विषयमा पनि छलफल भएको छ। दुई देशबीच शैक्षिक सहकार्य विस्तार गर्ने विषयले समेत भेटवार्तामा स्थान पाएको छ। नेपालमा अस्ट्रेलियाबाट मान्यताप्राप्त प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम (टीभीईटी) संस्थाहरू स्थापना गर्ने तथा अस्ट्रेलियाका विश्वविद्यालयका सम्भावित स्याटेलाइट क्याम्पस नेपालमा स्थापना गर्ने विषयमा पहल अघि बढाउनेबारे विचार आदानप्रदान भएको छ।

---

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेजी गरिएको सूचना**

यस कार्यालयमा मिति २०७४/०५/१६ मा दर्ता भएको प्रा.लि.न.१७४३७२को **लिडर बिजनेस कम्पनी प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७६/०९/२९को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

---

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेजी गरिएको सूचना**

यस कार्यालयमा मिति २०७५/१२/१७ मा दर्ता भएको प्रा.लि.न.२११९८३को **म्हारम्हेन फाउन्डेसन नेपाल (मु.बि.नगर्ने)**नामक कम्पनी यस कार्यालयको मिति २०८३/०५/११को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

---

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हकदावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०७०/०४/०८ मा दर्ता भएको प्रा.लि.नं.११४३१७को **ह्युरिस्टिक सोलुशन्स प्रा. लि.** नामक कम्पनीले दर्ता खारेजी गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

---

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हकदावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०७७/०५/२२ मा दर्ता भएको प्रा.लि.नं.२४११५३को **शारदा ऋषि एग्रो प्रा. लि.** नामक कम्पनीले दफा १३६(क) अनुसार विशेष दर्ता खारेजी गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

---

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेजी गरिएको सूचना**

यस कार्यालयमा मिति २०७६/०९/२० मा दर्ता भएको प्रा.लि.न.२३१९३४को **पाल्हीनन्दन हेल्थ केयर प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०६/२१को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

---

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हकदावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०६७/०९/१९ मा दर्ता भएको प्रा.लि.नं.७९०५६को **रसामृत डेरी इण्डष्ट्रिज प्रा. लि.** नामक कम्पनीले दफा १३६(क) अनुसार विशेष दर्ता खारेजी गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

---

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हकदावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०४९/०१/१९ मा दर्ता भएको प्रा.लि.नं.५२३३को **नेवा गेष्ट हाउस प्रा. लि.** नामक कम्पनीले दफा १३६(क) अनुसार विशेष दर्ता खारेजी गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

---

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हकदावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०७३/०४/२४ मा दर्ता भएको प्रा.लि.नं.१५३५००को **एच.आर.बि.टी. हाउजिङ्ग एण्ड प्लटिङ्ग प्रा. लि.** नामक कम्पनीले दफा १३६(क) अनुसार विशेष दर्ता खारेजी गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

---

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेजी गरिएको सूचना**

यस कार्यालयमा मिति २०७३/११/०५ मा दर्ता भएको प्रा.लि.न.१६३९३५को **ह्यापिलाइफ ईन्जिनियरिङ्ग प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०३/२५को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

---

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हकदावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०७७/०६/११ मा दर्ता भएको प्रा.लि.नं.२४३०८८को **बनकाली दहचोक कृषि फार्म प्रा. लि.** नामक कम्पनीले दर्ता खारेजी गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

---

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेजी गरिएको सूचना**

यस कार्यालयमा मिति २०७७/०८/२१ मा दर्ता भएको प्रा.लि.न.२४९१४१को **पाथीभरा मल्टि सेक्टर प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/१२/०५को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

---

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/०६/०७ मा प्रा.लि.नं.२९९८७४मा दर्ता भएको **महारूद्र रियल स्टेट कम्पनी प्रा. लि.** को मिति २०८३/०६/२२ मा सम्पन्न विषेश साधारणसभाको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजि लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैको कुनै किसिमको लेनदेन वा बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्वीडेटरको कार्यलयमा हकदावी गर्न सम्वन्धित सवैको जानाकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटर**: हरिचन्द्र भट्टराई(इजाजत नं. ४६३)
का.म.न.पा.-२८, काठमाडौं, फोन नं. : ९८४१५०४३८७

---

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०५४/१२/०९ मा प्रा.लि.नं.८२३०मा दर्ता भएको **सेवन स्टार्स इन्टरनेशनल प्रा. लि.** को मिति २०८३/०५/२५ मा सम्पन्न विषेश साधारणसभाको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजि लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैको कुनै किसिमको लेनदेन वा बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्वीडेटरको कार्यलयमा हकदावी गर्न सम्वन्धित सवैको जानाकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटर**: गणेश न्यौपाने (इजाजत पत्र नं. ९३)
रामशाह पथ, काठमाण्डौ, **सम्पर्क** : ९८५१०१३९१४

---

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हकदावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०७५/०६/०२ मा दर्ता भएको प्रा.लि.नं.१९९०३१को **आकाङ्क्षा लेवर सप्लाई कम्पनी प्रा. लि.** नामक कम्पनीले दर्ता खारेजी गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

---

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेजी गरिएको सूचना**

यस कार्यालयमा मिति २०७२/१२/२६ मा दर्ता भएको प्रा.लि.न.१४७६३९को **एन. एच. इन्जिनियरिङ्ग प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०६/२१को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

---

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
**तेस्रो पटक प्रकाशित मिति : २०८३/०६/२३**

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८३/०६/१६ मा स्वीकृती प्राप्त भई साविक कम्पनी **के. के. बिजेनस कन्सल्टेन्सी प्रा. लि.** (प्रा.लि.नं. २७२२९२)को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **के. के. ग्लोबल कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा. लि.** ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वाराजानकारी गराईन्छ।

---

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
**दोस्रो पटक प्रकाशित मिति : २०८३/०६/२३**

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०७६/०८/२६ मा स्वीकृती प्राप्त भई साविक कम्पनी **सत्यवती सप्लायर्स एण्ड कन्स्ट्रक्सन प्रा. लि.** (प्रा.लि.नं.१७२३०१)को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **सत्यवती सप्लायर्स प्रा. लि.** ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वाराजानकारी गराईन्छ।

---

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
**दोस्रो पटक प्रकाशित मिति : २०८३/०६/२३**

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८३/०६/१९ मा स्वीकृती प्राप्त भई साविक कम्पनी **हलेसी हाउजिङ्ग कम्पनी प्रा. लि.** (प्रा.लि.नं. ३६६३८)को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **काजुक्पा रियल स्टेट एण्ड डेभलपर्स प्रा. लि.** ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वाराजानकारी गराईन्छ।

---

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
**दोस्रो पटक प्रकाशित मिति : २०८३/०६/२३**

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८३/०६/१५ मा स्वीकृती प्राप्त भई साविक कम्पनी **गौतम एग्रोनरी एण्ड एच. टु हार्वेष्ट्रीङ्ग प्रा. लि.** (प्रा.लि.नं.३२५८९१)को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **गौतम एग्रोनरी प्रोड्स प्रा. लि.** ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वाराजानकारी गराईन्छ।

---

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
**प्रथम पटक प्रकाशित मिति : २०८३/०६/२३**

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८२/०८/१२ मा स्वीकृती प्राप्त भई साविक कम्पनी **इन्नर भिलेज एक्स्प्लोरेसनस् प्रा. लि.**(प्रा.लि.नं. २७८६६०)को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **इन्नरभिलेज रिट्रिट नेपाल प्रा. लि.** ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वाराजानकारी गराईन्छ।

# अनुभवलाई निरन्तरता दिँदै गणेश लामाको पुनः केन्द्रीय सदस्यमा उम्मेदवारी

## क्रमसंख्या २४ मा मत हाल्न लामाको अनुरोध




काठमाडौं(जस)-नेपाली कांग्रेसको १५औं महाधिवेशनमा १४औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय सदस्य गणेश लामाले पुनः केन्द्रीय सदस्य पदमा उम्मेदवारी दिएका छन । अघिल्लो कार्यकालको राजनीतिक तथा सांगठनिक अनुभव, पार्टी संगठनमा निरन्तर सक्रियता र महाधिवेशन व्यवस्थापनमा निर्वाह गरेको जिम्मेवारीलाई आधार बनाउँदै लामाले आगामी कार्यकालका लागि आफ्नो दाबी प्रस्तुत गरेका हुन् । नेपाली कांग्रेसले सार्वजनिक गरेको उम्मेदवारको अन्तिम नामावलीमा लामाको नाम खुलातर्फ क्रमसंख्या २४ मा रहेको छ ।

लामाको उम्मेदवारीसँगै कांग्रेसको खुला केन्द्रीय सदस्यतर्फ उनको पक्षमा देखिएको सक्रियता र चुनावी माहोललाई अर्थपूर्ण रूपमा हेरिएको छ । लामाले पछिल्लो समय महाधिवेशनको तयारीदेखि संगठनात्मक गतिविधिसम्म निरन्तर सक्रियता देखाउँदै आएका छन् । पार्टीका नेता तथा महाधिवेशन प्रतिनिधिहरूसँगको भेटघाट, संवाद र समन्वयलाई तीव्रता दिएका कारण उनको पक्षमा माहोल थप सकारात्मक बन्दै गएको कांग्रेस नेताहरूको दाबी छ ।

१४औं महाधिवेशनमा खुलातर्फ ३५ केन्द्रीय सदस्यका लागि भएको प्रतिस्पर्धामा ९९ जना उम्मेदवारबीच प्रतिस्पर्धा हुँदा लामाले १ हजार ७८२ मत प्राप्त गर्दै केन्द्रीय सदस्यमा निर्वाचित भएका थिए । त्यसयता केन्द्रीय सदस्यका रूपमा पार्टीका विभिन्न सांगठनिक अभियानमा सक्रिय रहँदै आएका लामाले यसपटक आफ्नो उम्मेदवारीलाई व्यक्तिगत निरन्तरताभन्दा पनि प्राप्त अनुभवलाई थप प्रभावकारी ढंगले पार्टी निर्माणमा उपयोग गर्ने अवसरका रूपमा अघि सारेका छन् ।

लामाको राजनीतिक सक्रियता महाधिवेशनको चुनावी मैदानमा मात्र सीमित छैन । कांग्रेसले १५औं महाधिवेशन व्यवस्थापनका लागि गठन गरेको स्वयंसेवक व्यवस्थापन समितिको संयोजकको जिम्मेवारीसमेत उनलाई दिएको छ । महाधिवेशन स्थलको व्यवस्थापन, स्वयंसेवक परिचालन तथा सुरक्षा र सम्बन्धित निकायसँगको समन्वयमा उनी सक्रिय छन् । करिब २०० स्वयंसेवक परिचालनसहित महाधिवेशन व्यवस्थापनको तयारीमा लामाले नेतृत्वदायी भूमिका निर्वाह गरिरहेका छन् । पार्टी संगठनलाई वडा तहदेखि केन्द्रसम्म थप मजबुत बनाउने, नेतृत्व र कार्यकर्ताबीचको सम्बन्धलाई अझ नजिक बनाउने तथा सक्रिय कार्यकर्ताको योगदानलाई संस्थागत रूपमा सम्मान गर्ने विषयलाई लामाले आफ्नो प्राथमिकतामा राखेका छन् ।

लामाले कांग्रेसलाई नयाँ पुस्ताको ऊर्जा र अनुभवी नेतृत्वको ज्ञानलाई जोडेर अघि बढाउनुपर्नेमा पनि जोड दिँदै आएका छन् । बदलिँदो राजनीतिक परिवेशअनुसार संगठनात्मक शैलीलाई समयानुकूल बनाउँदै युवालाई पार्टीको मूल राजनीतिक प्रवाहमा थप प्रभावकारी रूपमा जोड्नुपर्ने उनको धारणा छ । अघिल्लो महाधिवेशनपछि पार्टीले सञ्चालन गरेको 'घरघर नेपाली कांग्रेस, जिताऔं कांग्रेस' अभियानमा विभिन्न जिल्लामा पुगेर संगठन निर्माणमा योगदान गरेको उनको दाबी छ ।

यसपटक लामाको उम्मेदवारीमा अनुभव, निरन्तरता र सक्रिय संगठनात्मक भूमिकाको त्रिकोण देखिन्छ । एकातिर अघिल्लो कार्यकालको निर्वाचित केन्द्रीय सदस्यको अनुभव छ भने अर्कोतर्फ अहिले पनि महाधिवेशन व्यवस्थापनकै महत्वपूर्ण जिम्मेवारी सम्हालिरहेका छन् । यही कारण उनको पक्षमा चुनावी माहोल उत्साहजनक रहेको कांग्रेसका नेताहरू बताउँछन् । महाधिवेशन प्रतिनिधिहरूसँगको निरन्तर सम्पर्क, संगठनभित्रको सक्रियता र अघिल्लो निर्वाचनमा प्राप्त मतलाई आधार बनाउँदै लामाले यसपटक पनि खुला केन्द्रीय सदस्यमध्ये उत्कृष्ट मतसहित विजयी हुने लक्ष्य राखेका छन् । कांग्रेसका धेरै नेताहरूले पनि लामाको पछिल्लो सक्रियता र महाधिवेशन व्यवस्थापनमा देखाएको भूमिकाका कारण उनको पक्षमा राम्रो माहोल बनेको दाबी गरेका छन् ।

क्रमसंख्या २४ मा रहेका लामाले यसपटक अघिल्लो कार्यकालको अनुभवसहित मैदानमा आफूलाई थप बलियो दाबेदारका रूपमा प्रस्तुत गरेका छन् । महाधिवेशन नजिकिँदै जाँदा उनको सक्रियता र प्रतिनिधिसँगको निरन्तर संवादले चुनावी माहोललाई थप तातेको छ । लामाको पक्षमा देखिएको उत्साहलाई हेर्दा उनी खुला केन्द्रीय सदस्यतर्फ उल्लेख्य मतसहित पुनः निर्वाचित हुने दाबी कांग्रेस वृत्तमा हुन थालेको छ ।

# कांग्रेस केन्द्रीय सदस्यमा चर्चित गायक प्रकाश कटुवालको माहोल उत्साहजनक

## पेशागततर्फ केन्द्रिय सदस्य क्रमसंख्या १४ मा मत हाल्न अनुरोध




काठमाडौं(जस)-नेपाली कांग्रेसको १५औं महाधिवेशनमा केन्द्रीय सदस्य पदका लागि पेशागत विषयगत क्षेत्रबाट उम्मेदवारी दिएका चर्चित लोकदोहोरी गायक तथा राष्ट्रिय संगीतकर्मी संघका केन्द्रीय अध्यक्ष प्रकाश कटुवालको पक्षमा माहोल उत्साहजनक बन्दै गएको छ । कलाकारिता, सामाजिक गतिविधि र कांग्रेसको संगठनात्मक अभियानमा सक्रिय रहँदै आएका कटुवालको उम्मेदवारीलाई पेशागत क्षेत्रसँगै युवा पुस्ताले पनि चासोका साथ हेरेका छन् ।

कटुवालले केन्द्रीय सदस्यको पेशागत विषयगत क्षेत्र खुलातर्फ क्रमसंख्या १४ मा उम्मेदवारी दिएका छन् । नेपाली कांग्रेसको केन्द्रीय निर्वाचन समितिले सार्वजनिक गरेको अन्तिम उम्मेदवार सूचीमा समेत उनको नाम क्रमसंख्या १४ मै कायम छ । पेशागत खुलातर्फ पाँच पदका लागि ३६ जना उम्मेदवार प्रतिस्पर्धामा छन् । रामेछापबाट खुलातर्फ लोकप्रिय मतसहित महाधिवेशन प्रतिनिधिमा निर्वाचित भएपछि कटुवालले केन्द्रीय सदस्यको यात्रा अघि बढाएका हुन् । उनी रामेछाप क्षेत्र नम्बर १ बाट ४८० मत प्राप्त गरी महाधिवेशन प्रतिनिधिमा निर्वाचित भएका थिए । यसअघि उमाकुण्ड गाउँपालिका-३ बाट क्षेत्रीय प्रतिनिधिका रूपमा समेत कांग्रेसको संगठनात्मक गतिविधिमा सक्रिय रहँदै आएका कटुवालको पछिल्लो राजनीतिक सक्रियताले उनको उम्मेदवारीलाई थप बल दिएको देखिन्छ ।

कटुवाल सुरुमा खुलातर्फबाट केन्द्रीय सदस्यमा प्रतिस्पर्धा गर्ने तयारीमा थिए । तर कलाकारिता तथा पेशागत क्षेत्रको प्रतिनिधित्वलाई कांग्रेसको केन्द्रीय नेतृत्वसम्म प्रभावकारी रूपमा पुऱ्याउने उद्देश्यसहित उनले अन्तिम समयमा पेशागततर्फबाट उम्मेदवारी दर्ता गराएका हुन् । उनको उम्मेदवारीलाई कलाकारिता क्षेत्रको प्रतिनिधित्वसँगै नयाँ पुस्तालाई पार्टीको नेतृत्वमा जोड्ने प्रयासका रूपमा समेत हेरिएको छ ।

कटुवालको अभियान केवल पद प्राप्त गर्ने उद्देश्यमा सीमित नरहेको उनको भनाइ छ । महाधिवेशन प्रतिनिधि भनेको केन्द्रमा पुगेर मतदान गर्ने मात्र नभई आफ्नो क्षेत्र, समुदाय र कार्यकर्ताको आवाज केन्द्रीय नेतृत्वसम्म पुऱ्याउने जिम्मेवारी भएको उनी बताउँछन् । यही सोचलाई केन्द्रीय सदस्यको भूमिकासँग जोडेर आफू अघि बढेको उनको धारणा छ । कलाकारिताबाट देशभर बनाएको जनसम्पर्क र सामाजिक पहिचानलाई अब पार्टी संगठन तथा जनसेवामा जोड्ने उनको लक्ष्य छ । कांग्रेसलाई समयअनुकूल, गतिशील र जनतासँग अझ नजिकको संगठनका रूपमा अघि बढाउन युवाको सहभागिता बढाउनुपर्नेमा कटुवालले जोड दिँदै आएका छन् । विशेषगरी नयाँ पुस्ताको ऊर्जा, सिर्जनशीलता र क्षमता पार्टीको नीति तथा नेतृत्व निर्माणमा उपयोग गर्नुपर्ने उनको धारणा छ ।

राष्ट्रिय संगीतकर्मी संघको केन्द्रीय अध्यक्षका रूपमा कलाकार तथा संगीत क्षेत्रका समस्या र हकहितका विषय उठाउँदै आएका कटुवालको पेशागत अनुभव पनि उनको उम्मेदवारीको महत्वपूर्ण आधार बनेको छ । कलाकारिता, सामाजिक सरोकार र राजनीतिक सक्रियतालाई एउटै यात्रामा जोडेर अघि बढेका कारण उनको उम्मेदवारीप्रति कांग्रेसभित्र र बाहिर पनि चासो देखिएको छ । रामेछापका महाधिवेशन प्रतिनिधिले आफूलाई दिएको विश्वासलाई जिम्मेवारीका रूपमा लिएको बताउँदै कटुवालले अब केन्द्रीय तहमा पुगेर संगठन सुदृढीकरण, युवाको सहभागिता विस्तार र जनताको आवाज प्रभावकारी रूपमा उठाउने प्रतिबद्धता जनाएका छन् । कांग्रेसको नेतृत्व र संगठनलाई नयाँ पुस्तासँग जोड्न आफ्नो भूमिका अर्थपूर्ण हुने उनको विश्वास छ ।

पेशागत क्षेत्रबाट प्रतिस्पर्धामा रहेका ३६ उम्मेदवारमध्ये क्रमसंख्या १४ मा रहेका कटुवालको अभियान पछिल्ला दिनमा थप सक्रिय र उत्साहजनक देखिएको छ । कलाकारिता क्षेत्रबाट स्थापित जनपहिचान, रामेछापबाट प्राप्त महाधिवेशन प्रतिनिधिको बलियो जनादेश र कांग्रेस संगठनभित्रको सक्रियतालाई आधार बनाउँदै उनले केन्द्रीय सदस्यमा आफ्नो दाबी प्रस्तुत गरेका छन् । कटुवालले कांग्रेसका सम्पूर्ण केन्द्रीय महाधिवेशन प्रतिनिधिलाई पेशागत विषयगत क्षेत्र खुलातर्फ क्रमसंख्या १४ मा मतदान गरी आफ्नो पक्षमा विश्वास प्रकट गर्न आग्रह गरेका छन् । उनको उम्मेदवारीले कांग्रेसको केन्द्रीय नेतृत्वमा कलाकारिता, पेशागत क्षेत्र र नयाँ पुस्ताको प्रतिनिधित्वलाई थप बहसमा ल्याएको छ ।

# कांग्रेस सहमहामन्त्रीमा रामहरि खतिवडाको उम्मेदवारी

## खुलातर्फ क्रमसंख्या ८ मा मत हाल्न अनुरोध




काठमाडौं(जस)-नेपाली कांग्रेसको १५औं महाधिवेशनमा नेता रामहरि खतिवडाले खुला सहमहामन्त्री पदमा उम्मेदवारी दिएका छन् । अघिल्लो कार्यकालमा केन्द्रीय सदस्यका रूपमा पार्टी संगठनमा भूमिका निर्वाह गरेका खतिवडाले अब पदाधिकारी तहमा रहेर कांग्रेसलाई थप बलियो, गतिशील, जनमुखी र सबै पुस्ताको भरोसाको पार्टी बनाउने उद्देश्यसहित आफ्नो उम्मेदवारी अघि सारेका हुन् । नेपाली कांग्रेसको अन्तिम उम्मेदवार नामावलीमा खतिवडाको नाम खुला सहमहामन्त्रीतर्फ क्रमसंख्या ८ मा रहेको छ ।

खतिवडाले आफ्नो उम्मेदवारीलाई व्यक्तिगत पदको आकांक्षाभन्दा पार्टीलाई नयाँ ढंगले अघि बढाउने जिम्मेवारीका रूपमा प्रस्तुत गरेका छन् । कांग्रेसको लोकतान्त्रिक मूल्य, राजनीतिक आदर्श र ऐतिहासिक विरासतलाई जोगाउँदै बदलिँदो समय र नयाँ पुस्ताको अपेक्षाअनुसार संगठनलाई थप गतिशील बनाउनुपर्ने उनको धारणा छ । यसअघि कांग्रेस केन्द्रीय सदस्य रहेका खतिवडा ओखलढुंगाबाट प्रतिनिधिसभा सदस्यसमेत भइसकेका छन् । उनले संघीय संसद्को राज्य व्यवस्था तथा सुशासन समितिको सभापतिको जिम्मेवारीसमेत सम्हालिसकेका छन् । राजनीतिक तथा संसदीय भूमिकामा प्राप्त अनुभवलाई पार्टी संगठनको नेतृत्व तहमा उपयोग गर्ने लक्ष्यसहित उनले सहमहामन्त्री पद रोजेका हुन् ।

१५औं महाधिवेशनमा खुला सहमहामन्त्रीको पदका लागि नौ जना उम्मेदवार प्रतिस्पर्धामा छन् । अन्तिम नामावलीअनुसार खतिवडाको क्रमसंख्या ८ मा छन् । खतिवडाले कांग्रेसलाई केवल निर्वाचनका बेला सक्रिय हुने संगठनका रूपमा नभई निरन्तर जनतासँग जोडिएको राजनीतिक शक्तिका रूपमा विकास गर्नुपर्नेमा जोड दिएका छन् । नेतृत्व र कार्यकर्ताबीचको सम्बन्धलाई थप मजबुत बनाउँदै पार्टीका नीति, विचार र कार्यक्रमलाई नागरिकका दैनिक सरोकारसँग जोड्नुपर्ने उनको धारणा छ ।

# लुम्बिनीबाट कांग्रेस केन्द्रीय सदस्यमा प्रचण्डविक्रम न्यौपाने गुन्टु

## युवापंक्तिमा बढ्दो सक्रियता




काठमाडौं(जस)-नेपाली कांग्रेसको १५औं महाधिवेशनमा लुम्बिनी प्रदेशबाट भूगोलतर्फ केन्द्रीय सदस्य पदमा युवा नेता प्रचण्डविक्रम न्यौपानेले उम्मेदवारी दिएका छन् । विद्यार्थी राजनीतिबाट कांग्रेसको मूल राजनीतिमा स्थापित हुँदै प्रदेशसभा सदस्य र लुम्बिनी प्रदेश सरकारको निवर्तमान उद्योग, पर्यटन तथा यातायातमन्त्रीसम्मको जिम्मेवारी सम्हालिसकेका न्यौपानेले यसपटक केन्द्रीय नेतृत्वमा आफ्नो दाबी प्रस्तुत गरेका हुन् ।

त्रिचन्द्र क्याम्पसको विद्यार्थी राजनीतिबाट राजनीतिक यात्रा अघि बढाएका न्यौपानेले नेपाल विद्यार्थी संघको सहमहामन्त्रीको जिम्मेवारीसमेत सम्हालिसकेका छन्। नेविसंघको केन्द्रीय पदाधिकारीका रूपमा काम गरेका उनी कांग्रेसको १४औं महाधिवेशनबाट लुम्बिनी प्रदेश सदस्य निर्वाचित भएका थिए। त्यसपछि लुम्बिनी प्रदेश कांग्रेसको प्रवक्ताको जिम्मेवारीसमेत सम्हाल्दै संगठन र पार्टीको राजनीतिक गतिविधिमा सक्रिय रहँदै आएका छन् ।

विद्यार्थी राजनीतिबाट सुरु भएको न्यौपानेको राजनीतिक यात्रा प्रदेशसभा हुँदै सरकार सञ्चालनको जिम्मेवारीसम्म पुगेको छ । दाङ क्षेत्र नम्बर २ (ख) बाट प्रदेशसभा सदस्य निर्वाचित न्यौपानेले २०८१ सालमा लुम्बिनी प्रदेश सरकारको उद्योग, पर्यटन तथा यातायातमन्त्रीको जिम्मेवारी सम्हालेका थिए । करिब दुई वर्ष मन्त्रालयको नेतृत्व गरेका उनी हाल निवर्तमान मन्त्रीका रूपमा पार्टीको केन्द्रीय राजनीतिमा अघि बढेका छन् । १५औं महाधिवेशनको प्रक्रियामा दाङ क्षेत्र नम्बर २ बाट महासमिति सदस्यसमेत निर्वाचित भइसकेका न्यौपानेले अब लुम्बिनी प्रदेशको भूगोलबाट केन्द्रीय सदस्यमा उम्मेदवारी दिएका हुन् । दाङ क्षेत्र नम्बर २ बाट निर्वाचित १२ महासमिति सदस्यमध्ये न्यौपाने पनि एक हुन् ।

न्यौपानेको उम्मेदवारीलाई कांग्रेसभित्रको पुस्तान्तरणको बहससँग जोडेर हेरिएको छ । लामो समय विद्यार्थी संगठनमा काम गरेको अनुभव, प्रदेश पार्टी संगठनमा निर्वाह गरेको भूमिका, जनप्रतिनिधिका रूपमा प्राप्त जिम्मेवारी र प्रदेश सरकारमा मन्त्रीका रूपमा काम गरेको अनुभवलाई उनले अब केन्द्रीय तहमा उपयोग गर्ने लक्ष्य राखेका छन् । न्यौपानेले कांग्रेसलाई बलियो, व्यवस्थित र जनतासँग थप जोडिएको संगठनका रूपमा अघि बढाउने विषयलाई आफ्नो मुख्य राजनीतिक प्राथमिकताका रूपमा प्रस्तुत गरेका छन् । उनले अग्रज नेतृत्वको अनुभव र योगदानलाई सम्मान गर्दै नयाँ पुस्तालाई पार्टीको निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता दिलाउनुपर्ने धारणा राख्दै आएका छन् ।

उनको उम्मेदवारी सार्वजनिक भएसँगै लुम्बिनी प्रदेशका कांग्रेससम्बद्ध युवा नेता तथा कार्यकर्तामा पनि सक्रियता बढेको देखिएको छ । दाङसहित लुम्बिनी प्रदेशका विभिन्न जिल्लाका युवा पंक्ति न्यौपानेको अभियानमा जोडिँदै समर्थन जुटाउने प्रयासमा रहेको उनका समर्थकहरू बताउँछन् । विद्यार्थी राजनीतिबाटै नेतृत्व विकास गरेका न्यौपानेले युवाको प्रतिनिधित्व गर्न सक्ने भन्दै युवा कार्यकर्ताहरूले उनको उम्मेदवारीलाई चासोका साथ लिएको उनीहरूको भनाइ छ ।

न्यौपानेको राजनीतिक परिचय भने विद्यार्थी संगठनमा सीमित छैन । नेविसंघको केन्द्रीय जिम्मेवारीदेखि कांग्रेसको प्रदेश संगठन, प्रदेशसभा र सरकार सञ्चालनसम्म विभिन्न तहमा जिम्मेवारी निर्वाह गरिसकेका कारण उनको राजनीतिक यात्राले संगठन र राज्य सञ्चालन दुवै पक्षको अनुभव समेटेको छ। यही अनुभवलाई केन्द्रीय राजनीतिमा लैजाने उद्देश्यसहित उनले भूगोलतर्फबाट उम्मेदवारी अघि सारेका हुन् ।

लुम्बिनी प्रदेश कांग्रेसमा युवाको भूमिका र नेतृत्व हस्तान्तरणको विषय पछिल्लो समय बहसमा रहँदै आएको छ ।

# कांग्रेस केन्द्रीय सदस्य युवा खुलातर्फ सौगात थापाको उम्मेदवारी, क्रमसंख्या २५




काठमाडौं(जस)-नेपाली कांग्रेसको १५औं महाधिवेशनमा युवा खुलातर्फ केन्द्रीय सदस्य पदमा सौगात थापाले उम्मेदवारी दिएका छन्। उम्मेदवारको अन्तिम नामावलीमा क्रमसंख्या २५ युवामा रहेका थापाले नयाँ पुस्ताको ऊर्जा, व्यवसायिक अनुभव र समसामयिक सोचलाई कांग्रेसको केन्द्रीय नेतृत्वसँग जोड्ने उद्देश्यसहित आफ्नो उम्मेदवारी अघि सारेका हुन् ।

युवा पुस्तालाई पार्टीको निर्णय प्रक्रियामा अर्थपूर्ण रूपमा सहभागी गराउनुपर्ने धारणा राख्दै आएका थापाले कांग्रेसलाई समयअनुकूल, गतिशील र युवामैत्री संगठनका रूपमा अघि बढाउन आफ्नो भूमिका केन्द्रीय तहमा खोजेका छन्। उनको उम्मेदवारी युवा नेतृत्वको बहससँगै पार्टीभित्र व्यवसाय, उद्यमशीलता र नयाँ पुस्ताको प्रतिनिधित्वको विषयसँग पनि जोडिएको छ ।

पोखरालाई राजनीतिक तथा सामाजिक कार्यक्षेत्र बनाउँदै आएका थापा विद्यार्थी राजनीतिबाट सार्वजनिक जीवनमा सक्रिय भएका हुन् । नेपाल विद्यार्थी संघको पोखरा महानगर अध्यक्षको जिम्मेवारी सम्हालिसकेका उनले पार्टीको संगठन निर्माण र विद्यार्थी आन्दोलनमा समेत काम गरेका छन् । कांग्रेसको १४औं महाधिवेशनमा महाधिवेशन प्रतिनिधिका रूपमा सहभागी भएका थापा यसपटक युवा खुला समूहबाट केन्द्रीय सदस्यको प्रतिस्पर्धामा उत्रिएका हुन् ।

राजनीतिसँगै व्यवसायिक क्षेत्रमा पनि सक्रिय थापाले निजी क्षेत्रको अनुभवलाई राजनीतिक नेतृत्वसँग जोड्नुपर्ने आवश्यकता औँल्याउँदै आएका छन् । उनका अनुसार युवालाई राजनीतिमा ल्याउने विषय केवल निर्वाचनमा उम्मेदवार बनाउनेसम्म सीमित हुनुहुँदैन, उनीहरूको ज्ञान, सीप, प्रविधि र उद्यमशीलतालाई पार्टीको नीति निर्माणसँग जोड्नुपर्छ। शिक्षा, रोजगारी, उद्यमशीलता र प्रविधिको विकास युवाको प्रमुख सरोकार रहेको उल्लेख गर्दै थापाले यिनै विषयलाई कांग्रेसको राजनीतिक एजेन्डासँग अझ प्रभावकारी रूपमा जोड्नुपर्ने धारणा राखेका छन् । रोजगारीका अवसर सिर्जना, युवालाई उद्यममा प्रोत्साहन र निजी क्षेत्रको विकासमार्फत देशभित्रै सम्भावना विस्तार गर्नुपर्ने उनको जोड छ ।

कांग्रेसमा नयाँ पुस्ताको सहभागिता बढिरहेका बेला थापाको उम्मेदवारीले युवा नेतृत्वको बहसलाई थप अगाडि ल्याएको छ ।

## सम्पादकीय

# बिजुलीको बिल र डिजिटल नेपालको सपना

**नेपालमा पछिल्लो दशकयता 'डिजिटल नेपाल'को चर्चा निकै हुँदै आएको छ। हरेकजसो सरकारले आफ्नो प्राथमिकतामा डिजिटल प्रविधिलाई राखेको बताउँदै आएको छ। सरकारी सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउने, नागरिकलाई घरबाटै सेवा उपलब्ध गराउने र सरकारी कामकारबाहीलाई छिटो, सहज तथा पारदर्शी बनाउने प्रतिबद्धता पनि पटकपटक व्यक्त हुँदै आएका छन्। तर व्यवहारमा भने डिजिटल नेपालको यात्रा अपेक्षित गतिमा अघि बढ्न सकेको देखिँदैन। नेपाल विद्युत प्राधिकरणको विद्युत महसुल भुक्तानीको अवस्थाले पनि यसको एउटा स्पष्ट उदाहरण प्रस्तुत गरेको छ। विद्युत महसुल तिर्ने प्रयोजनका लागि अझै पनि करिब ७३ प्रतिशत ग्राहक भौतिक रूपमा महसुल संकलन काउन्टरमै पुग्ने गरेको तथ्य सार्वजनिक भएको छ। यसको अर्थ ठूलो संख्यामा नागरिक अझै पनि डिजिटल भुक्तानी प्रणालीको पूर्ण उपयोग गर्नबाट टाढा छन्। प्रविधिको पहुँच विस्तार भइरहेको र मोबाइल तथा इन्टरनेटको प्रयोग तीव्र गतिमा बढिरहेको अवस्थामा समेत आधारभूत सेवाको भुक्तानीका लागि नागरिक घण्टौँ लाइनमा बस्नुपर्ने अवस्था रहनु डिजिटल नेपालको नारामाथि नै प्रश्न उठाउने विषय हो।**

**ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका अनुसार नेपाल विद्युत प्राधिकरणका महसुल संकलन काउन्टर सञ्चालनमा मात्रै वार्षिक करिब ६० करोड रुपैयाँ खर्च हुने गरेको छ। यति ठूलो रकम नागरिकलाई डिजिटल माध्यमबाट सेवा उपलब्ध गराउन सकिने अवस्थामा परम्परागत काउन्टर व्यवस्थापनमा खर्च भइरहेको छ। निश्चय नै सबै नागरिक डिजिटल प्रणालीमा अभ्यस्त भइसकेका छैनन्। विशेषगरी ज्येष्ठ नागरिक, प्रविधिसँग कम परिचित व्यक्ति तथा ग्रामीण क्षेत्रमा बसोबास गर्ने नागरिकका लागि डिजिटल भुक्तानी अझै चुनौतीपूर्ण हुन सक्छ। त्यसैले काउन्टर तत्काल बन्द गरेर सबै सेवा डिजिटलमा मात्र सीमित गर्ने नीति व्यवहारिक हुँदैन। तर काउन्टरमै निर्भर रहने प्रवृत्तिलाई निरन्तरता दिनु पनि डिजिटल रूपान्तरणको उद्देश्यविपरीत रहेको देखिन्छ। डिजिटल भुक्तानीको विस्तारले नागरिकको समय र पैसा मात्र बचत गर्दैन, यसले सार्वजनिक स्रोतको समेत प्रभावकारी उपयोग गर्न सक्छ। नगद कारोबार घट्दा वित्तीय पारदर्शिता र कारोबारको सुरक्षासमेत बढाउन सकिन्छ। त्यसैले डिजिटल भुक्तानीलाई केवल प्रविधिको प्रयोगका रूपमा नभई सुशासन र सार्वजनिक स्रोतको व्यवस्थापनसँग जोडेर हेर्न आवश्यक छ। तर यहाँ अर्को महत्वपूर्ण प्रश्न पनि छ। सरकारले वर्षौंदेखि डिजिटल नेपालको नारा दिइरहेको भए पनि नागरिकलाई डिजिटल सेवामा आकर्षित गर्न आवश्यक वातावरण कति बनाएको छ? डिजिटल सेवा प्रयोग गर्न नागरिकसँग स्मार्ट उपकरण र इन्टरनेटको पहुँच मात्र भएर पुग्दैन। सेवा सरल, भरपर्दो, सुरक्षित र सहज हुनुपर्छ। कतिपय सरकारी डिजिटल प्रणालीमा प्राविधिक समस्या आउने, सेवा अवरुद्ध हुने, एउटै कामका लागि पटकपटक विवरण भर्नुपर्ने तथा डिजिटल प्रणाली प्रयोग गर्न नजान्ने नागरिकका लागि पर्याप्त सहयोग उपलब्ध नहुने समस्या अझै छन्। यस्तो अवस्थामा नागरिकलाई जबर्जस्ती डिजिटल प्रणालीमा धकेल्नुभन्दा पहिले प्रणालीप्रतिको विश्वास बढाउन आवश्यक हुन्छ।**

**डिजिटल नेपालको सपना पूरा गर्न सरकारले ठूला योजना र आकर्षक घोषणाभन्दा पनि नागरिकले दैनिक जीवनमा प्रत्यक्ष अनुभव गर्ने सेवाबाट सुरुवात गर्नुपर्छ। विद्युत महसुल, खानेपानी, टेलिफोन, कर, यातायात, सरकारी दस्तुरलगायत नियमित रूपमा तिर्नुपर्ने रकम डिजिटल माध्यमबाट सहज रूपमा भुक्तानी गर्न सकिने वातावरण बनाउनु त्यसको महत्वपूर्ण आधार हो। यसका लागि डिजिटल साक्षरता विस्तारसँगै गाउँगाउँसम्म भरपर्दो इन्टरनेट, सुरक्षित भुक्तानी प्रणाली र नागरिक सहायता केन्द्र आवश्यक छन्। अझ महत्वपूर्ण कुरा, डिजिटल नेपाल भनेको केवल सरकारी कार्यालयमा कम्प्युटर राख्नु वा मोबाइलबाट केही सेवा उपलब्ध गराउनु मात्र होइन। डिजिटल प्रविधिले नागरिकको समय बचाउनुपर्छ, खर्च घटाउनुपर्छ, सेवा लिनका लागि हुने झन्झट हटाउनुपर्छ र राज्यप्रतिको विश्वास बढाउनुपर्छ। यदि डिजिटल प्रणाली हुँदाहुँदै पनि नागरिकले उही सेवा लिन कार्यालय धाउनुपर्छ भने त्यो डिजिटल रूपान्तरणको सफल उदाहरण हुन सक्दैन। डिजिटल भुक्तानीमा कुनै अतिरिक्त झन्झट, असुरक्षा वा लुकेको शुल्क नहोस् भन्ने सुनिश्चित गर्नुपर्छ। डिजिटल नेपालको सपना भाषण र नाराबाट होइन, नागरिकको दैनिक जीवनमा आउने परिवर्तनबाट पूरा हुने हो। विद्युतको बिल तिर्न नागरिकले लाइनमा बस्नुपर्ने बाध्यता हटाउन सकियो भने त्यो डिजिटल नेपालको एउटा सानो तर महत्वपूर्ण उपलब्धि हुनेछ। राज्यले अब डिजिटल नेपालको सपना सुनाउनेभन्दा नागरिकलाई त्यसको प्रत्यक्ष अनुभूति गराउनेतर्फ ध्यान दिनुपर्छ। प्रविधि नागरिकका लागि हो भन्ने अनुभूति जब व्यवहारमै हुन थाल्छ, त्यही दिनदेखि डिजिटल नेपालको वास्तविक यात्रा सुरु भएको मान्न सकिन्छ।**

## जानकारी

### ट्रम्पले मागे नोबेल शान्ति पुरस्कार

काठमाडौं। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले फेरि एकपटक नोबेल शान्ति पुरस्कारको लागि आफ्नो दाबी प्रस्तुत गरेका छन्। आठवटा युद्ध समाप्त गर्न र अन्य धेरै द्वन्द्वहरू रोक्न मद्दत गरेको दाबीसहित उनले नोबेल शान्ति पुरस्कार आफूले पाउनुपर्ने बताएका छन्। उनले पुरस्कार नदिएकोमा नोबेल समितिको विश्वसनीयतामाथि प्रश्न उठाए। ट्रम्पले बाराक ओबामालाई दिइएको सम्मानको आलोचना गर्दै करको धम्कीलाई आफ्नो शान्ति प्रयासको लागि महत्वपूर्ण रूपमा उल्लेख गरेका छन्।

यति महत्वपूर्ण उपलब्धिहरूको बाबजुद पुरस्कार प्राप्त नभएको भन्दै बुधबार दिउँसो ह्वाइट हाउसको ओभल अफिसमा पत्रकारहरूसँगको कुराकानीमा उनले भने, 'यसले नोबेल समितिको विश्वसनीयतालाई हानि पुर्‍याउनेछ।' नर्वेजियन नोबेल समितिले शुक्रबार नोबेल शान्ति पुरस्कार घोषणा गर्ने कार्यक्रम छ।

पत्रकारहरूसँगको कुराकानीमा आफ्ना उपलब्धिहरूलाई उल्लेख गर्दै ट्रम्पले भने उनले अतुलनीय कदमहरू चालेका छन्। उनले भने, 'मैले त्यस्तो काम गरेको छु जुन अरू कसैले गरेको छैन। म आफ्नो प्रशंसा गरिरहेको छैन, तर केवल तथ्यहरू बताउँदै छु। सायद कुनै पनि राष्ट्रपतिले कहिल्यै युद्ध समाप्त गरेको छैन। मैले आठ युद्ध समाप्त गरेको छु।' ट्रम्पका अनुसार जब कुनै नेताले आठ युद्ध रोकेको दाबी गर्छ र उसको योगदानलाई बेवास्ता गर्नु समितिको लागि ठूलो क्षति हुन सक्छ। हरेक वर्ष ट्रम्पले नोबेल पुरस्कारमा दाबी गर्दै आएका छन्।

- एजेन्सी

# लोकतन्त्रको अबको यात्रा परिणाममुखी लोकतन्त्र

–डा दामोदर रेग्मी

**अब सुशासन, समृद्धि, न्याय र समान अवसरका माध्यमबाट ती अधिकारलाई जीवन्त बनाउने समय हो। किनकी लोकतन्त्रको अन्तिम अर्थ यही हो जनताले राज्यलाई आफ्नो ठानुन्, राज्यले जनतालाई केन्द्रमा राखोस् र प्रत्येक नेपालीले आफ्नै देशमा आफ्नो भविष्य देख्न सकोस्। यही विश्वास पुनर्जागृत गर्न सकियो भने नेपालको लोकतान्त्रिक यात्रा केबल इतिहासको गौरवमात्र बन्ने छैन भविष्यको आशाको आधार पनि बन्नेछ।**

नेपालको लोकतान्त्रिक इतिहास केवल शासन परिवर्तनको कथा होइन, यो नेपाली जनताको स्वतन्त्रता, सम्मान, अधिकार र सुन्दर भविष्यको खोजीमा गरिएको निरन्तर यात्राको कथा हो। विसं २००७ को प्रजातान्त्रिक आन्दोलनदेखि २०४६ सालको जनआन्दोलन र २०६२/६३ को ऐतिहासिक जनआन्दोलनसम्म आइपुग्दा नेपाली जनताले पटकपटक इतिहासको दिशा परिवर्तन गरेका छन्। प्रत्येक आन्दोलनले एउटा नयाँ ढोका खोलेको छ, निरङ्कुशताबाट प्रजातन्त्रतर्फ, राजकीय सर्वोच्चताबाट जन सार्वभौमसत्तातर्फ, एकात्मक केन्द्रीकरणबाट सङ्घीयतातर्फ र सीमित अधिकारबाट व्यापक नागरिक अधिकारतर्फ। आज हामी सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अभ्यास गरिरहेका छौँ तर इतिहासको एउटा सुन्दर उपलब्धि प्राप्त गरिसकेपछि अर्को प्रश्न जन्मिन्छ-के लोकतन्त्रले जनताको जीवनमा आफूले वाचा गरेजति परिवर्तन ल्याउन सकेको छ? तर यो प्रश्न अब अनुत्तरित रहिरहनु हुँदैन।

लोकतन्त्रको वास्तविक परीक्षा हाम्रा प्रक्रियामाभन्दा नागरिकको घरदैलोमा हुन्छ। संविधानका पानामा अधिकार लेखिनु महत्वपूर्ण उपलब्धि हो तर ती अधिकारको अनुभूति नागरिकले आफ्नो दैनिक जीवनमा गर्न सकेन भने लोकतन्त्र अधुरो रहन्छ। जब एउटा सामान्य नागरिकले सरकारी सेवा लिन पहुँच वा चिनजान खोज्नु पर्दैन, युवाले भविष्य निर्माणका लागि विदेसिनैपर्छ भन्ने बाध्यता हुँदैन, किसानले आफ्नो उत्पादनको उचित मूल्य पाउँछन्, उद्यमीले निष्पक्ष वातावरणमा व्यवसाय गर्न सक्छन्, कमजोर वर्गले राज्य आफूहरूसँग छ भन्ने अनुभूति गर्छन्-त्यतिबेला मात्र लोकतन्त्रले वास्तविक जीवन्तताको अर्थ पाउँछ। यसो भन्दै गर्दा नेपालको लोकतान्त्रिक यात्राले धेरै उपलब्धि दिएको छ भन्नेबारे कदापी भुल्नु हुँदैन। यस अवधिमा राजनीतिक अधिकार विस्तार भएका छन्। मौलिक अधिकार संस्थागत भएका छन्। समावेशिता, सामाजिक न्याय, समानता, लैङ्गिक सहभागिता र पिछडिएका वर्ग तथा समुदायका अधिकार शासनको मूल बहसमा आएका छन्। विकास निर्माणले गति लिएको छ। सडक, सञ्चार, शिक्षा, स्वास्थ्य, विद्युत् र प्रविधिको पहुँच विगतको तुलनामा व्यापक बनेको छ। सङ्घीय संरचनाले राज्यलाई नागरिकको अझ नजिक पुर्‍याउने सम्भावनाको ढोका खोलेको छ तर उपलब्धिको सूची लामो हुँदैमा नागरिक सन्तुष्ट हुन्छन् भन्ने छैन। नागरिकले किताबी उपलब्धि गन्नुभन्दा आफ्नो जीवनमा आएको परिवर्तन महसुस गर्न चाहन्छन्।

यसैविन्दुबाट हाम्रो लोकतान्त्रिक यात्राको अर्को चुनौती सुरु हुन्छ, राजनीतिक परिवर्तनलाई लोकतान्त्रिक संस्कारमा रूपान्तरण गर्ने चुनौती। विगतमा आन्दोलनका दिनमा देखिएको त्याग, साहस, आदर्श र एकता शासन सञ्चालनका क्रममा पनि कायम रहनुपर्छ तर हामी कतिपय अवस्थामा यस परीक्षामा कमजोर देखिएका छौं। व्यवस्था परिवर्तन गर्न हामीले ठूलो मूल्य चुकायौं तर व्यवहार परिवर्तन गर्न त्यति नै गम्भीर हुन सकेनौं। संस्था निर्माण गर्‍यौं तर संस्थागत संस्कार निर्माण गर्न सकेनौं। अधिकारको भाषा सिक्यौं तर उत्तरदायित्वको भाषा त्यति बलियो बनाउन सकेनौं। लोकतन्त्रको नाम लियौं तर लोकतान्त्रिक आचरणलाई जीवनशैली बनाउन अझै बाँकी छ। लोकतन्त्रको आत्मा नैतिकता हो। सार्वजनिक पद कुनै व्यक्तिगत सुविधा वा प्रभाव विस्तार गर्ने माध्यम होइन यो जनताले दिएको विश्वासको जिम्मेवारी हो। जब सार्वजनिक जीवनमा सदाचार कमजोर हुन्छ, स्वार्थ हावी हुन्छ, निर्णय प्रक्रियामा पारदर्शिता हराउँछ र भ्रष्टाचारप्रति सहनशीलता बढ्छ तब क्षति केवल राज्यकोषलाई मात्र हुँदैन त्यतिबेला नागरिकको विश्वासमा चोट पुग्छ, नैराश्यता चुलिँदै जान्छ। यसरी राज्यप्रतिको विश्वास कमजोर हुनु लोकतन्त्रका लागि सबैभन्दा गम्भीर सङ्कट हो। त्यसैले भ्रष्टाचार नियन्त्रण केवल कानुनी कारबाहीको विषय मात्र होइन। यो राजनीतिक इच्छाशक्ति, प्रशासनिक सदाचारिता र सामाजिक संस्कारको प्रश्न पनि हो।

सेवा प्रवाह लोकतन्त्रको सबैभन्दा प्रत्यक्ष अनुहार हो। नागरिकले सरकारलाई भाषणबाट होइन, सेवा केन्द्रबाट चिन्छ, अस्पताल, विद्यालय, वडा कार्यालय, मालपोत, यातायात, सामाजिक सुरक्षा र अन्य सार्वजनिक सेवाको सहजताबाट अनुभव गर्छ। सेवा प्राप्त गर्न सजिलो छ कि कठिन, कर्मचारीले सम्मानपूर्वक व्यवहार गर्छन् कि गर्दैनन्, निर्णय समयमा हुन्छ कि हुँदैन, प्रक्रिया पारदर्शी छ कि छैन यिनै प्रश्नले नागरिकको मनमा सरकारको चित्र बन्ने गर्दछ। त्यसैले सुशासनको पहिलो प्रयोगशाला नागरिकको घरदैलो हो,सेवा प्राप्ति पछिको सेवाग्राहीको अनुहार हो। यही सन्दर्भमा २०८२ भदौको जेनजी आन्दोलनलाई गम्भीरतापूर्वक बुझ्नु आवश्यक छ। यसलाई केवल एउटा राजनीतिक घटना वा तत्कालीन असन्तुष्टिको विस्फोटका रूपमा मात्र हेर्नु उचित हुँदैन। यसमा नयाँ पुस्ताको आकाङ्क्षा, अवसरको खोजी, पारदर्शिताको माग, सुशासनप्रतिको आग्रह र पुरानो राजनीतिक संस्कारप्रतिको असन्तुष्टि पनि प्रतिविम्बित भएको देखिन्छ। आजको युवा प्रश्न गर्छन् इतिहासमा धेरै आन्दोलन भए, शासन व्यवस्था धेरैपटक फेरियो, तर हाम्रो जीवनमा परिवर्तनको गति किन सुस्त छ, मैले अवसरका लागि आफ्नो घर, गाउँ र देश किन छोड्नुपर्छ, राज्यसँग मेरो भविष्यको सम्बन्ध के हो।

यी प्रश्नहरुलाई असन्तोषको आवाज भनेर दबाउने होइन वा न्यून महत्व दिने होइन, लोकतन्त्रलाई अझ परिपक्व बनाउने अवसरका रूपमा ग्रहण गर्नुपर्छ। नयाँ पुस्तालाई उपदेशभन्दा अवसर चाहिएको छ। भाषणभन्दा परिणाम चाहिएको छ। आश्वासनभन्दा विश्वास चाहिएको छ। प्रतिस्पर्धाका लागि अवसर चाहिएको छ। योग्यता प्रणालीको कदर चाहिएको छ। पुरानो शैलीको असान्दर्भिक प्रवृत्तिको निरन्तरताभन्दा उत्तरदायी शासन चाहिएको छ। त्यसैले युवाको आवाजलाई सुन्नु आजको लोकतान्त्रिक नेतृत्वको पहिलो परीक्षा हो। यस परिवर्तनका केन्द्रमा दुई प्रमुख शासकीय पात्र छन्, निर्वाचित राजनीतिक नेतृत्व र प्रशासनिक संयन्त्र। राजनीतिक नेतृत्वले जनादेशलाई व्यक्तिगत वा दलगत स्वार्थभन्दा माथि उठाएर सार्वजनिक हितमा प्रयोग गर्नुपर्छ। नीति निर्माणमा दूरदृष्टि, तथ्यमा आधारित निर्णय, पारदर्शिता र दीर्घकालीन राष्ट्रिय हितलाई प्राथमिकता दिनुपर्छ। प्रशासनले राजनीतिक तटस्थता, व्यावसायिकता, दक्षता, सदाचार र नागरिकमैत्री व्यवहारको प्रतिबद्धतालाई आफ्नो आधार बनाउनुपर्छ। राजनीतिक नेतृत्वले प्रशासनलाई अनावश्यक हस्तक्षेपबाट मुक्त गर्नुपर्छ र प्रशासनले पनि आफ्नो व्यावसायिक जिम्मेवारीबाट पन्छिनु हुँदैन। राजनीति र प्रशासनबीचको स्वस्थ सम्बन्ध नै प्रभावकारी शासनको आधार हो।

सङ्घीयता हाम्रो लागि अर्को महत्वपूर्ण अवसर हो। सङ्घीयता केवल अधिकारको तहगत बाँडफाँट मात्र होइन, यो नागरिकलाई राज्यसँग नजिक ल्याउने सजिलो माध्यम पनि हो। सङ्घ, प्रदेश र स्थानीय तहबीच अधिकारको प्रतिस्पर्धाभन्दा सहकार्यको संस्कृति विकास गर्न आवश्यक छ। सङ्घले राष्ट्रिय नीति, मापदण्ड र समन्वयमा नेतृत्व लिनुपर्छ। प्रदेशले क्षेत्रीय विकास, समन्वय र सेवा व्यवस्थापनमा आफ्नो विशिष्ट भूमिका देखाउनुपर्छ। स्थानीय तह नागरिकको सबैभन्दा नजिकको सरकार भएकाले जनसेवा, स्थानीय विकास र नागरिक सहभागिताको उत्कृष्ट नमुना बन्नुपर्छ। तीनै तहले आफूलाई अलगअलग शक्ति केन्द्रका रूपमा होइन, एउटै राज्य प्रणालीका पुरक अङ्गका रूपमा बुझ्न सके सङ्घीयताको सार अझ बलियो हुनेछ। तर सरकार मात्र परिवर्तनको वाहक होइन। निजी क्षेत्र आर्थिक रूपान्तरणको महत्वपूर्ण इन्जिन हो। रोजगारी, उत्पादन, उद्यमशीलता, प्रविधि र नवप्रवर्तनको विस्तारबिना लोकतन्त्रको सामाजिक आधार बलियो हुन सक्दैन। त्यसैले निजी क्षेत्रलाई शङ्काको दृष्टिले हेर्ने होइन, पारदर्शी नियमन र जिम्मेवार साझेदारीका माध्यमबाट विकासको सहयात्री बनाउनु आवश्यक छ। नाफा र सामाजिक उत्तरदायित्वबीच सन्तुलन कायम गर्दै जिम्मेवार व्यवसाय संस्कार विकास गर्नुपर्छ।

नागरिक समाज, गैरसरकारी संस्था, विकास साझेदार र सञ्चार क्षेत्रको भूमिका पनि कम महत्वपूर्ण छैन। नागरिक समाज लोकतन्त्रको पहरेदार मात्र होइन, नीति संवाद र सामाजिक नवप्रवर्तनको साझेदार बन्नुपर्छ। गैरसरकारी संस्थाले परियोजनाको सङ्ख्या र चिल्ला कागजमा देखिने प्रगति होइन, परिणाम र संस्थागत क्षमतालाई आफ्नो सफलताको मापदण्ड बनाउनुपर्छ। विकास साझेदारहरूले बाह्य सहयोगलाई राष्ट्रिय प्राथमिकता र स्थानीय स्वामित्वसँग जोड्नुपर्छ। सञ्चारमाध्यमले लोकतन्त्रको चौथो अङ्गका रूपमा प्रश्न गर्ने मात्र होइन, सत्यको खोजी, तथ्यको प्रस्तुति र रचनात्मक सार्वजनिक बहसको वातावरण निर्माण गर्नुपर्छ। शिक्षालयको भूमिका अझ गहिरो छ। विश्वविद्यालय र विद्यालयले केबल प्रमाणपत्र बाँड्ने होइन, विवेक, चरित्र, सिर्जनशीलता र नागरिक चेतना निर्माण गर्नुपर्छ। हामीले युवालाई विदेश जाने प्रमाणपत्र दिने होइन, देशमै अवसर खोज्ने र सिर्जना गर्ने क्षमता पनि दिनुपर्छ। अनुसन्धान, नवप्रवर्तन, उद्यमशीलता र ज्ञानमा आधारित अर्थतन्त्रको विकासबिना नेपालले आफ्ना सम्भावनालाई समृद्धिमा बदल्न सक्दैन।

वास्तवमा नेपालमा सम्भावनाको कमी छैन, कमी छ त त्यसलाई व्यवस्थित रूपमा परिचालन गर्ने संस्थागत क्षमता, नीति निरन्तरता र कार्यान्वयनको दृढतामा। जलस्रोत, पर्यटन, कृषि, जैविक विविधता, सूचना प्रविधि, मानव पुँजी र उद्यमशील युवा हाम्रा शक्तिहरु हुन् हाम्रा तुलनात्मक लाभका क्षेत्रहरु हुन्। समस्या स्रोतको अभाव मात्र होइन, स्रोतको उचित व्यवस्थापन र सार्वजनिक संस्थाको प्रभावकारिताको पनि हो। त्यसैले अब हामीले नेपालमा केही हुँदैन भन्ने निराशाको मनोविज्ञानबाट बाहिर निस्केर नेपालमा के गर्न सकिन्छ भन्ने सम्भावनाको मनोविज्ञान निर्माण गर्नुपर्छ। यसका लागि लोकतन्त्रलाई निर्वाचनको चक्रबाट परिणामको चक्रमा लैजानै पर्दछ। पाँच वर्षमा एकपटक मत माग्ने लोकतन्त्रको अपरिहार्य पक्ष त हो तर नागरिकले पाँच वर्षमा एकपटक दिएको मतले प्रत्येक दिन राज्यको सवल उपस्थितिमा लोकतन्त्रको अनुभूति गर्न पाउनुपर्छ। लोकतन्त्रको सफलता सरकार कति लामो समय टिक्यो भन्नेमा मात्र होइन, नागरिकको जीवन कति सहज भयो भन्नेमासमेत मापन हुनुपर्छ। कति बजेट खर्च भयो भन्नेभन्दा त्यसले कति जीवन बदल्यो भन्ने महत्वपूर्ण हो। कति कानुन बने भन्नेभन्दा तिनले कति न्याय र अवसर सिर्जना गरे भन्ने महत्वपूर्ण हो।

आज नेपाललाई निराशाको कथाको पुनरावृत्ति होइन, सम्भावनाको व्यावहारिक सुखद् सपनाको आवश्यकता छ। हामीले विगतका आन्दोलनलाई केबल स्मृतिमा राखेर पुग्दैन तिनका आदर्शलाई वर्तमानको शासन संस्कारमा उतार्नुपर्छ। विसं २००७ ले स्वतन्त्रताको सपना देखायो, २०४६ सालले बहुदलीय लोकतन्त्रलाई पुनःस्थापित गर्‍यो, २०६२/६३ ले लोकतान्त्रिक गणतन्त्रको बाटो खोल्यो। विसं २०८२ भदौको जेनजी विद्रोहले युवापुस्तालई आशावादी बनायो। यस परिवेशमा अबको जिम्मेवारी लोकतन्त्रलाई जनताको मनमा स्थापित गर्नु हो। यस यात्रामा सबैभन्दा ठूलो प्रश्न सरकार कसको बन्यो भन्ने होइन, सरकार कस्तो बन्यो भन्ने हो। प्रश्न कुन दल सत्तामा छ भन्ने मात्र होइन, त्यो सत्ताले जनताको जीवनमा के कति परिवर्तन ल्यायो भन्ने हो। प्रश्न राज्य कति शक्तिशाली छ भन्ने मात्र होइन, नागरिक कति सुरक्षित, सम्मानित र सक्षम छन् भन्ने हो।

नेपालको सुखद भविष्यका सर्जक हामी सबै हौँ। यो हाम्रो सामूहिक कर्मले लेखिने साझा पाना हो। राजनीतिक नेतृत्व भविष्य द्रस्टा बन्न सक्यो, सार्वजनिक प्रशासनले व्यावसायिकता रोज्न सक्यो, निजी क्षेत्रले जिम्मेवारी अँगाल्न सक्यो, नागरिक समाजले रचनात्मक निगरानी गर्‍यो, शिक्षालयले ज्ञान र चरित्र निर्माण रोज्यो र नागरिकले अधिकारसँगै कर्तव्यलाई आत्मसात् गर्‍यो भने लोकतन्त्र केबल असल शासन प्रणाली मात्र रहने छैन यो जीवन पद्दति बन्नेछ। हामीले धेरैपटक व्यवस्था परिवर्तन गर्‍यौं। अब व्यवहार र अवस्था परिवर्तन गर्ने समय हो। धेरैपटक नयाँ सुरुआतको घोषणा गर्‍यौं। अब त्यसलाई परिणाममा बदल्ने समय हो। आफैँले गरेका धेरै आन्दोलनबाट हामीलाई अधिकार दिलायौं। अब सुशासन, समृद्धि, न्याय र समान अवसरका माध्यमबाट ती अधिकारलाई जीवन्त बनाउने समय हो। किनकी लोकतन्त्रको अन्तिम अर्थ यही हो जनताले राज्यलाई आफ्नो ठानुन्, राज्यले जनतालाई केन्द्रमा राखोस् र प्रत्येक नेपालीले आफ्नै देशमा आफ्नो भविष्य देख्न सकोस्। यही विश्वास पुनर्जागृत गर्न सकियो भने नेपालको लोकतान्त्रिक यात्रा केबल इतिहासको गौरवमात्र बन्ने छैन भविष्यको आशाको आधार पनि बन्नेछ।

(नेपाल सरकारका पूर्वसचिव हुनुहुन्छ)

# शिक्षकबाट कृषिउद्यमी बनेका फेन्चु अरुका लागि अनुकरणीय

वासुदेव पौडेल र वसन्त भण्डारी

**आफ्नो व्यावसायिक यात्रामा बाहिरका व्यक्तिले के भन्छन्भन्दा पनि आफ्नो निरन्तरको लगाव र परिवारको साथ सहयोगले नै मलाई यो अवस्थामा पुर्‍याएको हो।**

हेटौँडा उपमहानगरपालिका-१३ पदमपोखरी आदामारका ३७ वर्षीय युवा फेन्चु लामा आजभन्दा १० वर्षअघिसम्म शिक्षण पेसामा आबद्ध हुनुहुन्थ्यो। गणित विषयमा स्नातक तथा योजना व्यवस्थापनमा स्नातकोत्तरसम्म अध्ययन गर्नुभएका लामाले मनहरी गाउँपालिका-१ मकरीस्थित बालजीवन ज्योति माध्यमिक विद्यालयमा अध्यापन गरिहँदा उहाँमा कृषि उद्यमतर्फको रुचि जागेर आयो। आफ्नो रुचि र जाँगरसँगै परिवारको साथ र समर्थनका जगमा कृषिको व्यावसायिकतामा लागेका लामा अहिले हेटौँडाकै एउटा नमुना कृषि उद्यमीका रुपमा परिचित हुनुहुन्छ। विसं २०७३ देखि बाख्रापालन थाल्नुभएका उहाँ छ वर्षदेखि ड्रागनको खेती गर्दै आउनुभएको छ। पदमपोखरीमा एमएनएस एग्रो प्रालि सञ्चालन गर्दै उहाँले त्यसै कम्पनिमार्फत करिब ३० कट्ठा जमिनमा ड्रागनखेती गरिहनुभएको छ। त्यस्तै उहाँले ड्रागनखेतीसँगै विभिन्न अन्तरबाली पनि लगाउनुभएको छ। उहाँको फार्ममा करिब १० मेट्रिकटन क्षमताको शीतभण्डार, पोलीहाउस संरचना, सिँचाइ पूर्वाधार तथा मिनीटिलर र ट्र्याक्टरसहितको यान्त्रिकीकरण उपयोग गरिएको छ। उहाँले फार्मसँगै कृषि सामग्रीका लागि मिमा सप्लायर्स र पशु स्वास्थ्यका लागि मिमा भेट फार्म पनि सञ्चालन गर्दै आउनुभएको छ।

समाजमा आधुनिक कृषि प्रविधिको विकाससँगै कृषि पर्यटन, रोजगारी सिर्जना गर्ने लक्ष्यका साथ सुरुमा बाख्रापालनबाट उहाँले व्यावसायिकतामा हात हाल्नुभएको हो। सुरुमा घरमा नै १५ वटा बाख्रा रहेकामा उहाँले क्रमशः बाख्रा थप्दै १०० वटासम्म बाख्रा पालेको अनुभव सुनाउनुभयो। बुबा रत्नकुमार लामाले २०५३ सालदेखि पदमपोखरीमा सञ्चालन गर्नुभएको एग्रेभेटले जगाएको कृषिप्रतिको इच्छा, बुबासँगै आमा सुमित्राकुमारीको प्रेरणा र श्रीमती सपनाको निरन्तरको साथ र सहयोगले उहाँ कृषिका बहुविकल्पलाई अँगाल्ने कृषिउद्यमीका रुपमा परिचित बन्नुभएको छ। शिक्षण पेसाबाट व्यावसायिक कृषिमा लम्कनका लागि पदमपोखरी चोकमा बुबा रत्नकुमारले सञ्चालन गर्दै आउनुभएको एग्रोभेट पसल महत्वपूर्ण माध्यम बन्न पुगेको उहाँको भनाइ छ। उक्त एग्रेभेटमा किसान सधैँ आफ्ना समस्या र समाधान खोज्दै आउने र त्यहाँ बस्दा किसानका कुरा सुनेपछि आफूहरू उत्पादनमा लाग्नुपर्छ भन्ने भावना जागृत बनेको उहाँले अनुभव सुनाउनुभयो। नेपाल पूर्ण रूपमा आयातमा निर्भर भएका अवस्थामा उत्पादनमा नलाग्ने हो भने देशमा परिवर्तन आउन नसक्ने ठहरसहित आफू व्यावसायिक कृषिमा होमिएको उहाँको तर्क छ।

कृषिको व्यावसायिकता तथा उत्पादनमूलक क्षेत्रमा केही गर्नुपर्छ भन्ने सोचका साथ बाख्रापालनबाट यस क्षेत्रमा लाँदैगर्दा ड्रागन फलको बजारमा उच्च मूल्य, बोयर बाख्राको उन्नत जात र सयपत्री फूलको बढ्दो माग आदिलाई दृष्टिगत गर्दै यसतर्फ आकर्षित बन्न पुगेको उहाँले बताउनुभयो। ड्रागनबाट व्यावसायिक उत्पादन लिन कम्तीमा पाँच वर्षको धैर्यता चाहिने बताउँदै उहाँले फल पाक्नेबेला चराचुरङ्गीले करिब १० प्रतिशतसम्म क्षति पुर्‍याउने, ढुसीजन्य रोगको प्रकोप देखिनेजस्ता विभिन्न समस्या आउने बताउनुभयो। आफ्नो फार्ममा चराबाट बचाउन 'बर्ड नेट' र फललाई सुरक्षित राख्न 'ब्यागिङ'को काम गरिएको उहाँले जानकारी दिनुभयो। अन्तरबालीअन्तर्गत मेवा, सयपत्री आदिको समेत उत्पादन गर्दै आएका उहाँले वार्षिक ड्रागन फलबाट वार्षिक ३० लाख रुपैयाँ बराबरको उत्पादन गर्नुभएको छ भने पाँच लाख रुपैयाँ बराबरको मेवा उत्पादन गर्नुभएको छ। त्यस्तै, उहाँले वार्षिक एक लाख रुपैयाँसम्मको सयपत्रीको उत्पादन गरिहनुभएको छ। उहाँको फार्ममा हाल १० हजार बोट ड्रागन फलका बोटसँगै ५०० को सङ्ख्यामा मेवाका बोट रहेका छन्।

लामाको फार्म पूर्ण रूपमा पारिवारिक जनशक्ति र ज्ञानमा आधारित रहेको छ। प्राविधिक अनुभवसहित उहाँका बुबा यसमा सक्रिय हुनुहुन्छ भने श्रीमतीको कृषिकै अध्ययन र आफू पनि स्नातकोत्तर गरेपछि जेटिए पढेर कृषिसम्बन्धी विशेष तालिम लिनुभएको छ। उहाँहरूको परिवार सबै एकताबद्ध रुपमा फार्ममा खटिरहेको छ भने अन्य चार जना स्थायी कामदार रहेका छन्। मुख्य याममा भने थप ४०० जनासम्मका मजदुर खटाउने गरिएको छ। पछिल्ला वर्षमा फार्ममार्फत अरूलाई पनि सिकाएर कृषिमा काम गर्नसक्ने दक्ष बनाएको उहाँले बताउनुभयो। यहाँको सफलता देखेर पछिल्ला समयमा ठाउँठाउँबाट उहाँसँग जान्न र सिक्न आउनेको सङ्ख्या पनि बढ्दो छ। जान्न तथा बुझ्न चाहनेलाई आफूले जानेका, भोगेका सीप र अनुभव बाँड्दै आउनुभएको छ।

निरन्तरको लगाव र मेहनतकै कारण उहाँले स्थानीय तहदेखि प्रदेश र राष्ट्रियस्तरसम्मका विभिन्न उत्कृष्ट कृषक सम्मानसमेत प्राप्त गरिसक्नुभएको छ। उहाले २०७९ सालमा राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार प्राप्त गर्नुभएको छ। भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, मकवानपुरको आयोजनामा सञ्चालित जिल्लास्तरीय राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार कार्यक्रमअन्तर्गत मकवानपुर जिल्लाबाट उक्त वर्षको उत्कृष्ट कृषकमा उहाँ छनोट हुनुभएको थियो। हेटौँडा उपमहानगरपालिकाको ५५औं नगर दिवसका अवसरमा उहाँलाई एम एन एस एग्रो प्रालि स्थापना गरी ड्रगन फल, मेवा, खरबुजा, एभोकाडोलगायतका फलफूल, सयपत्री फूल, तरकारीखेती, नर्सरी र बाख्रापालन व्यावसायिक रूपमा सञ्चालन गरी स्वदेशमै रोजगारी सिर्जना गरी युवाका लागि प्रेरणाको स्रोत बनेको भन्दै सिर्जनकशील कृषक सम्मान २०८० बाट उहाँलाई सम्मान गरिएको थियो। प्रदेश कृषि थोकबजार हेटौँडा-११, थानाभर्‍याङमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश र हेटौँडा उपमहानगरपालिकाको संयुक्त आयोजनामा यसैवर्ष असार ११-१३ गते सम्पन्न ड्रागन फ्रुट महोत्सव-२०८३ को प्रविधि प्रदर्शन विधामा एम एन एस एग्रो प्रालिका सञ्चालकका रूपमा उहाँले प्रथम पुरस्कार प्राप्त गर्नुभएको थियो। लामाले आगामी दिनमा केबल उत्पादनमा मात्र नभई उत्पादित वस्तुको प्रशोधन गरी अन्य बहु प्रकृतिका उत्पादनलाई बजारमा लैजाने सोच राख्नुभएको छ। उहाँले ड्रागन फलबाट जुस, क्यान्डी र वाइन बनाउने सोच अघि सार्नुभएको छ।

**राज्यका प्रणालीगत समस्या समाधान गर्नुपर्ने सुझाव**

कृषि क्षेत्रका प्रणालीगत रुपमा देखिएका समस्या समाधानका लागि राज्यको चासो पुग्नुपर्ने उहाँको भनाइ छ। कृषिप्रतिको आकर्षण बढाउनका लागि समयमा मल नपाइनु, गुणस्तरीय बीउको अभाव, कृषि बिमाको झन्झट र स्थिर बजार नहुनेलगायतका समस्या समाधानका लागि राज्यको चासो पुग्नुपर्ने उहाँको भनाइ छ। राज्यको नीतिहरू कृषकमैत्री बन्नुपर्ने बताउँदै उहाँले कृषिउपजको न्यूनतम समर्थन मूल्य निर्धारणसँगै डिजिटल बजारको पहुँच बढाउनु जरुरी रहेको बताउनुभयो। राम्रो उत्पादनका लागि गुणस्तरीय बीउ आवश्यक हुने आफ्नो अनुभवले देखाएको बताउँदै उहाँले आफ्नो फार्ममा करिब पाँच हजार पुराना ड्रागन फलका बोट फालेर नयाँ बोट लगाएको जानकारी दिनुभयो। कृषिकर्मका लागि पारिवारिक सहयोग तथा समर्थन पनि उत्तिकै अपरिहार्य हुने उहाँको अनुभव छ। "मैले शिक्षण पेसा छोडेर कृषिमा लाग्दा सुरुसुरुमा धेरैले धेरै कुरा भने", उहाँले विगत सम्झँदै भन्नुभयो, "आफ्नो व्यावसायिक यात्रामा बाहिरका व्यक्तिले के भन्छन्भन्दा पनि आफ्नो निरन्तरको लगाव र परिवारको साथ सहयोगले नै मलाई यो अवस्थामा पुर्‍याएको हो।"

लामाले गरेको व्यावसायिक कृषिको सिको पछिल्लो समयमा यहाँका धेरै स्थानीयले गर्न थालेका छन्। पछिल्ला समयमा पदमपोखरीमा व्यावसायिक कृषिको विकासका लागि हेटौँडा उपमहानगरपालिकासहित सरकारी निकायले पनि निरन्तर साथ सहयोग पुर्‍याइरहेको उहाँले बताउनुभयो। पदमपोखरीमा व्यावसायिक कृषिप्रतिको आकर्षण र सम्भावना देखेर नै कृषि विकास कार्यालय चितवनमार्फत समुदायमा आधारित 'एक वडा एक कृषि उत्पादन' कार्यकमअन्तर्गत मेवाखेती गरिएको छ। आधामा र कृषक समूहका रुपमा यहाँका यहाँका १०४ जना कृषक समूहमा आबद्ध भई मेवाखेती गरिरहेको समूहका अध्यक्षसमेत रहेका लामाले जानकारी दिनुभयो। उहाँका अनुसार पदमपोखरीमा मात्रै हाल ३० हजार सङ्ख्यामा मेवाका बोट रहेका छन्। राम्रो मेहनत गर्नसकेमा रोजगारीका लागि विदेशिनुपर्ने अवस्था नरहेको बताउँदै उहाँले स्वदेशमा नै व्यावसायिक कृषिबाट स्वरोजगार बन्दै अरुलाई पनि रोजगारी दिन सकिने अनुभव सुनाउनुभयो। "यहीँ केही गर्नसकेमा इज्जतसँगै पैसा पनि कमाउन सकिन्छ", उहाँले थप्नुभयो, "हाम्रो यहाँको भूगोलमा व्यावसायिक कृषिका धेरै सम्भावना रहेका छन्, तर यसप्रतिको लगाव तथा समर्पण भने अपरिहार्य छ।" कृषिउद्यमलाई पर्यटनसँग पनि जोड्न सकिने बताउँदै उहाँले देशको आर्थिक समृद्धिका लागि कृषि उपयुक्त विकल्प भएको बताउनुभयो।

## बेनी-जोमसोम-कोरला सडक:

# कुनौटामा मार्ग छिचोलियो

म्याग्दी (जस)- पछिल्लो मनसुनजन्य विपद्पछि बाढी पहिरोका कारण अवरुद्ध बनेको चीन र भारत जोड्ने कालीगण्डकी करिडोरको बेनी-जोमसोम-कोरला सडक मर्मतका लागि प्रमुख चुनौती मानिएको कुनौटा भिरमा मार्ग छिचोलिएको छ। म्याग्दीको रघुगङ्गा गाउँपालिका-२ मा पर्ने कुनौटामा यही असोज ११ गते कालीगण्डकी नदीमा आएको बाढीले २५० मिटर सडक कटान गरेर बगाएको थियो। बेनी-जोमसोम-कोरला सडक योजनाका प्रमुख तेजस्वी शर्माले बुधबार कुनौटा भीरमा कालीगण्डकीले कटान गरेको ठाउँमा माटो फिलिङ गरेर मार्ग छिचोलिएको जानकारी दिए।

"बेनी-जोमसोम-कोरला सडक मर्मतका लागि बेससहित कालीगण्डकीले सडक बगाएर कुनौटामा पैदलयात्रा गर्न पनि वैकल्पिक बाटोबाट जोखिम मोलेर हिँड्नुपर्ने अवस्था थियो", उनले भने, "चार दिनको प्रयासमा कुनौटामा दुईतर्फबाट जोडिएको सडकलाई फिलिङ, लेभल मिलाउने र सवारीसाधन सञ्चालन गर्न योग्य बनाउन थप एक/दुई दिन लाग्न सक्छ।" बुधबार कुनौटामा दुईतर्फबाट छ वटा एक्साभेटर र त्यतिकै सङ्ख्यामा माटो बोक्ने टिप्पर परिचालन गरिएको थियो। पोखरेबगरमा कालीगण्डकीले बगाएको सडक पुलको पहुँचमार्ग र कुनौटाबाहेकका ठाउँमा प्रारम्भिक मर्मत कार्य सकिएको आयोजना प्रमुख शर्माले जानकारी दिए।



पर्वतको कुश्मा नगरपालिका-१ पाङदेखि म्याग्दीको बेनी हुँदै चिनको सिमानामा रहेको कोरला नाका जोड्ने २०२ किलोमिटर दूरीको बेनी-जोमसोम-कोरला सडक असोज दोस्रो साताको वर्षात्पछिको बाढीपहिरोले ५५ ठाउँमा अवरुद्ध बनेको थियो। असोज ८ देखि ११ गतेको झरिपछि कालीगण्डकीमा आएको बाढीले १० ठाउँमा सडक कटान गरेर बगाएको र भत्काएको छ। मालढुङ्गादेखि कुनौटा, कोरलादेखि पोखरेबगर सडक पुलसम्मको सडकमा ठूला सवारीसाधन सञ्चालन हुनेगरी मर्मत भएको छ। पोखरेबगर देखि कुनौटाको बीचमा पर्ने रातोपानी, धीरच्याङ, भीरकाटे, महभीर, तिप्ल्याङ र बेगखोलामा पहिरो पन्छाउने र नयाँ मार्ग बनाएको ठाउँमा ग्रेड, घुम्ती मिलाउने, फराकिलो पार्ने र खाल्डाखुल्डी पुर्ने काम भइरहेको छ।

पोखरेबगर पुलमा मजदुर र उपकरण परिचालन गरेर ग्याबियन पर्खाल निर्माण गरी पुललाई सडकले जोड्ने संरचना तयार पार्ने काम भइरहेको छ। आगामी सोमबारसम्म सवारीसाधन सञ्चालन गर्ने लक्ष्यसहित उपकरण र मजदुर परिचालन गरिएको योजनाका प्राविधिक विनोद पौडेलले बताए। सुरुआती चरणमा रघुगङ्गा गाउँपालिका-३ तिल्केनीचौरस्थित राहुघाट जलविद्युत् आयोजनाको विद्युतगृह परिसरमा कटान गरेको सडकको विकल्पमा नयाँ मार्ग बनाउन र इन्धन अभावको चुनौती थियो।

राहुघाटको विद्युत्गृह अगाडि सडक मार्ग खुलाउने काम सकिएको, नेपाली सेना, स्वयंसेवक र ड्रोनको सहायताले ढुवानी तथा सापटी मागेर इन्धन व्यवस्थापन गरिएकाले कुनै समस्या नरहेको आयोजनाले जनाएको छ। सडक विभाग र निर्माण व्यवसायीका १५ वटा एक्साभेटर, १२ वटा टिपर र १५ वटा लोडरसहित जनशक्ति परिचालन गरेर सडक निर्माणको कामलाई तीव्रता दिइएको सङ्घीय सडक सुपरीवेक्षण आयोजना पोखराका प्रमुख नरेन्द्र सुवेदीले बताए।

"सडक विभाग र निर्माण कम्पनीले अवरुद्ध सडक खुलाउन सबै ठाउँमा समानान्तर रूपमा काम गरिरहेका छन्", उनले भने, "आर्थिक वर्ष २०७३/७४ मा सुरु भएको यस आयोजनामा यसपालीको विपद्ले हालसम्मकै ठूलो क्षति पुर्‍याएको छ।" रु ८० करोडदेखि ९० करोड क्षति पुगेको यो सडक पुनर्निर्माणका लागि रु तीन अर्ब लाग्ने प्रारम्भिक अनुमान सडक विभागले गरेको छ। रसुवा र तातोपानी नाका बन्द रहेकाले चीनसँगको व्यापारका लागि कोरला नाका महत्वपूर्ण बनेको छ। कोरला नाका जोड्ने सडकलाई छिटो सञ्चालनमा ल्याउन सरकारले उच्च प्राथमिकताका साथ काम गरिरहेको म्याग्दीका प्रमुख जिल्ला अधिकारी गणेश गैरेले बताए।

राजधानी काठमाडौंलगायतका सहरमा चीनबाट आयात गरिएका सामान बोकेर आउका ५०० वटा कन्टेनर सडक मर्मत सकिँदाबित्तिकै गन्तव्यतर्फ जानका लागि प्रतीक्षा गरिरहेका छन्। मुस्ताङको स्याउ बजार पठाउने समय पनि सुरु भएको छ। दसैं, तिहारका लागि भेडाच्याङ्ग्रा बजार झार्ने समय नजिकिएको छ। पर्यटकीय यामसमेत सुरु भएकाले बेनी-जोमसोम सडक छिटो सञ्चालनमा ल्याउन दबाब बढेको छ।

# पाइडल रिक्सा चालकको रोजीरोटीमा क्रमशः समस्या

बाँके (जस)- पाइडल रिक्सा चालकको रोजीरोटीमा क्रमशः समस्या देखापर्दै जान थालेको छ। करिब एक दशकअघिसम्म नेपालगञ्जका सडकमा बज्ने परम्परागत पाइडल रिक्साको विकल्पमा अटोरिक्सा सञ्चालनमा आएपछि पाइडल रिक्सामा यात्रुको आकर्षण घटेसँगै रोजीरोटीमा समस्या आएको हो। स्थानीयवासी र व्यापारीका लागि आवतजावत र सामान ढुवानीको सबैभन्दा भरपर्दो रहेको पाइडल रिक्सा प्रविधिको विकाससँगै सहरमा भित्रिएका विद्युतीय रिक्साको दबदबाका कारण परम्परागत पाइडल रिक्सा अहिले पूर्ण रूपमा ओझेलमा परेका छन्।

नेपालगञ्ज उपमहानगरपालिका- १२ का मुस्लिम खाँ ले पाइडल रिक्सा चलाएर घरपरिवार पाल्न थालेको दुईदशक भयो। तर, अचेल उनको रिक्सामा चढ्न यात्रु मान्दैनन। सवारी मिल्न छोडेपछि रोजीरोटी गुम्ने अवस्थामा रहेको खाँले बताए। "सबै जना अटोमै चढ्न मन पराउँछन्, हाम्रो रिक्सामा मान्छे बस्नै मन पराउँदैनन्", खाँले निराश हुँदै भने, "यो रिक्सा चलाएर गुजारा चलाउनै गाह्रो भइसक्यो। अब अरू नै कुनै काम गर्ने सोचमा छु।"

उनका अनुसार, यात्रु पाउन छाडेपछि पाइडल रिक्सा चलाउने करिब ९० प्रतिशत चालकले पेसा परिवर्तन गरिसकेका छन्। आर्थिक रूपमा सक्षम चालकले किस्ताबन्दी वा ऋणधन गरेर विद्युतीय रिक्सा किनेका छन् भने अधिकांशले मजदुरी वा अन्य सानातिना कामधन्दा रोज्न बाध्य भएका छन्।

सहरका गल्ली र बजारमा अटोको बाक्लो उपस्थिति भएपछि काम पाउन छाडेका पाइडल रिक्सा चालक अहिले नेपाल-भारत सीमावर्ती जमुनाह नाकामा थुप्रिएका छन्।

नेपालगञ्ज-१३ का रिक्सा चालक गङ्गाराम रैदासका अनुसार पहिले दैनिक रु एक हजारसम्म सजिलै कमाइ हुने गरेकोमा अहिले मुस्किलले रु २०० देखि ३०० मात्र हुन्छ। सहरमा यात्रु पाउन छोडेपछि सीमावर्ती क्षेत्रमा सामान ओसारेर जीविकोपार्जन गर्न खोजे पनि त्यहाँ अर्कै सास्ती छ। "जमुनाहबाट भारतीय बजार रुपैडिहा आवतजावत गर्दा दुवै देशका सुरक्षाकर्मीबाट दुःख पाउने गरेका छौं", रैदासले आफ्नो दुःख पोखे। विद्युतीय रिक्साको आगमनले चालकलाई मात्र होइन, यससँग जोडिएका साना व्यवसायीलाई पनि विस्थापित बनाएको छ।

नेपालगञ्ज-१२ का पुत्तन होली कुनै समय तीन वटा पाइडल रिक्सा भाडामा लगाएर आफैँ मर्मतको काम पनि सम्हाल्ने गर्थे। तर, पाइडल रिक्सा पाखा लागेसँगै उनको भाडा उठ्न छाड्यो। बाध्य भएर उनले आफ्नो परम्परागत पेसा नै बदलेर अहिले रिक्सा मर्मत गर्ने पुरानो पसलमा पान बेच्न थालेका छन्। नेपालगञ्ज सहरबाट पूर्ण रूपमा विस्थापित भइसकेका यी परम्परागत रिक्सा अहिले जमुनाह नाकामा थुप्रिएका छन्।

सीमावर्ती भारतीय बजार रुपैडिहामा विद्युतीय रिक्सा (इ-रिक्सा) प्रवेशमा प्रतिबन्ध लगाइएका कारण पाइडल रिक्साका लागि यो क्षेत्र अन्तिम सहारा बनेको छ। जमुनाह इलाका प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक राजनप्रसाद भट्टराईका अनुसार, रुपैडिहामा अटो चल्न नदिइने भएकाले जमुनाहदेखि रुपैडिहासम्म यात्रु र सामान ओसार पसार गर्न अझै पाइडल रिक्साकै भीड लाग्ने गरेको छ।

समयको गति र प्रविधिको विकासले सहरलाई आधुनिक र सहज त बनाएको छ, तर वर्षौंदेखि पसिना बगाएर सहर चलाइरहेका पाइडल रिक्सा चालकको रोजीरोटी भने खोसेको छ। विकल्प र पुनःस्थापनाको अभावमा उनहरु आफ्नो परम्परागत पेसा छाडेर नयाँ बाटो पहिल्याउन बाध्य भइरहेको नेपालगञ्ज उद्योग वाणिज्य सङ्घका पूर्वध्यक्ष कृष्णप्रसाद श्रेष्ठले बताए।

# चुदारोका भरमा जोगिँदै ठेकी बनाउने परम्परा

धनकुटा (जस)- आधुनिक प्रविधि र विद्युत्बाट चल्ने उपकरणको प्रयोग बढ्दै गएको अहिलेको समयमा पनि जिल्लाको केही ग्रामीण भेगमा परम्परागत सीप र प्रविधिको जगेर्ना भइरहेको छ। विशेषगरी ठेकी निर्माणमा अहिले पनि पानी र चुदारोको प्रयोग गरिँदै आएको छ। यसले स्थानीय संस्कृति र परम्परालाई जीवन्त राखेको छ। महालक्ष्मी नगरपालिका वडा नं ४ का दीर्घबहादुर पौडेल एक वर्षमा करिब १०० ठेकी बनाउँदै आएका छन्।

उनले फुर्सदका समयमा मात्रै ठेकी बनाउने काम गर्दै आएको बताए। खेतीपातीको याममा लगाउने र बाली उठाउने यामबाहेकका समयमा ठेकी बनाउने काम गर्दै आएको उनको भनाइ छ। उनले बनाउने ठेकी सानोदेखि ठूलो आकारसम्मका हुन्छन्। यसमा दुईदेखि ३८ कुरुवासम्म अट्ने क्षमता ठेकी बनाउँदै आएको उनको भनाइ छ। ठेकीसँगै पौडेलले तोङ्वा, खाने भाँडो र हर्पेसमेत बनाउने गरेको बताउँछन्।

परम्परागत तरिकाले बनाउँदा ठेकीप्रति कुरुवा ३०० रुपैयाँका दरले बिक्री हुने गरेको छ। सानो दुई कुरुवा अट्ने ठेकी ६०० र ३८ कुरुवा अट्ने ठेकी करिब ११ हजार ४०० मा बिक्री हुँदै आएको छ। यसबाट वार्षिक रुपमा करिब रु छ लाखसम्मको आम्दानी गर्दै आएको बताए। कालिगढ पौडेलका अनुसार, बिजुलीबाट बनाइने ठेकीभन्दा परम्परागत ठेकीप्रति कुरुवा करिब १०० रुपैयाँ सस्तो पर्ने गरेको छ। त्यसैले बजारमा परम्परागत रुपमा चुदारोको प्रयोग गरेर बनाइएको ठेकीको माग राम्रो रहेको छ।

ठेकी निर्माण प्रक्रिया निकै रोचक र मेहनतपूर्ण छ। नजिकैको खोलाबाट ल्याइएको पानीलाई करिब पाँच मिटर माथिबाट झारेर साचो घुमाइन्छ। त्यसपछि सो साचोमा काठ राखेर चुदारोको सहायताले काँचो काठलाई बिस्तारै आकार दिइन्छ। यसरी तयार गरिने ठेकीमा कालिगढको सीप र कलात्मकता स्पष्ट देखिन्छ। ठेकी बनाउन मुख्यतः दार र कटहरका रूखको काठ प्रयोग गर्दा उपयुक्त मानिन्छ। दार र कटहरका काठबाट बनाइएको ठेकी दूध जमाउँदा दही र मोही मीठो हुन्छ भन्ने मान्यता रहेको छ। तर, पछिल्लो समय काठ र चुदारोको अभावका कारण यो परम्परा हराउँदै जाने चिन्ता बढ्दो छ।

महालक्ष्मी -४ का वडाध्यक्ष शुक्रराज बूढाथोकीका अनुसार, गाउँमा बिजुली पुगे पनि ठेकी निर्माणमा पुरानै विधि अपनाइँदै आएको छ। पानी र चुदारोको प्रयोग गरेर ठेकी मात्र नभई कुटानी-पिसानीको मिलसमेत सञ्चालनमा रहेको उनले बताए। उनका अनुसार गाउँमा केही समयअघि विद्युत्बाट चल्ने ठेकी बनाउने मेसिन आएको भए पनि दीर्घकालीन सञ्चालन हुन सकेन। बूढाथोकीले पानी र चुदारोको प्रयोगबाट उत्पादन हुने सामग्री सस्तो पर्ने मात्र होइन, वातावरणमैत्री र दिगो पनि हुने बताए।

यसले स्थानीय सीप, परम्परा र पहिचानलाई संरक्षण गर्न महत्वपूर्ण भूमिका खेलेको छ। बूढाथोकीले परम्परागत सीपलाई आधुनिक प्रविधिसँग समन्वय गर्दै संरक्षण र प्रवर्द्धन गर्न नगरपालिकाले काम गरिरहेको जानकारी दिए। उनले भने" यस्ता परम्परागत सीपले स्थानीय रोजगारी सिर्जना गर्नुका साथै सांस्कृतिक सम्पदाको जगेर्ना गर्न अझ योगदान पुर्‍याएको।"

# हुरीले गोलभेँडा खेतीमा क्षति

गुल्मी (जस)- गुल्मीको सत्यवती गाउँपालिका-३ स्थित ठूलोलुम्पेकमा वर्षासँगै आएको हुरीले गोलभेँडा खेतीमा क्षति पुगेको छ। व्यावसायिक रुपमा निर्माण गरिएका करिब चार सय टनेलमध्ये ८० वटामा क्षति पुगेको हो। सत्यवती गाउँपालिका-३ का वडाध्यक्ष जितबहादुर त्रामु मगरका अनुसार हुरीले टनेलको प्लास्टिक च्यातिएपछि गोलभेँडा खेतीमा क्षति पुगेको हो। टनेलमा किसानले गोलभेँडा, बन्दा, काउली, सिमी, काँक्रा, सिमलामिर्च, तिते करेलालगायतका तरकारी उत्पादन गर्दै आएका छन्।

एउटा टनेलबाट चारदेखि पाँच क्वीन्टलसम्म गोलभेँडा उत्पादन हुने त्यहाँका किसान बताउँछन्। टनेलको प्लास्टिक च्यातिएपछि गोलभेँडाका साथै अन्य तरकारीमा समेत क्षति पुगेको छ। उक्त क्षेत्रमा सबैभन्दा बढी गोलभेँडा उत्पादन हुने गरेको छ। ठूलोलुम्पेकमा उत्पादित तरकारी बिक्री गर्न स्थानीय बजारसँगै बुटवलसम्म लैजाने गरिएको छ। बजारमा गोलभेँडाको माग अत्यधिक भए पनि पछिल्लो समय माग अनुसार उत्पादन गर्न नसकिएको वडाध्यक्ष मगरले बताए। हुरीका कारण रु आठ लाखभन्दा बढीको गोलभेँडामा क्षति पुगेको छ। स्थानीय बजारमा गोलभेँडा प्रतिकिलो रु ५० देखि रु ६० सम्ममा तथा थोकमा रु ३५ देखि रु ४० सम्म बिक्री हुने गरेको छ।

वडाध्यक्ष मगरका अनुसार ठूलोलुम्पेकमा इन्द्र विश्वकर्मा, लिलस राहडी, हेमराज थापा, मोतीप्रसाद श्रीस, चेतमान राहडीलगायत किसानले व्यावसायिकरुपमा तरकारीखेती गर्दै आउनुभएको छ। बर्खामा सडक अवरुद्ध हुँदा यहाँका किसानलाई यतिबेला तरकारी बजारसम्म पुर्‍याउन सकस भएको छ। अहिले किसानले करिब एक घण्टा लामो वैकल्पिक सडक प्रयोग गरेर सङ्कलन केन्द्रसम्म तरकारी पुर्‍याउनुपर्ने बाध्यता छ।

किसानलाई बजारको समस्या नहोस् भन्ने उद्देश्यले सत्यवती गाउँपालिकाले बुटवलको कृषिउपज तथा तरकारी थोक बिक्री केन्द्रमा सटर भाडामा लिएर तरकारीको व्यवस्थापन गर्दै आएको छ। तीन वर्षदेखि गाउँपालिकाले सटरको भाडा व्यहोर्दै तरकारी बिक्रीको चाँजोपाँजो मिलाउँदै आएको गाउँपालिकाका अध्यक्ष टीकाराम पाण्डेले बताए।

तरकारी उत्पादनमा किसानलाई आत्मनिर्भर बनाउने उद्देश्यले गाउँपालिकाले उत्पादनमा आधारित अनुदान उपलब्ध गराउँदै आएको उनले बताए। यस अन्तर्गत कृषकलाई प्रतिकिलो दुई रुपैयाँ र त्यसको व्यवस्थापन गर्ने समूहलाई प्रतिक्विन्टल २० रुपैयाँ प्रोत्साहन रकम उपलब्ध गराउँदै आएको अध्यक्ष पाण्डेले बताए।

# चितवनको बधस्थल अस्तव्यस्त

'मासु जाँच ऐन २०५५' कार्यान्वयन गर्दै माडी नगरपालिका

चितवन (जस)- माडी नगरपालिकामा आगामी मङ्सिर १ गतेदेखि 'मासु जाँच ऐन २०५५' पूर्ण रूपमा लागू गरिने भएको छ। नगरपालिकाले सरोकारवालासँग छलफल गरी मासु जाँच ऐन २०५५ कार्यान्वयन गर्ने मिति तय गरेको हो। नगरपालिकाले नगरभित्रका बधस्थलको नक्साङ्कन गर्ने र तोकिएको मापदण्ड पुगेका बधस्थललाई अनिवार्य दर्ता भई व्यवसाय सञ्चालन गर्नुपर्ने जनाएको छ।

स्वच्छ, स्वस्थ र गुणस्तरीय मासु बिक्रीवितरणको सूनिश्चितता गर्नु पर्ने नगरपालिका प्रमुख ताराकुमारी काजी महतोले बताइन। उनले बजारमा मासुको गुणस्तर र सरसफाइ कायम राख्न संयुक्त अनुगमन टोली गठनगरी काम गर्ने बताइन। पशु सेवा कार्यालय चितवनका प्रमुख डा प्रभात न्यौपानेले मासु जाँच ऐन कार्यान्वयनमा ल्याएसँगै स्वच्छ र स्वस्थ मासु मात्रै बिक्री गर्न पाइने बताए।

छालाविहीन मासु बिक्री गर्नुपर्ने र बिरामी मरेका पशुको बध गरेर बिक्री गर्न नपाइने उनले जानकारी दिए। उनले भने "यसका लागि पशु बधस्थल र मासु बिक्री कक्ष फरक हुनुपर्ने र कोलचेन (मासु राखिएको ठाउँको तापक्रम)मा ध्यान दिनुपर्छ।" जिल्लाका अन्य पालिकामा पनि मासु जाँच ऐन २०५५ कार्यान्वयनमा ल्याउने गरी काम अघि बढाउन दबाब परेको छ। अहिले जिल्लामा बधस्थल अस्तव्यस्त रुपमा छन्।

## विदेश

# भारतमा निर्वाचन आयोगविरुद्ध प्रदर्शन

नयाँदिल्ली (एएफपी) : भारतमा मतदाता सूचीको विशेष गहन पुनरवलोकनका क्रममा लाखौं नाम हटाइएको विषयलाई लिएर निर्वाचन आयोगमाथि दबाब बढेको छ। 'इन्डियन एक्सप्रेस' को अनुसन्धानात्मक समाचारले मतदाता सूची संशोधनका महत्त्वपूर्ण निर्णयहरू तीन निर्वाचन आयुक्तमध्ये दुई जनाको स्वीकृतिबिनै गरिएको आरोप लगाएपछि आयोग र प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारविरुद्ध विरोध चर्किएको हो।

भारतीय निर्वाचन आयोगले भने आरोप अस्वीकार गर्दै आफ्ना सबै निर्णय सर्वसम्मत र कानूनसम्मत रहेको जनाएको छ। विपक्षी दलहरूले भने सत्तारूढ भारतीय जनता पार्टी (भाजपा) लाई फाइदा पुग्ने गरी वैध मतदाताको नाम हटाइएको आरोप लगाएका छन्। आयोगका प्रमुख ज्ञानेश कुमारको राजीनामा माग गर्दै प्रदर्शन भइरहेका छन् भने शनिबार नयाँदिल्लीमा ठूलो प्रदर्शनको तयारी गरिएको छ।

सन् २०२५ मा विशेष गहन पुनरवलोकन (एसआइआर) सुरु भएयता आयोगमा आन्तरिक मतभेद रहेको 'इन्डियन एक्सप्रेस' ले जनाएको छ। आयोगका तीनमध्ये दुई आयुक्तले पछिल्लो १० महिनामा एसआइआरका प्रमुख निर्णयमाथि एक दर्जनभन्दा बढी पटक औपचारिक आपत्ति जनाएएको समाचारमा उल्लेख छ।

आयोगले गलत विवरणमा दर्ता भएका मतदाताको पहिचान गर्नु र 'विदेशी अवैध आप्रवासी' लाई मतदानबाट रोक्नु एसआइआरको उद्देश्य रहेको बताएको छ। आलोचकहरूले भने यसबाट सीमान्तकृत तथा अल्पसङ्ख्यक समुदाय प्रभावित हुने बताएका छन्। आयोगको तथ्याङ्क उद्धृत गर्दै भारतीय सञ्चारमाध्यमले १३ करोड ३० लाखभन्दा बढी नाम मतदाता सूचीको मस्यौदाबाट हटाइएको जनाएका छन्। हटाइएका नाममा दोहोरो विवरण तथा मृत्यु भएका व्यक्तिका नामसमेत छन्। अन्तिम सूची प्रकाशित भएपछि मात्र वास्तविक सफ्या स्पष्ट हुनेछ।

यस विषयमा हजारौं मानिस प्रदर्शनमा सहभागी भएका छन्।

विपक्षी काङ्ग्रेस पार्टीले राहुल गान्धीको नेतृत्वमा नयाँदिल्लीमा प्रदर्शन गरेको छ। युवाहरूको नेतृत्वमा रहेको सीजेपीले पनि थप प्रदर्शनको आह्वान गरेको छ। बैसठ्ठी वर्षीय ज्ञानेश कुमारले सन् २०२५ फेब्रुअरीमा निर्वाचन आयोगको प्रमुखका रूपमा जिम्मेवारी सम्हालेका थिए। मतदाता सूची संशोधनको विषय सर्वोच्च अदालतमा समेत पुगेको छ। अदालतले सरकार र निर्वाचन आयोगसँग स्पष्टीकरण मागेको छ भने यससम्बन्धी अर्को सुनुवाइ आगामी साता हुने तय भएको छ।

# ऊर्जा निर्भरताबाट जोगिन रुबियोको चेतावनी

एथेन्स (एएनआई) : अमेरिकी विदेशमन्त्री मार्को रुबियोले कुनै एक भौगोलिक क्षेत्र वा व्यापारिक मार्गमा अत्यधिक निर्भर हुँदा ऊर्जा आपूर्ति अवरुद्ध हुनसक्ने र त्यसले विश्वव्यापी आर्थिक स्थिरता तथा राष्ट्रहरूको स्वतन्त्र निर्णय क्षमतामा असर पार्नसक्ने चेतावनी दिएका छन्। ग्रिसका विदेशमन्त्री जियोर्गोस गेरापेट्रिटिससँग एथेन्समा भएको संयुक्त पत्रकार सम्मेलनमा उनले ऊर्जा आपूर्तिका वैकल्पिक मार्ग विकास गर्न तथा भूराजनीतिक हस्तक्षेपबाट ऊर्जा प्रवाह सुरक्षित राख्न अन्तर्राष्ट्रिय गठबन्धन बलियो बनाउन अमेरिकाले लगानी गरिरहेको बताए। "ऊर्जा आपूर्ति वा विश्वको कुनै एक भागबाट हुने ऊर्जा प्रवाह अवरुद्ध हुँदा सम्पूर्ण विश्व जोखिममा पर्ने अवस्था हामीले कहिल्यै स्वीकार गर्न सक्दैनौं", उनले भने।

इरानसँगको तनाव र हर्मुज जलघाँटीको समुद्री सुरक्षाबारे बढ्दो चिन्ताका बीच रुबियोले तेल, प्राकृतिक ग्यासलगायत ऊर्जा आपूर्तिका मार्ग विविधीकरण गर्नुपर्नेमा जोड दिए। उनले ऊर्जा सुरक्षा राष्ट्रिय सुरक्षासँग प्रत्यक्ष जोडिएको बताउँदै क्षेत्रीय अस्थिरताले विश्वव्यापी ऊर्जा बजारका कमजोरी उजागर गर्ने उल्लेख गरे। अमेरिकाले भूमध्यसागर क्षेत्रका ऊर्जा स्रोतलाई युरोपेली बजारसँग जोड्ने पूर्वाधार विस्तारमा ग्रिसलाई सहयोग गरिरहेको छ। ग्रिसले अमेरिकी तरलीकृत प्राकृतिक ग्यास (एलएनजी) युरोप पुर्‍याउने 'भर्टिकल करिडोर' सञ्जाल तथा क्षेत्रीय ऊर्जा परियोजनामा सहयोग गरिरहेको गेरापेट्रिटिसले बताए।

# नोबेल साहित्यमा महिला दाबेदार

स्टकहोम (एएफपी) : लामो समयदेखि पुरुष तथा युरोपेली लेखकको वर्चस्व रहेको नोबेल साहित्य पुरस्कारका लागि यस वर्ष ल्याटिन अमेरिका र क्यारिबियन क्षेत्रका महिला लेखकको सम्भावना बलियो रहेको साहित्यिक समीक्षकहरूले बताएका छन्। नोबेल पुरस्कारका मनोनयन तथा निर्णायक मण्डलका छलफल ५० वर्षसम्म गोप्य रहने भएकाले विजेताको घोषणा हुनुअघि सम्भावित दाबेदारबारे व्यापक अनुमान हुने गरेको छ।

यस वर्ष एन्टिगुआमा जन्मनुभएकी अमेरिकी लेखक जमैका किन्केड र चीनकी क्यान जु चर्चामा छन्। किन्केडका कृतिमा क्यारिबियन संस्कृति, पहिचान, परिवार, उपनिवेशवाद र जातीय विषय समेटिएका छन्। स्विडेनी एकेडेमीले बिहीबार दिउँसो १ बजे (११०० जीएमटी) पुरस्कार घोषणा गर्नेछ। सन् २०१८ को यौन दुर्व्यवहारसम्बन्धी विवादपछि एकेडेमीका १८ सदस्यमध्ये आधाभन्दा बढी परिवर्तन भएका थिए। त्यसयता प्रत्येक दोस्रो साहित्य पुरस्कार महिलाले प्राप्त गरेका छन्।

सम्भावित दाबेदारमा मेक्सिकोकी क्रिस्टिना रिभेरा गार्जा, स्पेनका एनरिक भिला-माटास, अस्ट्रेलियाका जेराल्ड मुर्नाने र आदिवासी लेखिका एलेक्सिस राइट तथा अमेरिकी लेखक थोमस पिनचोन पनि छिन्। स्विडेनी साहित्यिक समीक्षकहरूले भने लामो समयदेखि चर्चामा रहेकी किन्केडको सम्भावनालाई विशेष रूपमा औंल्याएका छन्।

सन् १९०१ देखि हालसम्म १२२ जनाले नोबेल साहित्य पुरस्कार प्राप्त गरेकामा १८ जना मात्र महिला रहेका छन्। एसियाली तथा मध्यपूर्वी भाषाका लेखकको प्रतिनिधित्व पनि न्यून रहेको र कुनै अफ्रिकी भाषाका लेखकले पुरस्कार नपाएको भन्दै एकेडेमीको आलोचना हुँदै आएको छ। यद्यपि एकेडेमीले साहित्यिक कृतिको गुणस्तरलाई नै मुख्य आधार मान्ने बताउँदै आएको छ। साहित्य समीक्षक लिना कालमेटेगले पछिल्लो समय ल्याटिन अमेरिकामा महिला लेखकको नयाँ पुस्ता प्रभावशाली बन्दै गएको बताइन।

अर्जेन्टिनाकी सामन्ता स्वेब्लिनलाई उनले सम्भावित रोचक छनोटका रूपमा उल्लेख गरिन। दक्षिण अमेरिकाबाट पछिल्लोपटक सन् २०१० मा पेरुका मारियो वर्गास ल्योसाले नोबेल साहित्य पुरस्कार प्राप्त गरेका थिए। जर्मनीकी जेनी एर्पेनबेक र भियतनामकी डुओङ थु हुओङ पनि सम्भावित दाबेदारका रूपमा चर्चामा छन्। एर्पेनबेकले 'काइरोस' का लागि सन् २०२४ को अन्तर्राष्ट्रिय बुकर पुरस्कार प्राप्त गरेकी थिइन।

# आइसिसीको मान्यताका पर्खाइमा क्यान र एनपिएल टोली



काठमाडौं (जस)- नेपाल क्रिकेट सङ्घ (क्यान) अहिले तेस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) को तयारीमा जुटेको छ। एनपिएलको मिति नजिकिएसँगै क्यान अन्तरराष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) बाट अन्तरराष्ट्रिय मान्यता पाउने आशामा पनि छ। त्यसका लागि आइसिसीले माग गरेका आवश्यक कागजातसमेत क्यानले पठाइसकेको छ। अब क्यान आइसिसीको औपचारिक निर्णयको पर्खाइमा रहेको सचिव पारस खड्काले जानकारी दिए।

"राम्रो खेलाडी ल्याउन टोलीहरू कोसिस गरिरहनुभएको छ । तर, अहिले खेलाडीलाई कन्टयाक्ट गरेर राखेका अवस्थामा अफिसियली स्याङ्कसन (आइसिसी मान्यता) आएपछि मात्रै उनहरूलाई अनाउन्समेन्ट गर्ने कुरा आउँछ'', खड्काले भने, "धेरैजसो टिम यही प्रतीक्षामा हुनुहुन्छ । आशा गरौं, चाँडोभन्दा चाँडो सकारात्मक खबर आओस् ।" आइसिसीको स्वीकृति आएपछि एनपिएलका टोलीलाई थप स्तरीय विदेशी खेलाडी अनुबन्ध गर्न सहज हुने उनको भनाइ छ । त्यसले प्रतियोगिताको स्तरसँगै नेपाली क्रिकेटको अन्तरराष्ट्रिय चर्चा बढाउन सहयोग पुग्ने खड्काले बताए।

आइसिसीबाट मान्यता प्राप्त भएमा एनपिएलका टोलीलाई टेस्ट राष्ट्रका चर्चित विदेशी खेलाडी अनुबन्ध गर्न सहज हुनेछ । त्यसैले क्यानसँगै एनपिएलका टोलीसमेत आइसिसीको निर्णयको प्रतीक्षामा छन् । निर्णयमा ढिलाइ हुँदा विदेशी खेलाडीको अन्तिम टुङ्गो लगाउन केही समस्या भइरहेको टोलीको भनाइ छ। एनपिएल टोली जनकपुर बोल्ट्सका प्रमुख कार्यकारी अधिकृत (सिइओ) निरोज खतिवडा पनि आइसिसीको निर्णयको पर्खाइमा छन् । उनले आइसिसीबाट छिट्टै सकारात्मक निर्णय आउने अपेक्षा व्यक्त गरे। "आशा छ आइसिसीले छिटो एनपिएललाई अन्तरराष्ट्रिय मान्यता दिनेछ। त्यसोहुँदा हामीले आवश्यकपर्ने थप विदेशी स्टारलाई भित्र्याउन सहज हुनेछ", उनले भने।

यसपटक एनपिएलमा डेविड वार्नर, मोइन अली, सिकन्दर राजा, इफ्तिखार अहमदलगायत अन्तरराष्ट्रियस्तरका चर्चित खेलाडी जोडिँदै छन्। ठूला विदेशी खेलाडीको सहभागिताले एनपिएलको चर्चा नेपालमा मात्र नभई अन्तरराष्ट्रियस्तरमा समेत बढ्ने क्यानको अपेक्षा छ।क्यानका सचिव खड्काले एनपिएललाई खेलकुदसँगै पर्यटन प्रवर्द्धनका माध्यमका रूपमासमेत विकास गर्न सकिने बताए । यसअघि एनपिएलमा सहभागी हुन आएका विदेशी खेलाडी, अम्पायर तथा कमेन्टेटरले नेपालबारे सकारात्मक अनुभव लिएर फर्किएका थिए।

"इन्टरनेसनल खेलाडी लगभग ५५-६० जना, अम्पायरहरू, कमेन्टेटरहरू गर्दा ६०-७० जना विभिन्न देशका नागरिक यसअघि पनि आएर एकदमै प्लेजेन्ट मेमोरिज लिएर फर्किनुभएको छ", सचिव खड्काले भने। विदेशी खेलाडीको नेपाल आगमनले खेल पर्यटनलाई प्रवर्द्धन गर्न सहयोग पुग्ने उनको भनाइ छ। अन्तरराष्ट्रियस्तरका खेलाडीले नेपालबारे सकारात्मक धारणा व्यक्त गर्दा त्यसको प्रभाव विदेशी पर्यटकमासमेत पर्नसक्ने सचिव खड्काले बताए।

"स्पोर्ट्स टुरिजमको जुन एउटा कन्सेप्ट छ, त्यसलाई नेपाल प्रिमियर लिग र नेपाल क्रिकेटले सुरुदेखि नै प्रवर्द्धन गरिरहेकै छ", उनले भने, "विश्वस्तरीय खेलाडी जब आउनुहुन्छ, उनहरूले नेपालका बारेमा अन्तरराष्ट्रिय कम्युनिटीमा चर्चा गर्नुहुनेछ । त्यसले देशको अर्थतन्त्र र पर्यटनमा सहयोग गर्छ।" सचिव खड्काले एनपिएलमार्फत नेपाल सुरक्षित रहेको सन्देश अन्तरराष्ट्रिय समुदायमा दिन सकिने पनि बताए। विभिन्न चुनौतीपछि पनि नेपाल अन्तरराष्ट्रिय प्रतियोगिता आयोजना गर्न सक्षम रहेको सन्देश एनपिएलले दिने उनको भनाइ छ।

"इन्टरनासेनल प्लेयर्सहरू आएर नेपाल इज सेफ, नेपाल इज सेक्युर भन्ने मेसेज हामी दिन सक्छौं", खड्काले भने, "नेपाल फेरि तयार भयो र हामी अगाडि बढ्नेछौं भन्ने सन्देश पनि यो प्रतियोगिताबाट दिने प्रयास गर्नेछौं ।" एनपिएलको तेस्रो संस्करण कात्तिक ९ गतेदेखि काठमाडौंस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट स्टेडियमा सुरु हुँदैछ। प्रतियोगिताको फाइनल खेल मङ्सिर ५ गते हुनेछ। एनपिएल-३ मा पनि आठ वटा टोलीबीच प्रतिस्पर्धा हुने क्यानले जनाएको छ। लिगको उद्घाटन खेलमा कात्तिक ९ गते गत संस्करण विजेता लुम्बिनी लायन्स र उपविजेता सुदूरपश्चिम रोयल्स आमनेसामने हुने तालिका छ।

# बागमतीले १०औँ राष्ट्रिय खेलकुदमा ३२ वटै खेलमा सहभागिता जनाउने




हेटौंडा (जस)- बागमती प्रदेशले १०औँ राष्ट्रिय खेलकुद प्रतियोगितामा समावेश ३२ वटै खेलमा सहभागिता जनाउने भएको छ। प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव दीपक लामाका अनुसार प्रतियोगितामा बागमतीबाट ६५६ खेलाडीसहित कुल ७८२ जनाको सहभागिता रहने छ । प्रतियोगिताका लागि प्रदेशका १३ वटै जिल्ला तथा सम्बन्धित खेल सङ्घलाई तयारी र खेलाडी छनोटका लागि पत्राचार गरिएको छ । आगामी कात्तिक १५ गतेभित्र सबै खेलको छनोट प्रक्रिया सम्पन्न गर्ने लक्ष्य रहेको उनले बताए।

कुल ३२ खेलमध्ये १२ खेलमा जिल्लास्तरबाट खेलाडी छनोट गरिनेछन् भने बाँकी खेलमा खुल्ला छनोट हुनेछ । खुल्ला छनोटमा प्रदेशका १३ जिल्लामा बसोबास गर्ने सम्बन्धित खेलका खेलाडी सहभागी हुन सक्ने प्रदेश खेलकुद विकास परिषद्ले जनाएको छ । यसअघि सम्पन्न तेस्रो बागमती प्रदेशस्तरीय खेलकुद प्रतियोगितालाई पनि १०औँ राष्ट्रिय खेलकुदको पूर्वतयारीका रूपमा लिइएको सदस्यसचिव लामाले बताए । उक्त प्रतियोगितामा खेलाडीले गरेको प्रदर्शनलाई समेत छनोट प्रक्रियासँग जोडिने उनको भनाइ छ।

राष्ट्रिय प्रतियोगितामा उत्कृष्ट नतिजा हासिल गर्ने लक्ष्यसहित छनोट भएका खेलाडीलाई बन्द प्रशिक्षणमा राखेर विशेष प्रशिक्षण दिने तयारी गरिएको छ। खेलाडीको शारीरिक तयारीसँगै खेल मनोविज्ञान, पोषण तथा नियमित प्रशिक्षणलाई प्राथमिकता दिइने परिषद्ले जनाएको छ । आवश्यकताअनुसार योग्य प्रशिक्षक नियुक्त गरेर खेलाडीलाई प्रशिक्षण गराइने सदस्यसचिव लामाले बताए । "उत्कृष्ट नतिजाका लागि आवश्यक आधार तयार गर्दैछौं", उनले भने।

प्रतियोगितामा सहभागिताका लागि बागमती प्रदेशले रु पाँच करोड ६० लाखको स्रोत सुनिश्चित गरेको छ। प्रदेश सरकारले प्रतियोगितामा पदक जित्ने खेलाडीलाई नगद पुरस्कार दिने व्यवस्थासमेत अघि बढाएको छ । प्रदेश सरकारले स्वर्ण पदक विजेतालाई रु एक लाख, रजत पदक प्राप्त गर्नेलाई रु ७५ हजार र कास्य पदक पाउनेलाई रु ५० हजार प्रदान गर्ने गरी कार्यविधि तयार गरिएको परिषद्ले जनाएको छ।

# 'आ बाट आमा २'को डान्सिङ गीत 'रातो टीका लाउदा क्या दामी देखियो' रिलिज



काठमाडौं (जस)- फिल्म ' आ बाट आमा २' को अर्को गीत 'रातो टीका लाउदा क्या दामी देखियो' गीत रिलिज भएको छ। निर्माण टिमले प्रचारप्रसार स्वरुप बिहिबार यो गीत युट्युब मार्फत रिलिज गरिएको हो । दसैंको माहोल र टीका जमरा लगाएको कथालाई गीतको भिडियोमा देखिन्छ।

डान्सिङ गीतमा पल शाह,मलिका महत,आकाश श्रेष्ठ,साइग्रेस पोखरेल,रिश्ता गगुरुङ,निकिता आचार्य लगायत सामुहिक डान्समा रमाइलो गरिरहेको देख्न सकिन्छ । साथै लाहुरेको भुमिकामा सबिन श्रेष्ठ रहेका छन्। सामुहिक विवाहमा उनीहरुको नाच रहेको छ। जुन दृश्य निकै उत्कृष्ट लाग्छ । यस गीतको कोरियोग्राफी गंभिर बिष्टले गरेका छन्। यस गीतको शब्द रचना,संगीत बाबुल गिरीले गरेका हुन् भने गायनमा बाबुल र रचना रिमालको रहेको छ।

चन्द्र पन्तको कथा,पटकथा तथा निर्देशन रहेको यस फिल्ममा पल शाह, मलिका महत र बिपना थापा,रिश्ता गुरुङ,निकिता आचार्य, आकाश श्रेष्ठ, सबिन श्रेष्ठ, प्रदीप रावत, साइग्रेस पोखरेल, गजित विष्ट, नरेन खड्का, दिलिप अखेडालगायतको मुख्य भूमिका छ। यस फिल्मको लेखनमा रोशन भट्ट र चन्द्र पन्तले सहकार्य गरेका छन् भने संवाद रोशन भट्ट पनि रहेका छन्।

करण सिंह फिल्मको प्रोडक्सन एक्जिक्युटिभ रहेको यस फिल्ममा नवराज उप्रेतीको छायाङ्कन, बाबुल गिरीको सङ्गीत, गम्भीर बिष्टको नृत्य निर्देशन तथा साहिल खान र मिलन श्रेष्ठको सम्पादन रहेको फिल्मको ओएसआर डिजिटल डिजिटल पार्टनर रहेको छ भने फिल्मलाई आरआर फिल्मस्ले नेपालभर वितरण गर्ने जिम्मा लिएको छ।

# विश्व वरियतामा नेपाल १६औँ स्थानमा



काठमाडौं (जस)- अन्तरराष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) ले बिहीबार सार्वजनिक गरेको आइसिसी एकदिवसीय विश्व वरियतामा नेपाल १६ स्थानमा उक्लिएको छ। पुरुष एकदिवसीय वरियतामा नेपालले एक स्थान सुधार गर्दै १६औँ स्थानमा उक्लिएको हो।

नेपालले ३३ खेलमा ९३९ अङ्कसहित २८ रेटिङ प्राप्त गरेको छ । नेपालभन्दा अघि अमेरिका १५औँ स्थानमा छ। त्यस्तै नेपालभन्दा पछाडि नामिबिया १७औँ स्थानमा छ।

एकदिवसीय विश्व वरियतामा भारत शीर्ष स्थानमा रहँदा न्यूजील्याण्ड दोस्रो स्थानमा छ। त्यसैगरी दक्षिण अफ्रिका तेस्रो स्थानमा रहेको छ भने अष्ट्रेलिया चौथो तथा पाकिस्तान पाँचौं स्थानमा छन्।

# बलिउड अभिनेता नाना पाटेकरको निधन



पणजी (भारत)(रासस/एएनआई) : हिन्दी तथा मराठी चलचित्रका चर्चित अभिनेता नाना पाटेकरको बिहीबार बिहान हृदयाघातपछि निधन भएको मणिपाल अस्पतालका चिकित्सकले बताएका छन् । मणिपाल अस्पतालको ओन्कोलोजी विभागका प्रमुख डा शेखर साल्करका अनुसार बिहान निवासमा अस्वस्थ भएपछि पाटेकरलाई अस्पताल ल्याइएको थियो।

अस्पताल पुऱ्याउँदा उनको अवस्था गम्भीर भइसकेको थियो । चिकित्सकको टोलीले करिब ४५ मिनेटदेखि एक घण्टासम्म उनलाई पुनर्जीवित गर्ने प्रयास गरे पनि बचाउन नसकिएको डा साल्करले बताए। उनका अनुसार पाटेकरले बिहान करिब २:३० बजे आफूलाई असहज भइरहेको भन्दै एक साथीलाई सन्देश पठाएका थिए। रातको समय भएकाले साथीले तत्काल सन्देश देखेनन् । त्यसपछि उनले पाटेकरलाई फोन गरे र बिहान करिब ४ बजे उनको निवासमा पुगे। त्यतिबेला पाटेकरलाई अत्यधिक पसिना आएको र उनी बिस्तारै बेहोस हुँदै गएका थिए।

अस्पतालको आपत्कालीन टोलीले निवासमै पुगेर उनलाई सिपिआर दिएको थियो। त्यसपछि बिहान करिब ४:२० देखि ४:३० बजेको बीचमा अस्पताल ल्याइएको थियो । "उहाँ पूर्ण रूपमा अनुत्तरदायी अवस्थामा हुनुहुन्थ्यो । अस्पताल ल्याएपछि पनि हामीले सक्दो प्रयास गऱ्यौं, तर उहाँलाई मृत अवस्थामा ल्याइएको थियो", डा साल्करले भने।

पाटेकरको निधनपछि मेडिको-कानूनी प्रक्रिया अघि बढाइएको र शव पोस्टमार्टमका लागि गोवा मेडिकल कलेजमा लगिएको चिकित्सकले बताए। उनका परिवारका सदस्य त्यतिबेला उपस्थित नभए पनि साथी र हेरचाहकर्ता भने साथमा रहेको जनाइएको छ। पाटेकरले सन् १९७८ मा 'गमन' चलचित्रबाट अभिनय यात्रा सुरु गरेका थिए। उनले 'परिन्दा', 'प्रहार', 'क्रान्तिवीर', 'तिरङ्गा', 'खामोशी' र 'अब तक छप्पन' लगायतका चलचित्रमा अभिनय गरेका थिए। पछिल्ला वर्षमा पनि उनी चलचित्र क्षेत्रमा सक्रिय थिए र 'हाउसफुल ५', विशाल भारद्वाजको 'ओ' रोमियो' तथा 'सुबेदार' मा अभिनय गरेका थिए।

# खगेन्द्र-सुरक्षाको जोडी लिएर दीपेन्द्रले गुपचुप बनाए 'श्रीमान् श्रीमती'



काठमाडौं (जस)- निर्देशक दीपेन्द्र के खनालले नयाँ चलचित्र 'श्रीमान् श्रीमती'को छायांकन गुपचुप रूपमा अघि बढाइरहेका छन् । कुनै औपचारिक घोषणा नगरी सुरु गरिएको यो चलचित्र अहिले छायांकनको अन्तिम चरणमा पुगेको छ। काठमाडौंका विभिन्न स्थानमा छायांकन भइरहेको चलचित्रको काम अब करिब एक साताभित्र सकिने निर्देशक खनालले जानकारी दिएका छन् । निर्माण टिमले चलचित्रको छायांकनलाई सकेसम्म गोप्य राख्दै काम अघि बढाएको हो।

पटकथा प्रोडक्सन र टुकी आर्ट्सको प्रस्तुतिमा बन्न लागेको 'श्रीमान् श्रीमती' पारिवारिक कथामा आधारित चलचित्र हो । चलचित्रमा अभिनेता खगेन्द्र लामिछाने र अभिनेत्री सुरक्षा पन्त मुख्य भूमिकामा छन् । गम्भीर तथा सामाजिक विषयलाई कथाको केन्द्रमा राखेर चलचित्र बनाउने निर्देशकका रूपमा परिचित खनालले भने यसपटक पूर्ण पारिवारिक कथामा काम गरेका छन्। उनका अनुसार चलचित्रमा दर्शकले आफूलाई जोड्न सक्ने मिठो कथा प्रस्तुत गर्ने प्रयास गरिएको छ।

"दर्शकले मन पराउने मिठो कथामा सिनेमा बन्दैछ । आशा छ, दर्शकले मन पराउनु हुनेछ," निर्देशक खनालले भने, "हामीले इमान्दार भएर सिनेमा बनाउने हो । पक्कै पनि इमान्दार बनेर बनाइएको सिनेमा दर्शकको रोजाइमा पर्छ ।" निर्माण टिमले चलचित्रको प्रदर्शन मिति भने सार्वजनिक गरेको छैन। छायांकन सकिएपछि पोस्ट प्रोडक्सनको काम अघि बढ्नेछ। निर्देशक खनालको पछिल्लो रिलिज चलचित्र 'हरिबहादुरको जुत्ता' हो । यसबाहेक उनले 'क्याप्टेन साब'को समेत छायांकन सम्पन्न गरिसकेका छन् । ' क्याप्टेन साब' भने प्रदर्शनमा आउन बाँकी छ।

जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
मधेश प्रदेश, नेपाल

जीतपुरसिमरा उपमहानगरपालिकाको जनहितमा जारी सन्देश

- हाम्रो टोल, बस्तीको सफाईले हाम्रो सभ्यताको परिचय दिन्छ । आफ्नो घर, टोल र सार्वजनिक क्षेत्र सदैव सफा राखौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
- हरेक गर्भवतीले नजिकको स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गरौं । २ वर्ष मुनीका बच्चाहरुलाई नजिकको स्वास्थ्य संस्थामा लगेर मासिकरुपमा नियमित तौल लिने गरौं । कम तौल र कुपोषण हुनबाट बचाऔं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर पालिकामा बुझाउने गरौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- बालश्रमको प्रयोग नगरौं । गाउँपालिकालाई बालश्रममुक्त नगर बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- नगरबासीको नाताले खुल्ला स्थानमा दिशा गर्नु लाजमर्दो काम हो । तसर्थ सबैले शौचालय निर्माण गरी प्रयोग गरौं ।
- नगरपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, नगरपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- स्वस्थ रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।

# नेपालमा हवाइ भाडा : बालेनको स्टाटसलाई गिज्याउने धनगढी-काठमाडौं भाडादर

**-सन्तोषी रावल**

काठमाडौं । गत फागुन २१ को प्रतिनिधि सभा निर्वाचनका दौरानमा राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता हालका प्रधानमन्त्री बालेन्द्र शाह(बालेन)ले 'सुदूर अब दूर नाइ' भन्दै सामाजिक सञ्जालमा लेखे । चुनावी आमसभामा सुदुरपश्चिम र जनकपुरको खुलेर प्रशंसा गरे । मतदाता आकर्षित गर्न बालेन जहाँ पुगे त्यस स्थानको तारिफ गर्न छुटाएनन् । तर दशैंको मुखमा हवाई भाडा दर साँच्चै अत्यासलाग्दो छ । वास्तवमा यतिबेला हवाई भाडाको दृष्टिले सुदूरपश्चिम अझै टाढै रहेको देखाएको छ । काठमाडौं-धनगढीको हवाई भाडा महँगो हुँदा भारतका विभिन्न सहरसम्म पुग्न तुलनात्मक रूपमा सस्तोपर्ने अवस्था छ । यातायात सहज र सुलभ हुनुपर्ने सुदूरपश्चिममा हवाई भाडा नै महँगो भएपछि सर्वसाधारण मारमा परेका छन् ।



दशैं नजिकिएसँगै राजधानी काठमाडौंमा घर फर्किने यात्रुको चाप बढ्न थालेको छ । तर, घर जाने तयारीमा रहेका यात्रुका लागि यसपटकको दशैं यात्रा सहजभन्दा पनि महँगो बन्दै गएको छ । सडकमार्गमा लामो यात्रा र सडकको अनिश्चितताका कारण यात्रुहरू हवाई यात्रातर्फ आकर्षित भए पनि हवाई टिकटको चर्को मूल्यले उनीहरूलाई थप समस्यामा पारेको छ । विशेषगरी काठमाडौं-धनगढी हवाई यात्राको भाडा महँगो भएपछि सुदूरपश्चिम घर जाने यात्रुहरू अन्योलमा छन् । बसको यात्रा लामो र सडकको अवस्था अनिश्चित रहेको भन्दै कतिपय यात्रुले महँगो भए पनि हवाई टिकट खोजिरहेका छन् । तर, टिकटको मूल्य सुनेपछि कतिपयले हवाई यात्रा नै रद्द गर्नुपर्ने अवस्था आएको बताएका छन् ।

बाजुरा जाने तयारीमा रहेका हिमाल विष्ट काठमाडौं-बाजुरा बस भाडा करिब ५ हजार ६ सय रुपैयाँ रहेको बताउँछन तर, सडक बिग्रिएमा तोकिएको समयमा घर पुग्न नसकिने उनको चिन्ता छ । उनले भने,' बाजुराका लागि काठमाडौंबाट बस भाडा ५ हजार ६ सय रहेछ । तर बाटो बिग्रियो भने दुई दिनमै पुगिन्छ भन्ने छैन । ड्राइभरले पनि दुई दिनमा पुग्नैपर्छ भन्ने ग्यारेन्टी गर्न सक्दैन । मलाई भने दुई दिनमै घर पुग्नुपर्ने छ ।' बाजुरा सदरमुकाम मार्तडीसम्म बस पुगे पनि त्यहाँबाट आफ्नो घरसम्म थप दुई दिन हिँड्नुपर्ने भएकाले आफूलाई झनै समस्या भएको विष्ट बताउँछन त्यसैले उनले धनगढीसम्मको हवाई टिकट हेरेका थिए । तर, टिकटको मूल्य करिब २२ हजार ९ सय रुपैयाँ पुगेपछि उनी झनै अन्योलमा परेका छन् ।

'प्लेनको टिकट धनगढीसम्म २२ हजार ९ सय रहेछ, अति महँगो भयो। जाने कसरी भन्ने दोधारमा छु । घरसम्मै २२ हजारमा पुग्ने भए त ठीक थियो, त्यो भाडा धनगढीसम्मको मात्रै हो,' उनले भने । यस्तै, प्रदीप कार्कीका लागि भने यसपटकको यात्रा रोजाइभन्दा पनि बाध्यता बनेको छ । घरमा बुवा बिरामी रहेकाले जतिसक्दो छिटो घर पुग्नुपर्ने अवस्था भए पनि हवाई टिकटको महँगो मूल्यले उनलाई समस्या परेको छ । ' बाध्यताले भए पनि जानै पर्नेछ । घरमा बुवा बिरामी हुनुहुन्छ, मलाई छिटो पुग्नु थियो । प्लेन टिकट साह्रै महँगो रहेछ, उनले भने ।

उनले आफूजस्तै बाध्यतामा रहेका यात्रुका लागि दशैंको समयमा यातायात सहज र पहुँचयोग्य बनाउनुपर्ने बताए । अर्की यात्रु गरिमा शाहाले पनि घरबाट छिटो आउन दबाब आएपछि हवाई टिकट काट्ने तयारी गरेकी थिइन तर, टिकटको मूल्य महँगो भएपछि उनले आफ्नो टिकट नै रद्द गर्नपरेको सुनाइन 'घरबाट छिटो आउनु भन्नुभएको छ । प्लेनको टिकट काटेर छिटो आउँछु भनेकी थिएँ । तर भाडा महँगो भएपछि प्लेनको टिकट नै रद्द गर्नपर्यो,' उनले भनिन् । दशैंमा देशका विभिन्न ठाउँबाट काठमाडौं आएका नागरिक घर फर्किनेक्रम बढ्दै गर्दा यातायातको भाडा र यात्राको सहजता अहिले प्रमुख चासो बनेको छ । विशेषगरी सुदूरपश्चिम र कर्णालीका पहाडी जिल्लामा जाने यात्रुका लागि सडकको अवस्था, लामो दूरी र सीमित हवाई सेवा मुख्य चुनौती बन्ने गरेको छ ।

यहीबीच, चुनावी अभियानका क्रममा सुदूरपश्चिम पुगेका प्रधानमन्त्री बालेन्द्र शाहले सामाजिक सञ्जालमा 'सुदूर अब दूर नाई, झिकै झिकै माया तम्लाई' लेखेका थिए । उनको उक्त अभिव्यक्ति सुदूरपश्चिम यात्राका क्रममा सार्वजनिक भएको थियो । तर अहिले दशैंमा घर फर्किन खोजिरहेका सुदूरपश्चिमका नागरिक भने महँगो यातायात खर्च र लामो यात्राको बाध्यतामा छन् । त्यसैले यात्रुहरूले प्रश्न गर्न थालेका छन् । 'सुदूर अब दूर नाई' भन्ने भाव व्यवहारमा पनि कहिले देखिने ?

यता बुद्ध एयरका प्रवक्ता दीपेन्द्र कर्णले हवाई भाडा महँगो नभएको दाबी गर्छन । उनले यात्रुहरुलाई कुनै पनि ठाउँबाट नठगिन आग्रह गर्दै बुद्ध एयरको आधिकारिक वेबसाइटमा गएर भाडादर हेरेर मात्र टिकट काट्न अनुरोध गरेका छन् । यात्रुहरूले दशैंको समयमा हवाई तथा सडक यातायातको भाडा सहज बनाउन, यात्रुको चापअनुसार पर्याप्त यातायात व्यवस्था गर्न र सडकमार्गको अवस्था सुधार गर्न सरकारसँग माग गरेका छन् घर फर्किने नागरिकलाई आर्थिक भार नपर्ने गरी यातायात व्यवस्थापन गर्न सके मात्रै दशैंको यात्रा सहज बन्ने उनीहरूको अपेक्षा छ ।

# सरकारी कार्यालयको विद्युत महसुल अब डिजिटल माध्यमबाट भुक्तानी हुने

काठमाडौं(जस)-सरकारी कार्यालयहरूले खपत गरेको विद्युतको महसुल अब डिजिटल माध्यमबाट भुक्तानी गर्न सक्ने भएका छन् । नेपाल विद्युत प्राधिकरण र महालेखा नियन्त्रक कार्यालयबीच सरकारी निकायले उपभोग गरेको विद्युत महसुल विद्युतीय माध्यमबाट भुक्तानी गर्ने प्रणाली कार्यान्वयनमा ल्याउने सम्बन्धमा समझदारीपत्रमा हस्ताक्षर भएको छ ।



महालेखा नियन्त्रक कार्यालयको एकीकृत सार्वजनिक वित्् व्यवस्थापन सेवा र नेपाल विद्युत प्राधिकरणको संस्थागत ग्राहक भुक्तानी प्रणाली बीच अन्तरआवद्धता गरिएपछि सरकारी कार्यालयको विद्युत महसुलको भुक्तानी विद्युतीय माध्यमबाट हुने भएको हो । दुई निकायका प्रणालीबीच गरिएको अन्तरआवद्धता डिजिटल भुक्तानीलाई प्रोत्साहन गर्नका साथै सार्वजनिक वित्तीय व्यवस्थापन र विद्युत महसुल संकलन प्रणालीलाई थप आधुनिक र प्रभावकारी बनाउने दिशामा महत्वपूर्ण कदम हो ।

यसबाट सरकारी निकाय, महालेखा नियन्त्रक कार्यालय र प्राधिकरणबीच वित्तीय तथा सूचना प्रणालीगत समन्वय थप प्रभावकारी भई डिजिटल अर्थतन्त्र तथा नगदरहित र चेकरहित कारोबारलाई प्रवर्द्धन गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । प्राधिकरणका कार्यकारी निर्देशक दीर्घायु कुमार श्रेष्ठले नयाँ व्यवस्थाबाट सरकारी निकायहरूले विद्युत महसुल भुक्तानीका लागि चेक तथा नगद प्रयोग गर्नपर्ने अवस्थाको अन्त्य भई सहज, सुरक्षित र पारदर्शी रूपमा भुक्तानी गर्न सक्ने बताए ।

'यस व्यवस्थाले विद्युत महसुलको समयमै भुक्तानी सुनिश्चित गर्न, बक्यौता तथा विलम्ब शुल्क न्यूनीकरण गर्न र महसुल संकलन प्रक्रियालाई थप प्रभावकारी बनाउन महत्वपूर्ण योगदान पँयाउनेछ,' कार्यकारी निर्देशक श्रेष्ठले भने । सरकारी निकायले तिर्नपर्ने विद्युत महसुलको दायित्वसम्बन्धी विवरणसमेत समयमै प्राप्त हुने भएकाले भुक्तानी व्यवस्थापन थप व्यवस्थित हुने उनले बताए । साथै, अग्रिम रूपमा ठूलो रकम निकासा गरी राख्नुपर्ने अवस्था न्यूनीकरण हुनुका साथै वास्तविक विद्युत खपतअनुसारको महसुल भुक्तानी गर्न सकिने भएकाले सरकारी निकायको वित्तीय व्यवस्थापनमा समेत सहजता आउनेछ ।

# नेपाल उद्योग वाणिज्य महासङ्घका पदाधिकारीले भेटे राष्ट्रपति

## नेपालको आर्थिक समृद्धिमा निजी क्षेत्रले पुऱ्याउँदै आएको योगदानको प्रशंसा

काठमाडौं(जस)-राष्ट्रपति रामचन्द्र पौडेलले समृद्ध नेपाल निर्माण सरकार वा कुनै एक क्षेत्रको प्रयासबाट मात्र सम्भव नभई राज्य, निजी क्षेत्र र समग्र समाजको साझा राष्ट्रिय सङ्कल्पबाट सम्भव हुने बताएका छन् । नेपाल उद्योग वाणिज्य महासङ्घका पदाधिकारीसँग बिहीबार भएको भेटमा उनले समृद्ध नेपाल निर्माणको सङ्कल्पलाई व्यवहारमा रूपान्तरण गर्न निजी क्षेत्र अझ जिम्मेवार, सिर्जनशील र अग्रणी भूमिकामा प्रस्तुत हुने अपेक्षा व्यक्त गरे ।

# डोलेश्वर भिलेज रिसोर्टले ३० प्रतिशत आईपीओ निकाल्ने

काठमाडौं(जस)-डोलेश्वर भिलेज रिसोर्ट एन्ड फार्म हाउस लिमिटेडले जारी पुँजीको ३० प्रतिशत शेयर सर्वसाधारणका लागि निष्कासन गर्ने तयारी गरेको छ । कम्पनीले १६ लाख २० हजार कित्ता साधारण शेयर निष्कासनका लागि नेपाल धितोपत्र बोर्डमा अनुमति माग्दै आवेदन दिइसकेको जनाएको छ ।

सूर्यविनायक नगरपालिका-८, सिपाडोलस्थित रिसोर्टमा सम्पन्न कम्पनीको ११औं वार्षिक साधारणसभाले आईपीओ निष्कासनको प्रस्ताव अघि बढाएको हो । आईपीओबाट जुटेको पुँजी रिसोर्ट विस्तार, पूर्वाधार विकास तथा चारतारे स्तरमा स्तरोन्नति गर्न प्रयोग गर्ने कम्पनीको योजना छ । कम्पनीले रिसोर्टमा थप आवासीय कोठा निर्माण गर्ने, स्विमिङ पुल, स्पा, ज्याकुजी, सेमिनार हल तथा मनोरञ्जन क्षेत्र विस्तार गर्ने योजना बनाएको छ । २०७२ सालदेखि सञ्चालनमा रहेको रिसोर्टले डोलेश्वर क्षेत्रको धार्मिक तथा पर्यटकीय सम्भावनालाई व्यवसायसँग जोड्दै विस्तार गर्ने जनाएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०६/२३

यस कम्पनीको २०८३-०१-१५ मा सम्पन्न विशेष/साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रारको कार्यालयको मिति **२०८३-०१-२५** को निर्णयानुसार साविक **टिचिङ कान्ती स्वास्थ्य सेवा केन्द्र प्रा.लि.** को नाम परिवर्तीत भई **टिचिङ्ग कान्ती डेन्टल क्लिनिक प्रा. लि. (दर्ता नम्बरः २०२७७९)** कायम गरिएको तथा परिवर्तीत कम्पनीले साविक कम्पनीको नाममा रहेको सम्पुर्ण चल अचल सम्पत्ती तथा तिर्न व्योहोर्न पर्ने ऋण धन, कर दायित्व आदि सकार्ने व्योहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्योहोरा यसै सूचना द्धारा जानकारी गरिन्छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मितिः २०८३/०६/२३

यस कम्पनीको २०८३/०५/२४ मा सम्पन्न विशेष/साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रारको कार्यालयको मिति **२०८३/०५/२६** को निर्णयानुसार साविक **एभरेष्ट क्लाउडस् प्रा.लि.** को नाम परिवर्तीत भई **साहस मोबिलिटी प्रा. लि. (दर्ता नम्बरः ३८२०८३)** कायम गरिएको तथा परिवर्तीत कम्पनीले साविक कम्पनीको नाममा रहेको सम्पुर्ण चल अचल सम्पत्ती तथा तिर्न व्योहोर्न पर्ने ऋण धन, कर दायित्व आदि सकार्ने व्योहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्योहोरा यसै सूचना द्धारा जानकारी गरिन्छ ।

## अधिकृत वारेसनामा रद्द गरिएको सूचना

रघुनाथ भट्टराईको छोरी मुरारी प्रसाद शर्मा अधिकारीको बुहारी राजन अधिकारीको पत्नी का.जि. का.म.पा. साविक वडा वडा नं. १२ हाल वडा नं. २४ स्थायी बसोबास गर्ने वर्ष ३९ को म सविना भट्टराई (ना.प्र.नं.१०१३५, काठमाण्डौ, मिति २०६१।११।२४) ले आफू तत्कालिन समयमा कामको सिलसिलामा देश बाहिर (दुबई) बस्नुपर्ने भएकाले मेरो नाममा दर्ता कायम रहेको का.जि. मातातिर्थ न.पा. वडा नं. ७क स्थित कि.नं. १०९२, १३७८ र १३८० क्षे.फ. क्रमशः ०-३-०-०, ०-१-०-२ र ०-०-३-२ कित्ता जग्गा मेरा तर्फबाट हक हस्तान्तरण तथा रजिष्ट्रेशन पारित गर्न भिम नाथ उप(ाध्यायको नाति मुक्ति नाथ उपाध्यायको छोरा ऐ.ऐ. वडा नं. २६ (परिवर्तित वडा २४) स्थायी बसोबास गर्ने मेरा सहोदर ससुरा वर्ष ७४ को मुरारी प्रसाद शर्मा (ना.प्र.नं. ५०४२, काठमाण्डो, मिति २०४०।१०।१७) लाई सम्म(ानित का.जि.अ.का मा. न्यायाधिश श्री दीपक खनालको ईजलासबाट मिति २०७९।१०।५।५ मा दर्ता नं. १२१२ अन्तर्गत प्रमाणित अधिकृत वारेसनामा बमोजिम वारेस मुकरर गरेकोमा हाल मलाई उक्त कामको लागि वारेस नियुक्त गरिरहन आवश्यक नरहेको हुँदा मुलुकी देवानी कार्यविधी संहिताको दफा १५५ को उपदफा (१) को खण्ड (ग) बमोजिम आजैका मितिदेखि लागू हुनेगरी उक्त अधिकृत वारेस पूर्ण रुपमा खारेज तथा रद्द गरेको बेहोरा यसै सूचनामार्फत सम्बन्धित सबैमा जानकारी गराउँदछु । उप्रान्त निजले उक्त अ.वा.को आधारमा मेरो तर्फबाट गरेको कुनै पनि काम, कारोबार तथा सोबाट सिर्जना हुनसक्ने कुनै पनि प्रकारको दायित्व प्रति म जिम्मेवार तथा जवाफदेही नहुने बेहोरा समेत यसै सूचनामार्फत जानकारी गराउँदछु ।

**सूचना प्रकाशकः सविना भट्टराई, का.म.पा. २४**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०६/२३

यस कम्पनीको २०८३-०५-१५ मा सम्पन्न विशेष/साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रारको कार्यालयको मिति **२०८३-०६-०५** को निर्णयानुसार साविक **एशियन रेज मेडिकेयर सेन्टर प्रा.लि.** को नाम परिवर्तीत भई **युनिकर्न इन्टरनेशनल डायग्नोष्टिक सेन्टर प्रा. लि. (दर्ता नम्बरः ३२६९९)** कायम गरिएको तथा परिवर्तीत कम्पनीले साविक कम्पनीको नाममा रहेको सम्पुर्ण चल अचल सम्पत्ती तथा तिर्न व्योहोर्न पर्ने ऋण धन, कर दायित्व आदि सकार्ने व्योहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्योहोरा यसै सूचना द्धारा जानकारी गरिन्छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७७/१२/०३ मा दर्ता भएको प्रा.लि. नं. **२५८९९४** को **पब्लिक इन्जिनियरिङ्ग ल्याव प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०५/२३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धि ३५ दिने सूचना

कम्पनी ऐन २०६३ वमोजिम मिति २०७६/०५/०४ मा दर्ता भएको प्रा.लि.नं. २२९१२१/०७६/०७७ को यस **बोधी डायग्नोष्टिक प्रा.लि.** लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ वमोजिम मितिः २०८३।०६।१० गतेको विशेष साधारण सभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**निवेदक (लिक्युडेटर)**: हरि राम पौडेल (ईजाजत नं. ४९७)
**मोवाईल नं** : ९८४१४२००६९

## निक्षेपउपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना

अम्बर बहादुर गुरुङको छोरा, भोज कुमारी गुरुङको पति, बागमती प्रदेश, काठमाण्डौ जिल्ला, शखरापुर नगरपालिका, वडा नं. २ बस्दै आउनु भएको राम बहादुर गुरुङको मिति २०८३/०६/०१ मा मृत्यु भएकाले यस विकास बैंकको बचत खाता नं ०८३०१३००४४२९३३००००१ मा रहेको निक्षेप रकम भुक्तानी पाउँ भनी बागमती प्रदेश, काठमाण्डौ जिल्ला, शखरापुर नगरपालिका, वडा नं. २ बस्ने निज मृतकको पत्नी भोज कुमारी गुरुङले निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकममा निज निवेदक बाहेक अन्य कसैको समेत हक लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमका अग्राधिकारवाला हकदारहरुले यो सुचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो भएको सवुत प्रमाण सहित यस बैंकको शाखा कार्यालय साखुमा निक्षेप उपर हकदाबी गर्नुहोला । सुचनाको म्याद भित्र प्राप्त नभएका र कानून बमोजिम रित नपुगेका निवेदन उपर कुनै कारवाही नहुने र म्याद व्यतित भएपछि निवेदन माग बमोजिम भइ जाने व्यहोरा समेत यसै सुचनाद्वारा जानकारी गराईन्छ ।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)
केन्द्रीय कार्यालय :
का.म.न.पा. वडा नं ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६/०७/०८/०९/१०
शाखा कार्यालयः साखु फोन नं. ०१-४४५१२३८
website: www.jbbl.com.np, Email:info@jbbl.com.np

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०६३-०८-०३ मा दर्ता भएको प्रा.लि. नं. **४२४६७** को **मिडिया सम नेपाल प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३-०६-१९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## ३५ दिने हकदावी गर्न आउने बारेको सूचना

यस कार्यालयमा मिति २०६६/१०/०५ मा दर्ता भएको **इन्जिनियरिङ इन्कर्पोरेट नेपाल प्राइभेट लिमिटेड (द.नं. ६९७९९)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ दिन भित्र** यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## निक्षेपउपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना

नारन खतिवडाको छोरी, लक्ष्मी प्रसाद दहालको पत्नी, कोशी प्रदेश, मोरङ जिल्ला, पथरी शनिश्चरे नगरपालिका, वडा नं. ३ बस्दै आउनु भएको हरी माया दाहालको मिति २०८३/०४/१७ मा मृत्यु भएकाले यस विकास बैंकको बचत खाता नं ०१००१३००५८५२२२००००२ मा रहेको निक्षेप रकम भुक्तानी पाउँ भनी कोशी प्रदेश, मोरङ जिल्ला, पथरी शनिश्चरे नगरपालिका, वडा नं. ३ बस्ने निज मृतकको छोरा इन्द्र प्रसाद दाहालले निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकममा निज निवेदक बाहेक अन्य कसैको समेत हक लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमका अग्राधिकारवाला हकदारहरुले यो सुचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो भएको सवुत प्रमाण सहित यस बैंकको शाखा कार्यालय पथरीमा निक्षेप उपर हकदाबी गर्नुहोला । सुचनाको म्याद भित्र प्राप्त नभएका र कानून बमोजिम रित नपुगेका निवेदन उपर कुनै कारवाही नहुने र म्याद व्यतित भएपछि निवेदन माग बमोजिम भइ जाने व्यहोरा समेत यसै सुचनाद्वारा जानकारी गराईन्छ ।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)
केन्द्रीय कार्यालय :
का.म.न.पा. वडा नं ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६/०७/०८/०९/१०
शाखा कार्यालयः पथरी फोन नं. ०२१-५५५४८२
website: www.jbbl.com.np, Email:info@jbbl.com.np

## निक्षेपउपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना

च्याङबा राम लामाको छोरा, साईली माया लामाको पति, बागमती प्रदेश, नुवाकोट जिल्ला, ककनी गाउँपालिका वडा नं.४ बस्दै आउनु भएको मगम बहादुर लामाको मिति २०८३/०३/२२ मा मृत्यु भएकाले निजको नाउँमा यस विकास बैंकको बचत खाता नं ०९५११७००२२७२५३००००१ मा रहेको निक्षेप रकम भुक्तानी पाउँ भनी बागमती प्रदेश, नुवाकोट जिल्ला, ककनी गाउँपालिका वडा नं.४ बस्ने निज मृतकको छोरा तेज बहादुर लामाले निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकममा निज निवेदक बाहेक अन्य कसैको समेत हक लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमका अग्राधिकारवाला हकदारहरुले यो सुचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो भएको सवुत प्रमाण सहित यस बैंकको शाखा कार्यालय रानीपौवामा निक्षेप उपर हकदाबी गर्नुहोला । सुचनाको म्याद भित्र प्राप्त नभएका र कानून बमोजिम रित नपुगेका निवेदन उपर कुनै कारवाही नहुने र म्याद व्यतित भएपछि निवेदन माग बमोजिम भइ जाने व्यहोरा समेत यसै सुचनाद्वारा जानकारी गराईन्छ ।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)
केन्द्रीय कार्यालय :
का.म.न.पा. वडा नं ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६/०७/०८/०९/१०
शाखा कार्यालयः रानीपौवा फोन नं. १०-४११०२५
website: www.jbbl.com.np, Email:info@jbbl.com.np

कलैया उपमहानगरपालीका
**नगर कार्यपालीकाको कार्यालय**
कलैया,बारा,
मधेश प्रदेश (नेपाल)

## बोलपत्र स्विकृत गर्ने आशय सुचना

**(प्रकाशित मितिः-०८३/०६/२३)**

यस कलैया उपमहानगरपालीकाको मिति २०८३/०५/२६ गतेको गोरखापत्र राष्ट्रिय पत्रिकामा प्रकाशित बोलपत्र (Hard Copy) आह्वानको सुचना बमोजिम रित पूर्वक पर्न आएका बोलपत्रहरु मध्ये सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१क) बमोजिम औसत प्रस्तावित रकमसंग सबै भन्दा नजिक भएको र लागत अनुमान भन्दा सारभुतरुपमा बढि नभएको र सारभुतरुपमा प्रभावग्राहि तपसिलको बोलपत्र स्विकृत गर्नको लागि मुल्याङ्कन समितिको मिति २०८३/०६/२० गतेको निर्णयानुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२)को प्रयोजनार्थ सम्बन्धित बोलपत्रको लागि यो आशयको सुचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | बोलपत्र नं. | कामको विवरण | छनोट भएको बोलपत्र दाताको नाम | ठेगाना | कबोल रकम (VAT र PS सहित) |
|---|---|---|---|---|---|
| १ | KSMC/NCB/GOODS-03-083/84 | Supply and Delivery of 18 Watt LED Bulb and Accessories | श्री सिंह ईलेक्ट्रिक स्टोर्स | कलैया-०१,बारा | रु.३८,९१,४७७.८९ |

**राजिव कुमार यादव**
**अधिकृत (सातौं तह)**

# मोबाइल फोन इम्पोर्टर्स एशोसिएसनको अध्यक्षमा दिपक कुमार मलहोत्रा




काठमाडौं (जस)-मोबाइल फोन इम्पोर्टर्स एसोसिएसनको बिहीबार काठमाडौंमा सम्पन्न दशौं वार्षिक साधारण सभाले दिपक कुमार मलहोत्राको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत रुपमा चयन गरेको छ । नवनिर्वाचित कार्यसमितिमा उपाध्यक्षमा सञ्जय अग्रवाल, सचिव प्रभाकर शम्शेर थापा तथा कोषाध्यक्ष रक्षित कुमार भिमसारिया चयन भएका छन् । त्यसैगरी सदस्यमा सुनिल अग्रवाल, पुलकित भिमसारिया, नितेश कुमार मुन्द्रा, प्रज्ञात तिमिल्सिना र अनमित्र शर्मा सर्वसम्मत चयन भए ।

नवनिर्वाचित अध्यक्ष मलहोत्राले संस्थालाई सर्वसम्मत रुपमा नयाँ नेतृत्व प्रदान गर्न सहयोग गर्ने सम्पूर्ण सदस्य तथा पदाधिकारीप्रति आभार व्यक्त गरे । उनले मोबाइल फोन व्यवसायलाई थप व्यवस्थित, मर्यादित, पारदर्शी र उत्तरदायी बनाउन तथा व्यवसायीका साझा समस्याको समाधानका लागि सम्बन्धित सरकारी निकाय एवं सरोकारवाला पक्षसँग प्रभावकारी समन्वय र सहकार्य गर्दै अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे ।

त्यसैगरी, नवनिर्वाचित उपाध्यक्ष सञ्जय अग्रवालले एशोसिएसनको संस्थागत सुदृढीकरणसँगै मोबाइल फोन व्यवसायको दिगो विकास र व्यवस्थित बजार निर्माणलाई प्राथमिकतामा राखेर आगामी कार्य अघि बढाउने बताए । साधारण सभामा उपाध्यक्ष सञ्जय अग्रवालले एसोसिएसनको वार्षिक कार्यप्रगति विवरण तथा कोषाध्यक्ष प्रभाकर शम्शेर थापाले वार्षिक आय-व्यय विवरण प्रस्तुत गरेका थिए । सभामा सदस्यले एशोसिएसनको कार्यसम्पादन, मोबाइल फोन व्यवसाय क्षेत्रमा देखिएका समसामयिक चुनौती, व्यवसायीका साझा समस्या तथा एशोसिएसनको आगामी कार्यदिशाका सम्बन्धमा आफ्ना धारणा र सुझाव प्रस्तुत गरेका थिए ।

# माछापुच्छ्रे बैंकलाई दुई अन्तर्राष्ट्रिय बैंकिङ अवार्ड




काठमाडौं (जस)-माछापुच्छ्रे बैंकले ग्राहक सेवा, डिजिटल नवप्रवर्तन तथा जोखिम व्यवस्थापनमा उत्कृष्ट कार्य गरेको भन्दै दुई प्रतिष्ठित अन्तर्राष्ट्रिय बैंकिङ अवार्ड प्राप्त गरेको छ । बैंकले इन्फोसिस फिनाकल इनोभेसन अवाड्र्स २०२६ अन्तर्गत 'म्याक्सिमाइजिङ कस्टमर एन्गेजमेन्ट' विधामा बैंकिङ अवार्ड प्राप्त गरेको जनाएको छ ।

ग्राहकको खाता खोल्नेदेखि बैंकिङ सेवासँग जोडिने प्रक्रियालाई सरल, सहज र प्रभावकारी बनाउने उद्देश्यले सञ्चालन गरिएको 'रिइन्भेन्टिङ कस्टमर अनबोर्डिङ' पहलका लागि बैंकलाई उक्त सम्मान प्रदान गरिएको हो । इन्फोसिस फिनाकल इनोभेसन अवाड्र्सले बैंक तथा वित्तीय संस्थाले प्रविधि, नवप्रवर्तन र ग्राहक केन्द्रित सेवाका क्षेत्रमा गरेका उत्कृष्ट कार्यलाई सम्मान गर्दै आएको छ । बैंकका अनुसार सन् २०२६ को संस्करणमा विश्वभरबाट नौ विधामा ५०० भन्दा बढी आवेदन परेका थिए ।

यस्तै, बैंकले 'बेस्ट पर्फर्मेन्स अन रिस्क म्यानेजमेन्ट' अवार्ड पनि प्राप्त गरेको छ । इन्डियन चेम्बर अफ कमर्सले नयाँ दिल्लीमा आयोजना गरेको साउथ इमर्जिङ एसिया बैंकिङ कन्क्लेभ एन्ड अवाड्र्स २०२६ मा बैंकलाई उक्त सम्मान प्रदान गरिएको हो । कर्जा जोखिम, सञ्चालन जोखिम, बजार जोखिम तथा तरलता जोखिम व्यवस्थापनका क्षेत्रमा बैंकले गरेको प्रयासको मूल्याङ्कन गर्दै उक्त पुरस्कार प्रदान गरिएको बैंकले जनाएको छ ।

बैंकका अनुसार पछिल्ला अन्तर्राष्ट्रिय सम्मानले ग्राहक केन्द्रित सेवा, डिजिटल प्रविधि तथा जोखिम व्यवस्थापनमा अघि बढाइएका पहललाई थप प्रोत्साहन गर्नेछ । बैंकले ग्राहकलाई सरल, सहज, छिटो र सुरक्षित बैंकिङ सेवा उपलब्ध गराउने उद्देश्यले डिजिटल प्रविधिको प्रयोगलाई निरन्तर विस्तार गर्दै आएको जनाएको छ । माछापुच्छ्रे बैंकले यसअघि पनि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मान प्राप्त गरिसकेको जनाएको छ । बैंकका अनुसार ८८भिसा लिडरशिप कन्क्लेभ अवार्ड २०२३ र २०२४, इन्फोसिस फिनाकल इनोभेसन अवार्ड २०२३ र २०२५ तथा राइजिङ स्टार इन एसेट क्वालिटी अवार्ड २०२५ लगायतका सम्मान बैंकले प्राप्त गरिसकेको छ ।

# भृकुटीमण्डपमा बजाज 'गेम अफ पावर' एक्सचेन्ज कार्निभल




काठमाडौं (जस)-नेपालका लागि बजाज मोटरसाइकलको आधिकारिक वितरक हंसराज हुलासचन्द एण्ड कम्पनी प्रा.लि. ले दशैं-तिहारलाई लक्षित गर्दै सञ्चालन गरिरहेको 'बजाज गेम अफ पावर' क्याम्पेन अन्तर्गत 'बजाज गेम अफ पावर एक्सचेन्ज कार्निभल' आयोजना गरेको छ । असोज २२ देखि २९ गतेसम्म भृकुटीमण्डप, काठमाडौंमा सञ्चालन हुने कार्निभलले ग्राहकलाई मोटरसाइकल अपग्रेडसँगै विभिन्न अफर र मनोरञ्जनात्मक गतिविधिकोअवसर प्रदान गर्नेछ ।

आफ्नो पुरानो मोटरसाइकललाई नयाँ बजाजमा परिवर्तन गर्न चाहने ग्राहकले यहाँ २२ भन्दा बढी मूल्यनिर्धारणकर्ताबाट आफ्नो बाइकको मूल्यांकन गराउन सक्नेछन् ।यससँगै नगद छुट, निःशुल्क एसेसरिज तथा तत्काल फाइनान्स सुविधा उपलब्ध भएकाले ग्राहकले आफ्नो आवश्यकताअनुसार नयाँ मोटरसाइकल रोज्न सक्नेछन् ।

मोटरसाइकल खरिद र एक्सचेन्जलाई मात्र केन्द्रमा नराखी कार्निभलमा 'शो योर पावर' लगायत विभिन्न सहभागितामूलक गतिविधिहरू पनि समावेश गरिएको छ । यसले बजाजका ग्राहक तथा मोटरसाइकलप्रेमीलाई दशैं-तिहारको अवसरमा आफ्नो रुचि र उत्साहसँग जोडिन थप अवसर दिनेछ ।

बजाजका अनुसार 'गेम अफ पावर' ले मोटरसाइकल, उत्साह र सहभागितालाई एउटै प्लेटफर्ममा जोड्ने उद्देश्य राखेको छ । एक्सचेन्ज कार्निभल त्यसैको प्रत्यक्ष अनुभव दिने अवसरका रूपमा ल्याइएको हो, जहाँ ग्राहकले आफ्नो पुरानो बाइकबाट नयाँ बजाजतर्फको यात्रालाई थप सहज र आकर्षक बनाउन सक्नेछन् । कार्निभलमा सहभागी हुन चाहने ग्राहकले असोज २२ देखि २९ गतेसम्म भृकुटीमण्डपमा पुगेर एक्सचेन्ज तथा उपलब्ध सुविधाबारे जानकारी लिन सक्नेछन् ।

# ग्लोबल आइएमई क्यापिटलद्वार वित्तीय साक्षरता कार्यक्रम सम्पन्न




काठमाडौं (जस)-ग्लोबल आइएमई क्यापिटल लिमिटेडले "विश्व लगानीकर्ता सप्ताह २०२६" को अवसरमा एक दिवसीय वित्तीय साक्षरता कार्यक्रम भव्यताका साथ सम्पन्न गरेको छ । धितोपत्र तथा पूँजी बजारसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने मूल उद्देश्यका साथ आयोजित उक्त कार्यक्रम आश्विन २१ गते, बुधबार भरतपुर महानगरपालिका स्थित बोस्टन इन्टरनेशनल कलेजमा सञ्चालन गरिएको थियो ।

कलेजमा स्नातक तहमा अध्ययनरत विद्यार्थीहरूको उत्साहजनक एवं सक्रिय सहभागिता रहेको थियो । कार्यक्रम अवधिभर सहभागी विद्यार्थीहरूलाई धितोपत्र बजार, सेयर लगानीका आधारभूत सिद्धान्त, जोखिम व्यवस्थापन तथा सुरक्षित लगानीका उपायहरूका विषयमा व्यावहारिक जानकारी गराइएको थियो ।

ग्लोबल आइएमई क्यापिटल लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्व एवं पूँजी बजारको दीगो विकासलाई ध्यानमा राख्दै भविष्यमा पनि यस्ता चेतनामूलक साक्षरता कार्यक्रमहरूलाई निरन्तरता दिँदै जाने प्रतिबद्धता व्यक्त गरेको छ र यसले पूंजी बजारको आभारभूत पक्षहरुको बारेमा सचेतना अभिवृद्धि हुने विश्वास लिएको छ ।

# एसियाका उत्कृष्ट होटेलको सूचीमा पाभिलियन्स हिमालयज



काठमाडौं (जस)-पोखरास्थित लक्जरी इको-रिसोर्ट द पाभिलियन्स हिमालयज, द फार्म सन् २०२६ को कोंडे नास्ट ट्राभलर रिडर्स च्वाइस अवाड्र्समा एसियाका उत्कृष्ट होटेलमध्ये छनोट भएको छ । दिगो पर्यटन, वातावरण संरक्षण र स्तरीय आतिथ्य सेवाका लागि परिचित पाभिलियन्स हिमालयजको यो उपलब्धिले अन्तर्राष्ट्रिय पर्यटन बजारमा नेपालको पहिचान थप बलियो बनाएको छ ।

प्राकृतिक वातावरणसँग समायोजन गरी सञ्चालनमा रहेको रिसोर्टले विलासी आतिथ्यसँगै वातावरणीय दिगोपन र जिम्मेवार पर्यटनलाई प्राथमिकता दिँदै आएको जनाएको छ । स्थानीय समुदायको सहभागिता र प्राकृतिक स्रोतको संरक्षणलाई पर्यटन व्यवसायसँग जोडेर रिसोर्टले सेवा तथा पूर्वाधार विकास गर्दै आएको छ । कोंडे नास्ट ट्राभलरले आयोजना गर्ने रिडर्स च्वाइस अवाड्र्स यात्रु तथा पाठकको रोजाइ र अनुभवमा आधारित हुन्छ । अवार्डमा विश्वभरका होटेल, रिसोर्ट, गन्तव्य तथा पर्यटन सेवाहरू समेटिन्छन् ।

अन्तर्राष्ट्रिय सूचीमा पाभिलियन्स हिमालयजको छनोटले नेपालको लक्जरी तथा इको-टुरिजमलाई विश्व पर्यटन बजारमा थप प्रवर्द्धन गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । यसले पोखरालाई उच्चस्तरीय र दिगो पर्यटन गन्तव्यका रूपमा स्थापित गर्न पनि योगदान पुग्ने विश्वास गरिएको छ ।

# नेपाल एसबिआई बैंकद्वारा इटहरी र इलाम शाखा स्थानान्तरण




काठमाडौं (जस)-नेपाल एसबिआई बैंक लिमिटेडले झापाको बिर्तामोडस्थित परोपकार तथा अनुसन्धान केन्द्रलाई अत्यावश्यक सामग्री सहयोग गरेको छ । असहाय, घरबारविहीन तथा शारीरिक वा मानसिक रूपमा अशक्त व्यक्तिहरूलाई सहयोग पुऱ्याउने उद्देश्यले बैंकले सामाजिक उत्तरदायित्वअन्तर्गत केन्द्रलाई विभिन्न सामग्री हस्तान्तरण गरेको हो ।

बैंकका प्रबन्ध निर्देशक तथा प्रमुख कार्यकारी अधिकृत रामकुमार तिवारीले केन्द्रका अध्यक्ष विष्णॅ कार्कीलाई उक्त सामग्री हस्तान्तरण गरे। कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत तथा प्रमुख सञ्चालन अधिकृत विकास आनन्द, प्रमुख वित्तीय अधिकृत राजेश कुमार पण्डा, प्रमुख व्यवसाय प्रवर्द्धन अधिकृत प्रबिण मनि बज्राचार्य, प्रमुख कर्जा अधिकृत रोशन कोइराला, कोशी प्रदेश प्रमुख दमयन्ती जोशीलगायत बैंक तथा केन्द्रका पदाधिकारीको उपस्थिति थियो ।

बैंकले समुदायस्तरमा सामाजिक उत्तरदायित्वअन्तर्गत यस्ता कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गर्दै आएको जनाएको छ । यसैबीच, नेपाल एसबिआई बैंकले इटहरी र इलामस्थित आफ्ना शाखा कार्यालयहरू नयाँ स्थानमा स्थानान्तरण गरेको छ । इटहरी उपमहानगरपालिका-१, धरान रोडमा रहेको इटहरी शाखा वडा नं.९ स्थित विष्ट कम्प्लेक्समा स्थानान्तरण गरिएको हो ।

त्यस्तै, इलाम नगरपालिका-१, इलाम बजारमा रहेको इलाम शाखा वडा नं. ७ स्थित इलाम बजारमै नयाँ परिसरमा स्थानान्तरण गरिएको बैंकले जनाएको छ । दुवै शाखाले नयाँ भवनबाट सेवा सञ्चालन सुरु गरेका छन् । नयाँ शाखा परिसरको उद्घाटन बैंकका प्रबन्ध निर्देशक तथा प्रमुख कार्यकारी अधिकृत रामकुमार तिवारीले गरेका थिए । नयाँ तथा सुविधासम्पन्न परिसरबाट ग्राहकलाई थप सहज र गुणस्तरीय बैंकिङ सेवा उपलब्ध गराउने बैंकको अपेक्षा छ । नेपाल एसबिआई बैंकले विगत ३३ वर्षदेखि नेपालमा बैंकिङ सेवा प्रदान गर्दै आएको छ ।

# एनआईसी एशिया बैंकका ग्राहकलाई नगरकोटस्थित होटल कन्ट्री भिल्लामा छुट



काठमाडौं (जस)-एनआईसी एशिया बैंक लिमिटेड र नगरकोट, काभ्रेस्थित होटल कन्ट्री भिल्ला प्रालिबीच बैंकका ग्राहक महानुभावहरूलाई उक्त होटलले प्रदान गर्ने विभिन्न सेवाहरूमा विशेष छुट प्रदान गर्ने सम्बन्धमा समझदारी पत्रमा हस्ताक्षर भएको छ । उक्त समझदारी पत्रमा बैंकको तर्फबाट ट्रान्जेक्सन बैंकिङ्ग प्रमुख पुजन लाल अमात्य र होटलको तर्फबाट फाइनान्स हेड सुरेन्द्र होराले हस्ताक्षर गरे ।

यस समझदारी अनुसार यस बैंकका ग्राहकले उक्त होटलमा सेवा लिँदा विभिन्न सेवाहरुमा १० प्रतिशतसम्म छुट सुविधा उपयोग गर्न सक्नेछन् । ग्राहक महानुभावहरुले होटलको आवासीय, खाना तथा पेय पदार्थ उपयोगमा उक्त छुट सुविधा प्राप्त गर्न सक्नेछन् । यस छुट सुविधा अन्तर्गत डिलक्स वर्गका विभिन्न कोठाहरुको आवासीय सेवा लिँदा सप्ताहन्त (शुक्रबार र शनिबार) मा ५ प्रतिशत छुट सुविधा रहेको छ भने खाना तथा पेय पदार्थमा १० प्रतिशत छुट सुविधा उपलब्ध रहेको छ । अन्य दिनहरुमा भने दुवै सेवामा १० प्रतिशत छुट सुविधाको उपयोग गर्न सक्नेछन् ।

यस सुविधाको उपयोग गर्न ग्राहक महानुभावहरुले यस बैंकको मोबाइल बैंकिङ्ग सेवा (मोबैंक), डेबिट कार्ड र क्रेडिट कार्ड प्रयोग गरी उक्त छुट सुविधा प्राप्त गर्न सक्नेछन् । उक्त होटलसँगको यस सहकार्यले ग्राहक महानुभावहरुलाई छुट सुविधा उपलब्ध हुनुको साथै मुलुकको डिजिटल भुक्तानी सेवालाई प्रवर्द्धन गरी नगदरहित कारोबारमा सहयोग पुग्ने बैंकले विश्वास लिएको छ ।

# एनएमबि बैंकको लाभांश घोषणा

काठमाडौं (जस)-एनएमबि बैंकले लाभांश घोषणा गरेको छ । बैंक सञ्चालक समितिको असोज २१ गते बसेको बैठकले ७ प्रतिशत लाभांश प्रस्ताव गरेको हो । बैंकले गत आर्थिक वर्ष २०८२/८३ को नाफाबाट हाल कायम चुक्ता पुँजी १९ अर्ब २८ करोड ५० लाख ४१ हजार रुपैयाँको करसहित ७ प्रतिशतका दरले १ अर्ब ३४ करोड ९९ लाख ५२ हजार रुपैयाँ लाभांश प्रस्ताव गरेको हो ।

NMB BANK
एनएमबि बैंक

यस्तै, ३ अर्ब रुपैयाँ एनएमबि अविमोच्य असञ्चिति अग्राधिकार सेयरका लागि ८.२५ प्रतिशतका दरले १२ करोड २० लाख ५४ हजार रुपैयाँ नगद लाभांश वितरण गर्ने भएको हो । बैंकले प्रस्ताव गरेको उक्त लाभांश नेपाल राष्ट्र बैंकबाट स्वीकृत भई आगामी वार्षिक साधारण सभाले पारित गरेपश्चात् सेयरधनीहरुलाई वितरण गरिने कम्पनी सचिव प्रमोद कुमार दाहालले जानकारी दिए ।

# नबिल एसएसईको फेलोसिप र सर्टिफिकेट कोर्सका लागि असोज २६ सम्म दिन सकिने




काठमाडौं (जस)-नबिल बैंकले नबिल स्कुल अफ सोसल इन्टरप्रेनरसिप (नबिल एसएसई) अन्तर्गत सञ्चालन हुने फेलोसिप तथा सर्टिफिकेट कोर्सका लागि आवेदन खुला गरेको छ । बैंकले नबिल एसएसई फेलोसिपको सातौं समूह तथा सर्टिफिकेट कोर्सको नयाँ समूहका लागि आवेदन आह्वान गरेको हो । सामाजिक तथा आर्थिक प्रभाव सिर्जना गर्ने उद्यमशील सोच भएका १८ वर्ष वा सोभन्दा माथिका नेपाली नागरिकले आवेदन दिन सक्नेछन् ।

फेलोसिप कार्यक्रम त्रिभुवन विश्वविद्यालयको स्कुल अफ म्यानेजमेन्टसँगको सहकार्यमा सञ्चालन हुनेछ । जसको अवधि ६ महिना रहने बैंकले जनाएको छ । बैंकका अनुसार छनोट भएका सहभागीले कार्यक्रममा कम्तीमा ९० प्रतिशत उपस्थिति जनाउनुपर्ने छ । त्यस्तै, तीन महिनाको सर्टिफिकेट कोर्स विद्यार्थी, प्रारम्भिक चरणका उद्यमी तथा सूक्ष्म एवं साना व्यवसायीलाई लक्षित गरिएको बैंकले जनाएको छ ।

कार्यक्रममा सहभागीले उद्यम विकास तथा विस्तारका लागि आवश्यक ज्ञान, सीप र क्षमता अभिवृद्धिको अवसर पाउनेछन् । व्यवसायिक अवधारणा विकास, उद्यम व्यवस्थापन, व्यवसाय मोडल निर्माण, व्यवहारिक सिकाइ, विशेषज्ञबाट मार्गदर्शन, सफल उद्यमीसँग अन्तरक्रिया तथा व्यावहारिक अनुभवसमेत कार्यक्रमका प्रमुख पक्ष रहेका छन् ।

बैंकका अनुसार सन् २०२१ देखि सञ्चालनमा रहेको नबिल एसएसईबाट हालसम्म १ हजार ५८० भन्दा बढी सहभागी लाभान्वित भइसकेका छन् । कार्यक्रमका सहभागीले ३१८ वटा उद्यम स्थापना गरेको र १९ हजार ३०३ जनाका लागि प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारी तथा जीविकोपार्जनका अवसर सिर्जना भएको बैंकको दाबी छ । इच्छुक नागसरकले नबिल बैंकको वेबसाइट www.nabilbank.com मा गई नबिल स्कुल अफ इन्टरप्रेनरसीप सेक्सनमार्फत आवेदन दिन सक्नेछन् । आवेदन असोज २६ गते अर्थात् अक्टोबर १२, २०२६ सम्म दिन सकिने बैंकले जनाएको छ ।

जनसवाल पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालयः दरबारमार्ग, काठमाडौं, फोन/फ्याक्सः ०१-५३६५६९७/५३२१८४९, मुद्रकः एक्सप्रेस कलर प्रेस प्रा.लि., E-mail janasawalnews@gmail.com, अध्यक्ष/सम्पादकः रामजी बगाले